# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपालमा विद्यालय वर्गिकरणलाई हेर्दा सामूदायिक विद्यालय र सस्थागत विद्यालय नामकरण गरी दुई प्रकारले विभाजन गरेको पाइन्छ । सामूदायिक विद्यालय भन्नाले नेपाल सरकारद्धारा संचालित गरिएको विद्यालयहरु र सस्थागत विद्यालयहरु भन्नाले अभिभावक, गुठी र लगानिकर्ताहरुबाट संचालित रहेको विद्यालयलाई बुझाँउछ । सामूदायिक विद्यालयहरुलाई पनि उप-वर्गिकरण अर्न्तगत : समुदायिक सहयोगमा संचालित, समुदायिक व्यवस्थापनमा संचालित र समुदायिक सहयोग बिना संचालित गरी तिन प्रकारले वर्गिकरण गरेको पाइन्छ । समुदायिक सहयोगमा सञ्चालित*(community-aided)* सामूदायिक विद्यालय भन्नाले शिक्षकको तलब र अन्य ब्यय (खर्चहरु) पूर्ण रुपमा सरकारले ब्यहोर्ने विद्यालयहरु, समूदायिक ब्यवस्थापनमा संचालित*(community-managed)* सामूदायिक विद्यालय भन्नाले शिक्षकको तलब र अन्य भण्डारणको*(found)* ब्यवस्था पूर्णरुपमा सरकारले बेहोर्ने तर त्यसको ब्यवस्थापनको उत्तरदायित्व समुदायलाई हुने र समुदायिक सहयोग बिना *(community-unaided)* संचालित विद्यालय भन्नाले सरकारको सहयोग प्राप्त नगर्ने अथवा आंशिक रुपमा सहयोग प्राप्त गर्ने विद्यालयहरुलाई बुझिन्छ (DOE. June 2011. p. 6.)।

शिक्षा ऐन २०२८ (सातौं संसोधन) र शिक्षा नियमावलि २०४९ ( छैठौं संसोधन) मा उल्लेख भए अनुसार, सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान वा स्वीकृत प्राप्त विद्यालयलाई बुझिन्छ । हामी जसलाई साधारण बोलिचालीको भाषामा सरकारी विद्यालयको नामले चिन्दछौं । जसमा सम्पूर्ण सेवा सुविधा नेपाल सरकारले प्रदान गर्दछ । त्यस्तै नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी स्वीकृति वा अनुमती पाएर सञ्चालित भएको विद्यालयलाई संस्थागत विद्यालय भनी चिन्दछौ । नेपाल सरकारले यस्ता विद्यालय सञ्चालन गर्नको लागि अनुदान नदिएको कारण विद्यालय सञ्चालनको लागि धेरै वा एक व्यक्तिको सहयोगबाट विद्यालयले आवश्यक रकमको जोह गर्दछन् । विद्यालयहरुमा अध्ययन गर्न चाहने सम्पूर्ण विद्यार्थीहरुलाई शिक्षा प्रदान गर्ने उद्देश्यले यस्ता सामुदायिक र संस्थागत विद्यालयहरु सञ्चालित गरिएको हुन्छ ।

सामूदायिक र सस्थागत विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अवस्थालाई अध्ययन गर्दा पाठ्यक्रम को अर्थ, परिभाषा र कार्यान्वयन भनेको के हो ? यस बारेमा बुझ्न आवश्यक छ । परम्परावादी धारणामा पाठ्यक्रमलाई विद्यालयको कक्षा कोठा भित्र सिक्ने विषयमा सिमित गरिएको पाइएतापनि आधुनिक धारणामा भने  जिवनब्यापी अनुभवहरुमा परिष्कृत गरिएको पाइन्छ । आधुनिक धारणा अनुसार विद्यालय भित्र र बाहिर जे जति शैक्षिक क्रियाकलापहरु विद्यार्थीका चौतर्फि ब्यक्तित्व

विकासका लागि संचालन गरिन्छ, त्यो सम्पूर्ण क्रिया प्रक्रियालाई पाठ्यक्रम भनिन्छ । यसमा विद्यार्थी र समाजका इच्छा र आकांक्षाहरु समावेश भएका हुन्छन् । यस भित्र शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य, विषयगत विशिष्ट तथा साधारण उद्देश्य, उद्देश्य प्राप्तिका लागि विषयबस्तुहरु, शिक्षण विधिहरु, क्रियाकलापहरु, पाठ्यक्रमको प्रभावकारिता जाँचका लागि मूल्याङ्कन समेत निर्धारण गरिएको हुन्छ (Sing. 2061 B.S., p. 3)। पाठ्यक्रमलाई परिभाषित गर्ने क्रममा विभिन्न बिद्वानहरुले फरक-फरक दृष्टिकोणले अर्थ्याएको पाईन्छ। जसमध्ये केही परीभाषाहरुलाई यहाँ प्रस्तुत गरिएको छ।

> "शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ " । – रा.शि.प.यो. २०२८–२०३२.

> "Curriculum can, however be defined anything in school, even outside of school (as long as it planned) as part of the curriculum." - John Dewey (1938) cited by Ornstein and Hunkins (2004). P.12.

> "Curriculum is defined as all the planned learning opportunities offered to learners by the educational institution and the experiences learners encounter when the curriculum is implemented." - Murray Print (1993). P. 9.

> "Curriculum to be composed all the experience of children has under the guidance of teacher. The curriculum plan must be used on consideration of all elements in the experience of the lerner." -Caswell & Campbell (1935) cited by Ornstein and Hunkins (2004). P.13.

> "Curriculum is an interaction between students and teachers that is designed to achieve specific educational goals." - UNICEF (2000)

समग्रमा माथि उल्लेखित पाठ्यक्रमका परिभाषाहरुको विश्लेषण गर्दा सबै परिभाषाहरुले पाठ्यक्रमलाई कार्यान्वयन सँग जोडेर हेरेको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना (रा.शि.प.यो. २०२८) ले लक्ष्य हासिल गर्न गराइएको कार्यक्रमको रुपमा पाठ्यक्रमलाई परिभाषित गरेको छ । लक्ष्य हासिल गर्ने कार्यक्रम भन्नाले पाठ्यक्रमको कार्यान्वयन चरणलाई ब्यापक रुपमा समेटेको पाइन्छ । त्यसैगरी Dewey ले विद्यालय भित्र वा विद्यालय बाहिर विद्यार्थीहरुले प्राप्त गर्ने अनुभवहरुको रुपमा, Print ले शिक्षण सस्थाद्धारा विद्यार्थीलाई प्रदान गरिने योजनाबद्ध सिकाई अवसर र अनुभवका रुपमा, Caswell र Campbell ले शिक्षकको निर्देशन अर्न्तगत विद्यार्थीहरुले प्राप्त गर्ने अनुभवहरुको संगठनको रुपमा र UNICEF ले विशिष्ट शैक्षिक लक्ष्यहरु हासिल गर्नका लागि शिक्षक र विद्यार्थीहरु बिच गरिने

अन्तर्क्रिया को रुपमा पाठ्यक्रमलाई परिभाषित गरेका छन् । उल्लेखित पाठ्यक्रमका सबै परिभाषाहरुले विद्यालय भित्र सञ्चालन हुने पाठ्यक्रम कार्यान्वयन क्रियाकलापलाई प्रमुखरुपमा समेटेको हुनाले यि परिभाषाहरु यस अध्ययन सान्दर्भिक मानिएको थियो ।

त्यसैगरी पाठ्यक्रम कार्यान्वयनको बारेमा कुरा गर्नुपर्दा निर्धारित शैक्षिक लक्ष्य प्राप्तिका लागि पाठ्यक्रमलाई व्यवहारिक रुपबाट विद्यालयिय अभ्यासमा लागु गराउनु नै पाठ्यक्रमको कार्यान्वयन हो । पाठ्यक्रमको सफल कार्यान्वयन त्यस प्रक्रियालाई मानिन्छ, जहाँ विद्यार्थीहरु सधैं चासोपूर्वक र नयाँपनको अनुभव गर्दछन । सफल पाठ्यक्रम कार्यान्वयन प्रक्रियालाई प्रभावकारी र स्तरयुक्त बनाई विद्यार्थीहरुमा सृजनशीलता, ज्ञान, सिप र धारणाको विकास, चिन्तन गर्ने शैलि तथा उनीहरुको सर्वाङ्गिण विकास गर्ने जस्ता पक्षको अपेक्षा पाठ्यक्रम कार्यान्वयनमा गरिएको हुन्छ ।

> पाठ्यक्रम कार्यान्वयनको परिभाषा दिदै Ornstein and Hunkins (2004) भन्दछन - "Curriculum implementation is an interaction process between those who have created the program and those who are charged with delivering it ." यस परिभाषाले पाठ्यक्रम कार्यान्वयनलाई व्यवस्थित अन्तक्रियात्मक प्रक्रियाको रुपमा परिभाषित गरेको पाइन्छ, जहाँ पाठ्यक्रम वा अन्य शैक्षिक कार्यक्रमका सृजनाकर्ता र त्यस कार्यक्रमका सहभागी बीच अन्तरक्रिया हुन्छ (Ornstein & Hunkins (2004). p. 298)।

> Marsh and Wills (1999) ले आफ्नो परस्तक Alternative Approaches & Ongoing Issues मा भन्दछन्  -" Curriculum implementation can be considered the process of enacting the planned curriculum. In other words curriculum implementation is the translation of a written curriculum into classroom practices." यस परिभाषा अनुसार पाठ्यक्रम कार्यान्वयन भन्नाले योजनावद्ध पाठ्यक्रमलाई क्रियात्मक कार्यमा लैजाने कार्यात्मक प्रक्रिया लाई बुझिन्छ । अर्को शब्दमा पाठ्यक्रम कार्यान्वयन भन्नाले पाठ्यक्रमलाई कक्षाकोठाको अभ्यासमा रुपान्तरण गर्ने प्रक्रिया हो (Marsh and Wills (1999). P.230-231)।

माथि उल्लेखित दुबै पाठ्यक्रम कार्यान्वयनका परिभाषाहरुले पाठ्यक्रम कार्यान्वयनलाई कक्षा कोठा शिक्षणसँग जोडेको पाइन्छ । Ornstein and Hunkins ले पाठ्यक्रम सृजनाकर्ता र सिकारु विचको अन्तरर्क्रिया र Marsh and Wills ले लिखित गरिएको वा योजना गरिएको पाठ्यक्रमलाई क्रियात्मक रुपमा लैजानु अर्थात कक्षा कोठामा अभ्यासमा हस्तान्तरण गर्नु भनेपनि यी दुबै को तार्किक

अर्थ एउटै हुन जान्छ, जुन कक्षाकोठामा पाठ्यक्रम कार्यान्वयन संग सम्बन्धित रहेको पाइन्छ । यी दुबै पाठ्यक्रम कार्यान्वयनका परिभाषाहरु पनि यस अध्ययनको शिर्शक सान्दर्भिक रहेको पाइन्छ ।

नेपालको सन्दर्भमा नि.मा.वि. तहको कक्षा ८ को पाठ्यक्रमलाई हेर्दा राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले अनिवार्य विषय अर्न्तगत नेपाली भाषा, समाजशास्त्र, प्रयोगात्मक गणित, व्यक्तिगत शारिरिक विकास र दुईवटा व्यावसायिक विषयहरुको ब्यवस्था गरेको पाइन्छ । त्यसैगरी सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ ले कक्षा ६, ७ र ८ का लागि नेपाली, अंग्रजी, सामाजिक ज्ञान, साधारण विज्ञान, गणित, शारिरिक तथा स्वास्थ्य शिक्षा र एउटा ऐच्छिक गरि ७०० पूर्णाङ्कको पाठ्यक्रमको व्यवस्था गरेको पाइन्छ भने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले २०१८ को सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदनले उल्लेख गरेको विषयहरुलाई नै निरन्तरता दिएको छ । त्यसैगरी राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले निम्न माध्यामिक तहको कक्षा ८ को पाठ्यक्रम संरचनामा नेपाली १०० पूर्णाङ्क, संस्कृत ५० पूर्णाङ्क, अंग्रेजी १०० पूर्णाङ्क, गणीत १०० पूर्णाङ्क, विज्ञान र वातावरण १०० पूर्णाङ्क, सामाजिक १०० पूर्णाङ्क, स्वास्थ्य र शारिरिक शिक्षा ५० पूर्णाङ्क, ऐच्छिक भाषा १०० पूर्णाङ्क र कला र पूर्वव्यावसायिक  शिक्षा ५० पूर्णाङ्कगरी जम्मा ९ वटा विषय र ७५० पूर्णाङ्कको व्यवस्था गरेको पाइन्छ । उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ अनुसार कक्षा ६, ७ र ८ को पाठ्यक्रम संरचनालाई हेर्दा कक्षा ६,७ र ८ को एउटै संरचना रहेको पाइन्छ । जसमा नेपाली १०० पूर्णाङ्क र पाठ्यभार ५ , गणीत १०० पूर्णाङ्क र पाठ्यभार ६, अंग्रेजी १०० पूर्णाङ्क र पाठ्यभार ६, सामाजिक १०० पूर्णाङ्क र ५, विज्ञान १०० पूर्णाङ्क र पाठ्यभार ५, स्वास्थ्य तथा शारिरिक शिक्षा ५० पूर्णाङ्क र पाठ्यभार ३, संस्कृत/नागरिक तथा नैतिक शिक्षा ५० पूर्णाङ्क र पाठ्यभार ३ ,जनसंख्या र वातावरण शिक्षा पूर्णाङ्क ५० र पाठ्यभार ३ र कला/पूर्वव्यावसायिक शिक्षा पूर्णाङ्क ५० र पाठ्यभार ३ गरी जम्मा ९ वटा विषय, ७०० पूर्णाङ्क र ३९ पाठ्यभार भएको पाठ्यक्रमको संरचना तय गरेको पाइन्छ (MOES, 2059 a) ।

२०६३ मा पाठ्यक्रम विकास केन्द्र भक्तपूरले राष्ट्रिय पाठ्यक्रम प्रारुपको निर्माण गरेको थियो, जुन परिक्षणको रुपमा राष्ट्रका केही विद्यालयहरुमा हाल कार्यान्वयनको अवस्थामा रहेको छ । यस प्रारुपले विद्यालयको संरचना लाई हेरफेर गरेको पाइन्छ । समग्र विद्यालयको सुधारका लागि पाठ्यक्रम प्रारुप- २०६३ ले विद्यालय तहको पाठ्यक्रम संरचनालाई मुख्यतया २ तहमा विभाजन गरेको पाइन्छ । ति दूई तह आधारभूत तह र माध्यमिक तह रहेका छन् । आधाभूत तह अर्न्तगतको प्रथम चरण अर्न्तगत कक्षा १, २ र ३, दोस्रो चरण अर्न्तगत ४ र ५, र तेस्रो चरण अर्न्तगत कक्षा ६, ७ र ८ रहेका छन् भने माध्यमिक तह अर्न्तगत कक्षा ९, १०, ११, र १२ रहेका छन् । यस माध्यमिक तहलाई पनि साधारण धार र व्यवसायिक धार भनेर २ प्रकारले विभाजन गरिएको पाइन्छ । आधारभूत तहको तेस्रो चरण कक्षा ६, ७ र ८ अर्न्तगत विद्यार्थीहरुलाई स्थानिय आवश्यकतामा आधारित विषयबस्तुहरु प्रदान गरिने बताइएको छ । उदाहरणका लागि स्थानिय आवश्यकतामा आधारित शिक्षणसिकाइको अध्ययन अर्न्तगत विद्यार्थीलाई

मातृभाषा वा सुचना तथा सञ्चार प्रविधि वा अन्य व्यवहारिक जीवनसँग सम्बन्धित विविध क्षेत्रहरु पशुपालन, पन्छिपालन, बागबानि, कृषि, बिज्ञान, र कम्प्युटर शिक्षा जस्ता बिषयहरु मध्ये छानेर अध्ययन गर्ने अवसर प्राप्त गरेको छ । साधारण जीवनका लागि आवश्यक सीपहरु जस्तैः अन्तरवैयक्तिक सीपहरु, स्वसचेतना सीपहरु र द्वन्द तथा तनाव व्यवस्थापनका सीपहरु समावेश गरी मिश्रित एवं एकिकृत पाठ्यक्रम दृष्टिकोणका माध्यमद्धारा पाठ्यक्रम विकास गर्ने लक्ष्य राखेको छ । यसप्रकार व्यवस्थित हुने आधारभूत तहको तेस्रो चरण कक्षा ६, ७ र ८ को विषयगत संरचनामा अनिवार्य विषयहरु अन्तर्गत : नेपाली, अंगेजी, गणीत, सामाजिक अध्ययन (जनसंख्या र नागरिक नैतिक शिक्षा समेत), विज्ञान (स्वास्थ्य, जनसंख्या र शारिरिक एंव वातावरण शिक्षा) र ऐच्छिक विषयहरु अन्तर्गत : मातृभाषा/सस्कृत/अन्य, स्थानिय विषय (पेशा, ब्यापार, व्यवसाय तथा अन्य) हरु रहेका छन् । संगठित सस्थाहरुबाट सञ्चालित शिक्षा पद्धतिमाथि उल्लेखित ५ वटा विषयहरु अनिवार्य रहेका छन् भने बाँकी दूई विषय ऐच्छिक (२०० पूर्णाङ्क) सम्बद्ध सस्थाअनुकुल राख्न सकिने ब्यवस्था गरेको छ । यस खालको व्यवस्थाले संगठित सस्थाबाट  सञ्चालित शिक्षालाई राष्ट्रिय मुल प्रवाहिकरण गर्न यथेष्ठ मदत पुग्न जाने देखिन्छ (CDC-2063)।

यस अध्ययन अनुसन्धानलाई उद्देश्य अनुरुप पूर्णरुप प्रदान गर्नका लागि मध्यपश्चिमाञ्चलको बाँके जिल्लालाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको थियो । बाँके जिल्लामा संचालित विद्यालयहरुको संख्यालाई हेर्दा जम्मा ४०९ वटा विद्यालयहरु संचालनमा रहेको पाइन्छ, जसमा ३०३ वटा सामूदायिक विद्यालयहरु रहेका छन भने १०६ वटा सस्थागत विद्यालयहरु रहेका छन् । ३०३ सामूदायिक विद्यालय मध्ये २४७ वटा सामूदायिक विद्यालयहरुमा र १०६ वटा सस्थागत विद्यालयहरु मध्ये ५७ वटा सस्थागत विद्यालयहरुमा गरी जम्मा ३०४ वटा विद्यालयहरुमा कक्षा ८ को पठन पाठन हुने गरेको शिक्षा विभागद्धारा प्रकाशित Consolidation Report -2011 मा उल्लेख गरेको पाइन्छ (DOE, 2011. Annex P. 8, 11 & 14)।

अन्तमा पाठ्यक्रम प्रारुप २०६३ र विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-२०७२) को मर्म अनुरुप विद्यालय संरचना प्रणालीलाई सुधारोन्मुख किसिमले परिवर्तन गर्ने लक्ष्यका साथ अगाडि बढाईएको परिवर्तित विद्यालय संरचना हाल कार्यान्वयनको अवस्थामा रहेको भएतापनि पूर्णरुपमा राष्ट्रभरिनै कार्यान्वयन हुन सकेको अवस्था छैन । उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले सिफारिस गरको पाठ्यक्रमलाई २०५८ सालमा शिक्षा सम्बन्धि उच्च स्तरिय कार्य समितिले पाठ्यक्रमका विषयवस्तुहरुमा सामान्य परिमार्जन गरेको पाइन्छ (Sharma, Gopinath. 2060) । हाल सबै निम्नमाध्यमिक विद्यालयमहरुमा २०५८ मा परिमार्जन गरिए अनुसारकै पाठ्यक्रम कार्यान्वयनमा रहेको पाइन्छ, जसमा सम्पूर्ण विषयको पूर्णाङ्क र पाठ्यभार उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ अनुसार पूर्णाङ्क ७०० र पाठ्यभार ३९ कायम गरीएको छ । मैले गरेको यस अध्ययन छनौटमा परेको सामूदायिक र संस्थागत विद्यालयहरुमा २०५८ को शिक्षा सम्बन्धि उच्च स्तरिय कार्य समितिले हेरफेर गरे अनुसारको कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको अवस्था के कस्तो रहेको छ, सो को तुलनात्मक अध्ययन सँग केन्द्रित रहेको छ ।

## १.२ समस्याको कथन

पाठ्यक्रम कार्यान्वयनको प्रमुख पक्ष भनेको शिक्षण रहेको छ । शिक्षण भन्नाले कक्षाकोठा भित्र शिक्षक विद्यार्थी बिचको अन्तर्क्रियात्मक प्रस्तुतिलाई जनाउँदछ । जसमा एउटा शिक्षक मुल प्रवाहको वाहकको रुपमा रहन्छ । जुनसुकै तहमा पनि शिक्षण सिकाई विद्यार्थीकेन्द्रित, सिकारु केन्द्रित हुनु पर्दछ तर शिक्षकले भोग्नु परेका बिभिन्न समस्याको कारणले सिकारु केन्द्रित विधि अपनाई शिक्षण गर्न सकेको देखिदैन । ति समस्याहरुमा भौतिक समस्या, आर्थिक समस्या, शैक्षिक समस्या, व्यवस्थापकीय समस्या, शिक्षण सामग्री, सुपरिवेक्षक र अवलोकनहरु जस्ता पक्षहरु रहेका छन् । यसरी विभिन्न समस्याबाट ग्रसित भएको अवस्थामा शिक्षकले कसरी शिक्षाको उज्यालो प्रकाश छर्न सकिन्छ त ? यो पनि विद्यमान शैक्षिक समस्याको रुपमा खडा भएको पाईन्छ ।

वर्तमान २१ औं शताब्दिको समयमा पनि सस्थागत शिक्षण कारखानामा सिमित मासिक तलवमा शिक्षकहरु आफ्नो श्रम बेच्न बाध्य भएको अवस्था पाइन्छ । विकाससिल देशको आर्थिक परिवेश, राजनैतिक खिचाँतानि र सामाजिक चेपुवा जस्ता समस्याले चाहदा-चाहदै पनि अगाडि बढ्न नसकिने र पेट पाल्नको लागि भएपनि महंगो श्रम सस्तोमा बेच्ने सस्थागत शिक्षाखानाको शिक्षकहरुको अवस्था हाल विद्यमान पाइन्छ । त्यसैगरी सामुदायिक विद्यालयहरुलाई सरकारले आफ्ना कार्यकर्ताहरु भर्तिस्थल गराउने, वि.स. २०५२ सालमा खोलिएको शिक्षा आयोग हाल सम्म पनि नखोल्ने, आ-आफ्ना भाइ भारदारहरुलाई शिक्षकको रुपमा प्रवेश दिनु र गुणस्तरिय शिक्षकले अवसर नपाउनु यि यस्ता कारणहरुले शिक्षा क्षेत्रमा ठूलो चुनौति खडा गरिदिएको छ । आफ्नो पेशा प्रतिको मानसिक सुन्तुष्टि बिनाको शिक्षकले शिक्षण कार्य प्रभावकारी रुपमा गर्न सक्छ त ? राजनैतिक छाँया मूनिबाट भर्ति भएका शिक्षक कर्मचारीहरुले गुणस्तरीय शिक्षा प्रदान गर्न सक्छन् त ? यो एउटा समस्याको मुद्दा रहेको छ । त्यसैगरी बेला बखतमा तिनै राजनैतिक छाँया मूनिका शिक्षकको हक अधिकारको नाममा हुने गरेको शैक्षिक आन्दोलनहरु, जसले समग्र शिक्षण क्रियाकलाप र पाठ्यक्रममको गुणस्तरिय कार्यान्वयनमा प्रभाव पारिरहेको छ (वाग्ले, २०६८) । यि-यस्ता खालका शैक्षिक आन्दोलनहरु जाहेज छन् त ? राजनैतिक छाँया मूनिका शिक्षकहरुले गुणस्तरिय शिक्षा प्रदान गरेका छन् त ? नयाँ जोश जागर र समय अनकुलका नविनतम ज्ञानका शिक्षाशास्त्रीहरुका लागि विद्यालय शिक्षकमा कहि ठाउँ छैन त ? के गुणस्तरीय शैक्षिक पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षा मन्त्रालय अन्तर्गतको शिक्षक सेवा आयोग देखाउने भवन मात्रै हो त ? यि यस्ता समस्याहरुले हाल राष्ट्रको शैक्षिक पाठ्यक्रम कार्यान्वयनमा सकारात्मक प्रभाव पार्न नसकेको म ठान्दछु ।

गुणस्तरिय र समयानकुल नयाँनयाँ ज्ञान र प्रविधि अनुकुल शिक्षा प्रदान गर्ने हेतुले स्थापना भएको शैक्षिक जनशक्ति विकास केन्द्रले समग्र राष्ट्रभरिनै शिक्षकको पेशागत दक्षता विकास गर्न विभिन्न किसिमका ३ महिने, १० महिने जस्ता सेवाकालिन तालिम, पूनर्ताजगी तालिम, शिक्षक प्रशिक्षण, गोष्ठी,

सेमिनार र कार्यशालाहरु सञ्चालन गर्दै आएको पाइन्छ । तालिम प्राप्त शिक्षकहरुले वास्तविक रुपमा शिक्षणमा आफूले सिकेका कुराहरु लागु गरेका छन् त ? यो कुरा पनि एक जटिल प्रश्नका रुपमा रहेको पाइन्छ ।

अन्तमा हाम्रो राष्ट्रको वर्तमान शैक्षिक प्रणाली र गतिविधिलाई स्मरण गर्दा समय समयमा पाठ्यक्रम बदलिनु तर समयमै सबै स्थानका विद्यालयहरुमा पाठ्यपुस्तकहरु नपुग्नु, विभिन्न कारणले शिक्षण सामग्री नपाउनु, पाठ्यक्रम कार्यान्वयन, मूल्याङ्कन, पृष्ठपोषण जस्ता महत्वपूर्ण कार्यहरुमा शिक्षकले सममयमै सुझावहरु नपाउनु, विद्यालयमा योग्य शिक्षक र तालिम प्राप्त शिक्षकको कमि हुदा समयमै विषयबस्तुबारे विद्यार्थीले आवस्यक ज्ञान नपाउनु जस्ता शैक्षिक समस्याहरुका कारण गुणस्तरिय शिक्षामा धक्का लागेको पाइन्छ । यस्तो अवस्थामा विद्यालयमा विद्यालयले पाठ्यक्रमको कार्यान्वयन कसरी गरेको छ ? विद्यार्थीहरुले लागु भइरहेको पाठ्यक्रम प्रति कस्ता अपेक्षा राख्छन् ? पाठ्यक्रमको उद्देश्य अनुसार पाठ्यक्रम कार्यान्वयन भएको पाइन्छ त ? सस्थागत विद्यालयमा शिक्षकका व्यक्तिगत देखि पेशागत समस्याहरु विद्यमान हुँदा-हुँदै पनि किन सामूदायिक विद्यालयको भन्दा शैक्षिक उपलब्धि राम्रो छ त ? किन सामूदायिक विद्यालयको शैक्षिक उपलब्धि खस्कदो छ त ? यसरी शैक्षिक क्षती हुनुमा कारक तत्व के रहेको छ त ? यसमा विद्यालयको पाठ्यक्रमको कार्यान्वयनको अवस्थाले कस्तो प्रभाव पारेको छ त ? शिक्षणमा लगानी बढ्दो भएतापनि किन उपलब्धि खस्कदो छ त ? यि आदि प्रश्नहरुको जिज्ञासालाई मेटाउन सस्थागत र सामूदायिक विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गर्न मैले यस अध्ययनको शिर्षक “सस्थागत र सामूदायिक विद्यालयमा कक्षा ८ को पाठ्यक्रमको कार्यान्वयनको तुलना” छनोट गरेको थिए ।

### १.३ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनमा निम्न अनुसन्धानात्मक प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको थियो :

क) विद्यालय सञ्चालनका लागि तयार गरिएका योजनाहरु के कस्ता छन् ?

ख) पठनपाठनका लागि आवश्यक पाठ्यक्रम र पाठ्यपूस्तक के कस्ता छन् ?

ग) पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक पूर्वाधारहरुको पस्थिति के कस्तो रहेको छ ?

घ) पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक शिक्षकको व्यवस्थापन के कसरी भएको छ ?

ङ) पाठ्यक्रम कार्यान्वयनका लागि विद्यार्थीहरुको व्यवस्थापन के कस्तो रहेको छ ?

च) विभिन्न विषयहरुमा कक्षा क्रियाकलापहरुको अवस्था कस्तो रहेको छ ?

छ) विद्यार्थीहरुमाझ अतिरिक्त क्रियाकलापको अवस्था कस्तो रहेको छ ?

ज) विद्यार्थी मूल्याङ्कन पद्वतिको अवस्था के कस्तो रहेको छ ?

## १.४ अध्ययनको औचित्य

आजको प्रतिस्प्रधात्मक, बदलिदो, वैज्ञानिक, व्यवहारिक र सिपमुलक समयमा राष्ट्रको शिक्षा व्यवस्था पनि त्यहीँ अनुरुप हुनु आवश्यक छ । बदलिदो परिस्थिती अनुरुपको शिक्षाका राष्ट्रिय उद्देश्यहरु प्राप्ति गर्ने उद्देश्यका साथ निर्माण गरिएको विद्यालय तहको पाठ्यक्रम कार्यान्वयनका लागि प्रमुखतः दुइ किसिमका शैक्षिक सस्थाहरु विद्यमान रहेका छन् । यि दुइ किसिमका सामूदायिक र सस्थागत विद्यालयहरु जसले राष्ट्रिय रुपमा निर्माण गरिएका विद्यालय तहका शैक्षिक पाठ्यक्रमहरु लाई विद्यालयमा कार्यान्वयन गरिरहेका छन् र जसबाट राष्ट्र विकास गर्न सक्ने गुणस्तरिय नागरिक तयार पारिरहेका छन् । सामूदायिक र सस्थागत विद्यालयमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयन अवस्थाको तुलनात्मक अध्ययन गरिएको यस अ्ध्ययन-अनुसन्धानको औचित्य निम्न हुन सक्ने अपेक्षा राखेको छु ।

क) शिक्षण विधि सम्बन्धी आदर्शवादी, यथार्थवादी, प्रकृतिवादी, अस्तित्ववादी र प्रयोजनवादी धारणाहरुको शिक्षण सिकाई प्रक्रियामा प्रयोगको अवस्था के–कस्तो रहेको छ थाहा पाउन र शैक्षिक व्यवस्थापनका शैक्षिक बिकेन्दिकरण र शैक्षिक निजिकरण व्यवस्था प्रणालीको प्रभावकारिता थाहा पाउन ।

ख) सामुदायिक र सस्थागत विद्यालयमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक विद्यमान अवस्था थाहा पाउन चाहाने सम्बन्धित विषय शिक्षकहरु, पाठ्यक्रमविद्हरु र सम्पुर्ण सरोकारवाला व्यक्तिहरुको निमित्त सहयोगी समाग्रीको रुपमा ।

ग) यस अध्ययनकार्य संग सम्बन्धित सरोकार राख्ने व्यक्तिहरु र निकायहरुका लागि सामुदायिक र संस्थागत विद्यालयहरुमा रहेको शिक्षण सिकाइ क्रियाकलापको विद्यमान अवस्था विद्यार्थीको उपलब्धिको विद्यमान अवस्था शिक्षकहरुको पेशागत दक्षता पाठ्यक्रम कार्यान्वयनका विद्यमान समस्या र समाधानमा अपनाएका उपायहरु थाहा पाउन ।

घ) सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गर्न चाहने अन्य शैक्षिक व्यक्तिहरु, विद्यार्थी साथिहरु, सरोकारवाला निकायहरु तथा अनुसन्धानकर्ताहरुको लागि सम्बन्धित आधार साहित्यको रुपमा ।

ङ) अध्ययनमा समावेश विषयहरु संग सम्बन्धित विशेषज्ञ तथा विषय शिक्षकहरु पाठ्यक्रम कार्यान्वयनसंग सम्बन्धित सरोकारवालाहरु सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक साथीहरु र शिक्षा प्रेमीहरुलाई सामुदायिक र सस्थागत विद्यालयको कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनक्रममा देखिएका समस्याहरुका आधारमा पाठ्यक्रमको योजना गर्न, पाठ्यक्रमको परिमार्जन गर्न, पाठ्यक्रम कार्यान्वयन पक्षलाई सुधार गर्न, सामुदायिक र संस्थागत नि.मा.वि. तहमा समान किसिमको कक्षा संचालन गर्न, शिक्षकलाई उपयुक्त किसिमको तालिमको व्यवस्थापन गरि शिक्षण सिकाई क्रियाकलापमा सुधार ल्याई आवश्यक शैक्षिक सामाग्री प्रदान गर्न र समग्र शैक्षिक क्षेत्रको पाठ्यक्रम कार्यन्वयनमा सुधार गर्न यस अध्ययनले सुझावको रुपमा भूमिका खेल्ने छ ।

## १.५ अध्ययनको उद्देश्य

कुनै पनि कार्य गर्नुका पछाडि केहि न केहि उपलब्धिको आशा पक्कै गरिन्छ । उक्त उपलब्धिलाई पूर्व स्थापना गरी सोहि अनुरुप कार्य गर्नु पर्ने हुन्छ । उद्देश्य विनाको कार्यले सफलता प्राप्त गर्न सक्दैन र त्यसको मूल्याङ्कन समेत गर्न सकिदैन, तसर्थ उद्देश्य निर्माण गर्नु भनेको लक्ष्य प्राप्त गर्ने बाटाहरुको चयन गर्नु हो । उद्देश्यको प्राप्तिबाट नै लक्ष्यमा पुग्न सकिन्छ । यो अनुसन्धानात्मक कार्यलाई निश्चित रुपले छोटो समय र सिमित स्रोतको उपयोगबाट उपलब्धिहरु हासिल गराउन सक्ने दृढ विश्वासका साथ निम्न उद्देश्यहरु चयन गरेको थिए ।

क) पाठ्यक्रम कार्यान्वयनका लागि गरिने आवश्यक तयारी अर्न्तगत योजनाहरु, दस्तावेजहरु, पूर्वाधारहरु र शिक्षक-विद्यार्थी व्यवस्थापनको अवस्था तुलना गर्नु ।

ख) कक्षा क्रियाकलाप, अतिरिक्त क्रियाकलाप र विद्यार्थी मूल्याङ्कन क्रियाकलापहरुको अवस्था तुलना गर्नु ।

## १.६ अध्ययनको परिसिमा

कुनैपनि अध्ययनको सिमाङ्कन गरिनु अति आवश्यक हुन आउछ । निश्चित र निर्धारित सिमा भित्र रहि गरिएको अध्ययन अनुसन्धान सटिक, ब्यवहारिक र रुचिकर हुने गर्दछ । जसले गर्दा निर्धारित उद्देश्य अनुसारका उपलब्धिहरु हासिल गर्न सजिलो हुन्छ । तसर्थ सामूदायिक र सस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अवस्था पहिचान गर्न गरिने यस अध्ययनलाई निम्न सिमा भित्र रहेर पुरा गरिने छ ।

क) यस अध्ययन सामूदायिक र सस्थागत विद्यालयमा कक्षा ८ को सम्पुर्ण विषयको पाठ्यक्रम कार्यान्वयनको तुलनासँग मात्र केन्द्रित रहेको थियो ।

ख) शिक्षा सम्बन्धि उच्च स्तरिय कार्य समिति २०५८ ले सामान्य परिमार्जन गरेको उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले निर्धारण गरे अनुसारको कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलनासँग केन्द्रित रहेको थियो ।

ग) जसको लागि बाँके जिल्ला अर्न्तगतको श्री त्रिभुवन उच्च मा.वि. स्रोत केन्द्र अर्न्तगतको सामुदायिक विद्यालय श्री सगरमाथा ज्ञानपुञ्ज उच्च माध्यामिक विद्यालय रझेना र संस्थागत विद्यालय श्री दिपज्वति मा.वि.चप्परगौढी गरि जम्मा २ वटा विद्यालयमा मात्र सिमित रहेको छ ।

घ) अनुसन्धानमा आवस्यक सूचना संकलन गर्न परिच्छेद तीनको अनुसन्धान ढाँचामा उल्लेख भए बमोजिमका साधनहरुको मात्र प्रयोग गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्ययनलाई अझ नयाँ ढाँचा र पारदर्शि तरिकाले अगाडि बढाउनको लागि सम्बन्धित सैद्धान्तिक आधारहरु, सम्बन्धित अध्ययन अनुसन्धानहरु र अवधारणात्मक धारणाको अध्ययन र समिक्षा गर्ने कार्य एक निकै महत्वपूर्ण कार्य हुन आउछ । अध्ययनको क्रममा आउने दुविधा र अस्पष्टताहरुमा बाटो पहिल्याउने हेतुले यस अध्ययनसंग सम्बन्धित साहित्यहरु अन्तर्गत विद्यालय व्यवस्थापनसंग सम्बन्धित सिद्वान्तहरु, शिक्षण बिधि संग सम्बन्धित सिद्वान्तहरु, सम्बन्धित परिभाषाहरु, गुणात्मक मूल्याङ्कनका नमुनाहरु, सम्बन्धित अध्ययन अनुसन्धानका प्रतिवेदनहरु र अवधारणात्मक धारणाहरुको अध्ययन गरिएको थियो । जसमध्ये केहि आवश्यक र सान्दर्भिक अध्ययनहरुलाई यहाँ उल्लेख गरिएको छ ।

## २.१ सैद्वान्तिक आधारहरु

यस अध्ययनलाई पारदर्शी र नयाँ ढगबाट अगाडि बढाउनका लागि दुई वटा फरक विचार धाराका बारेमा अध्ययन गरिएको थियो । ती पूर्व अध्ययहरु मध्ये विद्यालय व्यवस्थापन प्रणाली सिद्वान्तहरु, शिक्षण बिधि सम्बन्धित सिद्वान्तहरु,सम्बन्धित परिभाषाहरु र गुणात्मक मूल्याङ्कनका नमुनाहरुलाई यहाँ समिक्षात्मक रुपले प्रस्तुत गरिएको छ, जसले सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गर्नको लागी आधार प्रदान गरेको थियो ।

### २.१.१ विद्यालय व्यवस्थापनसंग सम्बन्धित सिद्वान्तहरुको समिक्षा

यस अध्ययन संग सम्बन्धित सैद्धान्तिक आधारहरुको अध्ययनगर्ने क्रममा विद्यालय व्यवस्थापन प्रणालि सम्बन्धि अध्ययन गरिएको थियो । विद्यालय व्यवस्थापन प्रणालि अन्तर्गतका विभिन्न सिद्वान्तहरु मध्ये कुन सिद्वान्त यस अध्ययन संग बढी मात्रामा सान्दार्भिक रहेको छ र कुन सिद्वान्तलाई यस अध्ययनको केन्द्रबिन्दु मान्न सकिन्छ त्यसको अध्ययन यहाँ सान्दर्भिक रहेको छ, तसर्थ विद्यालय व्यवस्थापन प्रणालि सम्बन्धि अध्ययनबाट प्राप्त सैद्वान्तिक कुराहरुलाई यहाँ समिक्षात्मक रुपले प्रस्तुत गरिएको छ । जसले सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गर्नको लागी सान्दार्भिक आधार प्रदान गरेको छ ।

**क) राष्ट्रियकरणको सिद्वान्त :-** शैक्षिक राष्ट्रियकरण भन्नाले निजि स्वामित्वमा भएका शैक्षिक संघ, सस्था, गुठी, विद्यालयहरुलाई राष्ट्रिय स्वामित्वमा लानुपर्ने कुरालाई बुझिन्छ । हाल संस्थागत विद्यालयको चर्को शुल्क लिने, विद्यालयको मनोमानी ढंगले शुल्क लिने, शिक्षा ऐन-नियमावली जस्ता कुराको पूर्ण रुपमा पालना नगर्ने, विद्यालयबाट पोशाकहरु वितरण गर्ने, पुस्तक विद्यालय आफैले छानेर

अस्विकृत पुस्तकहरु पठनपाठन गराउने, अनावश्यक निति नियम लाद्ने जस्ता कारणहरुलाई आधार मानी कतिपय सरोकारवाला व्यक्तिहरु र विशेषगरी अभिभावकहरुले सम्पूर्ण संस्थागत विद्यालयहरुलाई राष्ट्रियकरण गरिनुपर्ने आवाज बेला बेलामा उठाइरहेका छन् । सस्थागत विद्यालयहरु राष्ट्रियकरण गर्दैमा गुणस्तरमा सुधार आउछ त ? सस्थागत विद्यालयको मनोमानी हट्न सक्दछ त ? यि-यस्ता प्रश्नहरुले राष्ट्रियकरण र निजिकरणको सिद्धान्तलाई चुनौतिखडा गरिदिएको पाइन्छ । आजको जस्तो बदलिदो समय र राष्ट्रको संघिय अग्रपथलाई विश्लेषण गर्दा राष्ट्रियकरण प्रणालीमा विद्यालयहरुलाई व्यवस्थापन गर्नु अलि असान्दार्भिक हुने ठानी यस अध्ययनमा राष्ट्रियकरण प्रणाली अव्यवहारिक र बेमेल रहेको महसुस गरेको थिए ।

**ख) शैक्षिक केन्द्रिकरणको सिद्धान्त :-** राज्यको राज्यसत्ता, सार्वभौम, शासकिय स्वरुप, प्रशासनिक स्वरुप, कार्यप्रणाली जस्ता काम कर्तव्य र अधिकारहरु केन्द्रिय तहमा निहित हुनुलाई नै हामी केन्द्रिकरण प्रणाली भनेर चिन्ने गर्दछौ । शैक्षिक प्रशासनको कुरा गर्दा केन्द्र देखि स्थानिय तह सम्मका शैक्षिक काम कर्तव्य र अधिकारहरु केन्द्रमा निहित हुनु नै शैक्षिक केन्द्रिकरण हो । समग्र राष्ट्र भरि नै शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने पाठ्यपुस्तक, शिक्षक, पूर्वाधार आदि पक्षहरुलाई ख्याल गरी शैक्षिक उद्देश्य, विषय र विषयवस्तु, शिक्षण क्रियाकलापहरु र मूल्याङ्कन जस्ता कुराहरुको निधो केन्द्रिय तहबाट तयार गरी लागु गरीने पाठ्यक्रम केन्द्रिकृत पाठ्यक्रम हो ।

नेपालको परिवेशमा कुरा गर्नुपर्दा वि.स. १९१० मा औपचारिक विद्यालयको स्थापना भएपश्चात केन्द्रिकृत पाठ्यक्रमको हावि भएको र २०२८ साल देखि शिक्षमा एकरुपता कायम गर्न विद्यालय शिक्षाको राष्ट्रियकरण गरिएको पाईन्छ । राष्ट्रले तोकेका शिक्षाका राष्ट्रिय उद्देश्यहरु परिपूर्ति गर्ने क्रममा शिक्षा मन्त्रालय अर्न्तगतका केन्द्रिय मातहतका शैक्षिक निकायहरुले नै राष्ट्रभरीलाई आवश्यक पर्ने शैक्षिक निति, नियम, पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्रीका प्रकारहरु, शैक्षिक उद्देश्यहरु, शैक्षिक विषयवस्तुहरु र कार्यान्वयन पद्धति निर्माण गरी राष्ट्र भरी एउटै केन्द्र स्तरबाट निर्माण गरिएको पाठ्यक्रम लागु गर्नुपर्दछ र समग्र राष्ट्रबाट केन्द्रको अपेक्षा अनुरुपको जनशक्ति उत्पादन हुनु पर्दछ भन्ने कुरा शैक्षिक केन्द्रिकरण सिद्धान्तले गर्दछ । शैक्षिक केन्द्रिकरण सिद्धान्तले राष्ट्रका सम्पूर्ण स्थानिय तह सम्मका शैक्षिक काम कर्तव्य र अधिकारहरु केन्द्रिय तहका व्यक्तिहरुमा राखेको हुन्छ । साथै यस केन्द्रिकरण सिद्धान्तले राष्ट्रको फरक- फरक भौगोलिक दृष्टिकोण, फरक-फरक शैक्षिक पृष्ठभूमि फरक-फरक आर्थिक अवस्था, फरक मनोवृत्ति, फरक चाहना, फरक भाषा-लिपि र वर्ण जस्ता व्यक्तिहरुको लागि केन्द्रिय तहबाटै एउटै किसिमको शैक्षिक परिवेश वा पाठ्यक्रमको सिर्जना गर्ने कुरा गर्दछ ।

भैगोलिक अवस्थिती, शैक्षिक परिस्थिती र भाषागत अवस्थिती जस्ता पक्षमा विविधता रहेको हाम्रो मुलुकमा बदलिदो परिस्थिती सँगै शैक्षिक केन्द्रिकरणको सिद्धान्तका बारेमा धेरै आलोचना हुन थालेपछि र समग्र राष्ट्रको शैक्षिक हितकर हुन कहि कतै अप्ठ्यारा कुराहरु सिजना भएपछि शैक्षिक

केन्द्रिकरण प्रणालीको पुरक र सहयोगिका रुपमा अन्य ब्यवस्थाहरुको माग भइरहेको पाइन्छ । राष्ट्रभरिनै एउटै केन्द्रिय पाठ्यक्रमिय पद्धतिबाट शिक्षा प्रणाली चल्नु शिक्षण सिकाई माथिल्ला तहका ब्यक्तिहरुको इच्छामा निहित हुनु जस्ता कारणले गर्दा केन्द्रिकरण शिक्षा प्रणाली हालको समयमा असफल हुदै गएको पाइन्छ । मैले गरेको यो अध्ययन विद्यालयमा पाठ्यक्रम कार्यान्वयन संग सम्बन्धित रहेको अर्थात स्थानिय स्तरमा सम्बन्धित रहेको छ भने यस केन्द्रिकरण शैक्षिक व्यवस्थापन प्रणाली केन्द्रिय प्रवृत्तिको केन्द्र केन्द्रित शैक्षिक ब्यवस्था प्रणालि हो तसर्थ यस सामूदायिक र सस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गर्ने सन्र्दभमा यस केन्द्रिकरण शैक्षिक ब्यवस्था प्रणालिको सामान्यीकरण असान्दर्भिक हुन गएको थियो ।

ग) **निजिकरणको सिद्वान्त :-** निजिकरण भन्नाले सरकारी स्वामित्वमा रहेका कुराहरुलाई ब्यक्तिकरण गर्नु भन्ने बुझिन्छ र शैक्षिक निजिकरण भन्नाले सरकारी स्वामित्वमा रहेका सम्पूर्ण विद्यालयहरु, पाटि पौवाहरु, विश्वविद्यालयहरु लाई सरकारी स्वामित्वबाट हटाई ब्यक्तिकरणमा सुम्पिनु भन्ने बुझिन्छ । तत्कालिन श्री ५ को सरकारले प्रकाशमा ल्याएको “राष्ट्रिय मुलनिति-२०४२“ मा शिक्षामा निजिकरणलाई (Privatization) प्रोत्साहन गर्ने कुरा उल्लेख गरिएको पाइन्छ साथै शिक्षाको क्षेत्रमा जनसहभगागितालाई ब्यापक रुपमा बढवा दिई जन सञ्चालनबाट विद्यालयको ब्यवस्थापन र सञ्चालन गर्न भनि उल्लेख गरिएको पाईन्छ । तत्कालिन श्री ५ को सरकारले निजि लगानिमा आवश्यक विद्यालयलाई अनुमति वा स्विकृति दिन थालेपछी सवारी साधनको सुविधा देखायर धमाधम विद्यालयहरु खुलेको पाइन्छ (Sharma, Gopinath,2060. P. 335) । सरकारी विद्यालयहरु नीजिकरण गर्दैमा समग्र शैक्षिक गुणस्तरमा सुधार आउछ त ? विविध क्षेत्रका शिक्षाविदहरुले आ-आफ्नो क्षेत्रबाट आ-आफ्ना सिद्धान्त अनुसार शिक्षाप्रणाली हुनुपर्ने बेला बेलामा बोल्ने गरेको पाइन्छ । यसै सिलसिलामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर दिन दिनै खस्कदै गएको र सामुदायिक विद्यालयको ब्यवस्थित सुदृढिकरण हुन नसकेको जस्ता कारणहरु प्रस्तुत गरि सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई निजिकरण गरिनुपर्ने कुराहरु यत्र तत्र फैलिएको पाईन्छ । तसर्थ सरकारी विद्यालयहरुको दिन दिनै खस्कदो शैक्षिक स्थितिलाई सुधार गर्नका निमित्त सरकारी स्वामित्वमा रहेका सबै विद्यालयहरु निजिकरण हुनुपर्दछ भन्ने मान्यता निजिकरणवादीहरुको रहेको छ ।

स्थानिय स्तरको विद्यालयलाई केन्द्रिय स्तरबाट ब्यवस्थापन गर्न एक अब्यावहारिक र असफल शिक्षा पद्धति हुन जाने भएकाले राष्ट्रियकरण गरिएको विद्यालयहरुलाई निजिकरणतर्फ लैजानु राष्ट्रियकरणको तुलनामा सान्दर्भिक रहेको मानिन्छ । जसले गर्दा स्थानिय स्तरका समस्याहरु स्थानिय तहमै समाधान गर्न सरल हुने गर्दछ । निजिकरण शैक्षिक ब्यवस्थापन प्रणालीमा आवश्यकता अनुसारको स्थानिय परिवेश अनुकुलको भाषागत मिलान भएको र दक्ष शिक्षक छनोट गर्न, विद्यालयलाई आवश्यकमात्रामा सुधार गर्न र समग्र शैक्षिक गुणस्तर सुधार गर्न अन्य माथि उल्लेखित अन्य शैक्षिक ब्यवस्थापन प्रणालिहरु भन्दा सरल हुने देखिन्छ । पाठ्यक्रम कर्यान्वयनमा देखिएका समस्याहरु पनि

आफैले गर्न सकिने देखिन्छ । यसरी हेर्दा निजिकरण शैक्षिक व्यवस्थापन प्रणालिको शैक्षिक विकेन्द्रिकरण प्रणालिसँग निकटतम सम्बन्ध रहेको पाइन्छ । यस शैक्षिक निजिकरण व्यवस्था प्रणालि राष्ट्रियकरण व्यवस्था प्रणालि र केन्द्रिकरण व्यवस्था प्रणालिको तुलनामा पाठ्यक्रम कार्यान्वयनसँग बढि नजिकको सम्बन्ध रहेको पाइन्छ । यस अध्ययनको शिषर्क सामूदायिक*(सरकारी)* र सस्थागत*(नीजि)* विद्यालयमा पाठ्यक्रम कार्यान्वयनसँग सम्बन्धित भएकोले यस नीजिकरणको सिद्धान्त केहि मात्रामा यस अध्ययनसँग सार्न्दभिक मानिएको थियो ।

**घ) शैक्षिक विकेन्द्रिकरणको सिद्धान्त :-** राज्यको माथिल्लो निकाय केन्द्रिय तहमा निहित रहेको काम कर्तव्य र अधिकारलाई बाँडेर तल्लो वा स्थानिय स्तर सम्म सुम्पने एक व्यवस्थित प्रकृयालाई हामी विकेन्द्रिकरण भनेर चिन्ने गर्दछौ । विकेन्द्रिकरण केन्द्रिकरणको विकल्पको रुपमा नभएर यि एक अर्कामा परिपुरकभएर मिश्रित रुपमा कार्यान्वयन भएको पाइन्छ । यि दूवैको आ-आफ्नो स्थानमा आ-आफ्नै महत्व र आवश्यकता रहेको छ । त्यसैगरी शैक्षिक व्यवस्थापनको कार्यलाई व्यवस्थित रुपमा स्थानिय स्तरसम्म पु¥याउने कार्य नै शैक्षिक विकेन्द्रिकरण हो । स्थानिय जनताका शैक्षिक चाहना तथा शैक्षिक अवस्थाहरुलाई यिनिहरुकै सहभागिता र जिम्मेवारीमा सञ्चालन गर्ने गराउने कार्य-प्रकृया शैक्षिक विकेन्द्रिकरण हो । केन्द्रियस्तरबाट स्थानिय शैक्षिक आवश्यकता परिपूर्ति र समस्या समाधान गर्न कठिन हुने हुनाले स्थानिय निकाय एवं समुदायलाई शैक्षिक विकासका कार्यक्रममा सहभागी बनाई जिम्मेवार बानाउने काम शैक्षिक विकेन्द्रिकरण हो । स्थानियस्तरमा शैक्षिक कार्यक्रमलाई सवल र सुढृढ बनाउन स्थानिय स्रोत र साधनको उच्चतम उपयोग गर्न आवश्यक कानुनी एंव प्रशासनिक अधिकारको निक्षेपण गर्ने काम शैक्षिक विकेन्द्रिकरण हो । यस अर्न्तगत शैक्षिक प्रसासनको शासकिय अधिकार जवाफदेहिता र जिम्मेवारीलाई स्रोत साधन सहित जनताको साथमा स्थानिय स्तरबाटै कार्य व्यवस्थापन गर्ने नीतिगत कार्यहरु गरिन्छ । शैक्षिक विकेन्द्रिकरण लोकतान्त्रिक शासन व्यवस्थाको मूख्य आधार हो । यसले शैक्षिक क्रियाकलाप व्यवस्थापनमा स्थानिय समुदाय, शिक्षकहरु र विद्यार्थीहरुलाई सर्वोपरी हुन् भन्ने मान्दछ ( काफ्ले, मंसिर १५, २०६६) ।

विभिन्न बिद्वानहरुले शैक्षिक विकेन्द्रिकरणको सैद्धान्तिक आधारबारे फरक-फरक मतहरु उल्लेख गरेको पाइन्छ । विकेन्द्रिकरणको प्रमुख निर्देशक सिद्धान्त Principle of subsidiarity ले स्थानिय समुदायलाई सर्वोपरि ठानी कार्य व्यवस्थापन गर्ने भएकाले शैक्षिक व्यवस्थापन मा पनि यहि सिद्धान्तलाई प्रमुखता पाएको पाइन्छ । शैक्षिक विकेन्द्रिकरणका आधारहरु अन्तर्गत आफूलाई प्राप्त अधिकार तथा जिम्मेवारीलाई तल्लो निकाय वा पदमा सुम्पने कार्य प्रक्रिया, शिक्षा मन्त्रालय अर्न्तगतका कार्यहरुलाई क्षेत्रिय शिक्षा निर्देशनालय तथा जिल्ला शिक्षा कार्यालयहरुबाट सम्पन्न गराउनु र वैधानिक वा विधिगत रुपमा स्थापना भएका स्थानिय निकायहरुलाई तिनिहरुको क्षमता, आवश्यकता र माग अनुसार कार्य सञ्चालनका लागि कानुनी रुपमा जिम्मेवारी दिनु जस्ता कार्यहरु पर्दछ (काफ्ले, २०६६-०८-१५) ।

शैक्षिक विकेन्द्रिकरणमा भएका हाल सम्मका प्रयासहरुलाई हेर्दा प्राचिन कालका वैदिक शिक्षापद्धति, बौद्ध शिक्षामा गुम्वा शिक्षा, ऋिषिकुल र गुरुकुल शैक्षिक पद्धतीमा विकेन्द्रिकरण निहित रहेको पाइन्छ । अन्तरिम संविधान २०६३ ले प्राथमिक तहमा मातृभाषाको कुरा गरेको छ, जसलाई विकेन्द्रिकरणको पक्षमा सबल कुरा मान्न सकिन्छ । स्थानिय स्वायत्त शासन ऐन २०५५ ले गा.वि.स. वा नगरपालिकाले आफ्नो क्षेत्र भित्र पूर्व प्रा.वि. खोल्न अनुमति दिने अधिकार, शिक्षा ऐन २०२८ र नियमावली २०५९ मा विद्यालयको सञ्चालन रेखदेख, व्यवस्थापन र समन्वय अभिभावकहरुबाट गर्ने कानुन र सबैका लागि शिक्षा (२००४-२००९) ले विद्यालयको आवश्यकतालाई राष्ट्रिय नीतिसँग र राष्ट्रिय संगठनहरुको ज्ञान र क्षमतालाई विद्यालयको आवश्यकतासँग मिलाउन विकेन्द्रिकृत योजना तर्जुमा र व्यवस्थापन प्रणालीको विकास गरिने कुरामा जोड जस्ता कुराहरुलाई शैक्षिक विकेन्द्रिकरणको क्षेत्रमा सकारात्मक पक्षको रुपमा लिन सकिन्छ । देशले संघिय लोकतान्त्रिक गणतन्त्र लाई स्वीकार गरिसकेको अवस्थामा संघिय शैक्षिक संरचनालाई प्रतिस्पर्धी बनाई न्यायपूर्ण रोजगारमूलक तथा सरोकारवालाको सहभागितामा संस्थामा आधारित विकेन्द्रित शैक्षिक व्यवस्थापन हुन सके अपेक्षित शैक्षिक उपलब्धि प्राप्त हुनुका साथै शैक्षिक विकेन्द्रिकरणको व्यवहारिक प्रयोगमा समेत बल पुग्ने देखिन्छ । राष्ट्रका सबै भौगोलिक क्षेत्रहरु एकै छन् त ? राष्ट्र भरिनै एउटै शिक्षकले पढाउछन् त ? राष्ट्र भरी एउटै भाषा छ त ? यी यस्ता कुराहरुले पनि शैक्षिक विकेन्द्रिकरणको खाचोँ लाई अझ झल्काएको पाइन्छ । मैले गरेको यस अध्ययन पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययनसँग संम्बन्धित रहेको र यस शैक्षिक विकेन्द्रिकरणको सिद्वान्त पाठ्यक्रम कार्यान्वयनसंग निकै निकटतम भएकोले यस शैक्षिक विकेन्द्रिकरणको सिद्वान्तलाई प्रमूख आधार को रुपमा लिई यस अध्ययनलाई पूरा गरिएको थियो ।

### २.१.२ शिक्षण विधिसंग सम्बन्धि सिद्धान्तहरुको समिक्षा

यस अध्ययनलाई सफल तरिकाले सम्पन्न गराउने क्रममा शिक्षण विधि सम्बन्धि विभिन्न सैद्धान्तिक दर्शनहरुको अध्ययन गरी समिक्षा गरिएको थियो, जसले सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गर्नको लागी भरपुर आधार प्रदान गरेको थियो, जुन निम्नानुसार छन् ।

**क) आदर्शवाद :-** आदर्शवादिहरुले जुनसुकै विषय वस्तुको शिक्षण सिकाई क्रियाकलाप विधि वा शैक्षिक प्रकृयालाई शिक्षकको विवेकमा सुम्पेका छन् । आर्दशवादी सुकरातले प्रश्नोत्तर विधि र छलफल विधिमा जोड दिएका छन् भने उनका शिष्य प्लेटोले वाद-विवादलाई शैक्षिक प्रकृयाका रुपमा सिफारिस गरेका छन् । त्यसैगरी हेगनले तार्किक विधिलाई उपयुक्त शिक्षण विधिको सिफारीस गरेका छन् (Chaube & Chaube. 1995) । यि आर्दशवादीहरुले सिफारिस गरेका प्रश्नोत्तर विधि, छलफल विधि, वादविवाद विधि र तार्किक विधिहरु साच्चिकै कक्षाकोठामा पाठ्यक्रम कार्यान्वयन समयमा प्रयोगमा आएका छन् त ? प्रयोगमा आएको भए के कति मात्रामा प्रयोगमा आएको छ ? यदि छैन भने किन

प्रयोगमा आउन सकेन ? यि र यस्ता कुराहरु यस अध्ययनको प्रमुख केन्द्रबिन्दु पाठ्यक्रम कार्यान्वयन सँग सम्बन्धि भएकाले यस अध्ययनमा यस आदर्शवादका माथि उल्लेखित कुराहरुलाई आधारको रुपमा गरिएको थियो ।

**ख**) **अस्तित्ववाद :-** अस्तित्ववादका अनुसार सिकाइ भनेको त्रिमुखी प्रक्रिया हो जसमा शिक्षक विद्यार्थी र पाठ्यक्रमको अन्तरसम्बन्ध हुन्छ । यस दर्शनले शिक्षकलाई शिक्षण प्रक्रियाको आधारभूत तत्व मानेको छ । शिक्षक वातावरणको निर्माणकर्ता हो जसले विद्यार्थीको अर्न्तनिहित प्रतिभाको विकास गराउन सक्षम हुनुपर्दछ । वस्तुगत विश्वमा शिक्षकको निर्देशनबाट आदर र सम्मानपूर्वक विद्यार्थीले आफ्नो अस्तित्वको सम्मान गर्न पर्दछ । अस्तित्ववादिहरु वालबालिकालाई शिक्षाको माध्यमबाट आत्मअनुभूति *(Self realization)* गर्न सक्ने तुल्याउनुपर्दछ भन्दछन । उनीहरुको विचारमा शिक्षण भनेको शिक्षक र विद्यार्थी विचको संवाद हो । सोक्रेट्स भन्छन् शिक्षण विधिको प्रयोग गर्नहुदैन, खास गरेर शिक्षकले आफुले जाने अनुसार ज्ञान लाद्नु हुदैन, दुबैको सहमतिका आधारमा शिक्षण गर्नुपर्दछ । वालवालिका भूल र प्रयास विधिबाट सिक्दछन् । तसर्थ यस विधिलाई प्रयोगमा ल्याउनुपर्दछ (Chaube & Chaube. 1995.) । कक्षाकोठाको सिकाई प्रक्रियामा शिक्षक र विद्यार्थीहरुविचको अर्न्तक्रिया के कस्तो हुने गर्दछ ? विद्यार्थीको क्षमता अनुसारको ज्ञान विद्यार्थीलाई दिने गरिएको छ वा जबरजस्ति ज्ञान लाद्ने गरिएको छ ? कक्षा कोठाको शिक्षणमा भूल र प्रयास विधिको प्रयोग गरिएको छ ? यस्ता खालका कुराहरुको खोजिगर्न अस्तित्ववादको मान्यतालाई यस अध्ययनमा सहयोगीको रुपमा लिईएको थियो ।

**ग**) **प्रकृतिवाद :-** जिन ज्याक रुसोका अनुसार बालकलाई असल नागरिक बनाउने हो भने डर र त्रास नदिई बालमैत्री बातावरण बनाउनुपर्छ र इन्द्रियबाट प्राप्त अनुभव बालकलाई दिनुपर्छ । उनको मुख्य मान्यता भनेको रिटर्न अफ नेचर *(Return of nature / back of nature)* हो (Chaube & Chaube. 1995) । बालकलाई बालमैत्री वातावरणमा नै क्रियाकलाप सञ्चालन गर्नुपर्ने यिनको धारणा थियो । सामूदायिक र सस्थागत विद्यालयहरुले प्रकृतिवादको यस मान्यतालाई ब्यवहारमा अंगालेका छन् त ? उनिहरुले ब्यवहारिक रुपमा प्रकृतिवादको मान्यता अनुरुप रिटर्न अफ नेचर को मान्यतालाई लागु गरेका छन् त ? यस अध्ययनको शिलसिलामा यि यस्ता प्रश्नहरुले सामुदायिक विद्यालय र सस्थागत विद्यालयहरुको बिच पाठ्यक्रम कार्यान्वयनको तुलना गर्ने आधार प्रदान गरेको थियो ।

**घ**) **यथार्थवाद :-** यथार्थवादी शिक्षा दर्शन अनुसार शिक्षण सिकाई प्रकृयामा प्रत्यक्ष अवलोकन हुनु आवश्यक हुन्छ । विद्यालयका कक्षा शिक्षणमा एकातिर इन्द्रियहरुको प्रयोग गरिन्छ भने अर्कातिर भ्रमण र प्रत्यक्ष अवलोकन विधि द्वारा शिक्षण गरिन्छ । कक्षा शिक्षणमा वस्तुगत ज्ञानका लागि रुचिकर विषयवस्तुको प्रस्तुति गरेपछि ती वस्तुहरुको प्रत्यक्ष अवलोकन वा साक्षात्कार गराइन्छ । यथार्थवादीहरु इन्द्रिय ज्ञानलाई बढि महत्व दिने भएकाले कक्षा शिक्षणमा विद्यार्थीसामु वस्तुहरुको अवलोकन गराइन्छ । यथार्थवादी कक्षा शिक्षणमा आगमन विधिको प्रयोग गरिन्छ । शिक्षक विद्यार्थीलाई रुचिकर विषयवस्तु

प्रस्तुत गर्दछन् र ती विषयवस्तुहरुलाई अवलोकन गराइन्छ विद्यार्थी त्यस वस्तुलाई देखेर, चाखेर, सुघेँर वा अनुभव गरेर त्यस विषयवस्तुबारे जानकारी प्राप्त गर्दछन् । यसको अतिरिक्त यथार्थवादी कक्षा शिक्षणमा प्रर्दशन विधि, अवलोकन विधि र प्रयोगात्मक विधिहरु पनि आवश्यकता अनुसार प्रयोग गरिन्छ (Chaube and Chaube.1995) । यस अध्ययनको क्रममा सामूदायिक तथा सस्थागत विद्यालयहरुमा प्रत्यक्ष अवलोकन विधि, प्रदर्शन विधि, प्रयोगात्मक विधि जस्ता विधिहरु अपनाई शिक्षण क्रियाकलापहरु संचालन भएको छ वा छैन सो सम्बन्धमा आवश्यक अध्ययन गर्न यथार्थवादी धारणाको सहयोग लिई सामुदायिक र सस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलना गरिएको थियो ।

ङ) **प्रयोजनवाद/प्रगतिवाद** :- प्रसिद्ध प्रयोजनवादी शैक्षिक दार्शनिक जोन डिवका अनुसार शैक्षिक प्रक्रियाभित्र बालक अपरिपक्व र अविकसित प्राणी हो र उसलाई परिपक्व र अनुभवी युवकहरुले समाजमा सामाजिक लक्ष्य, मूल्य र मान्यताका आधारमा अगी बढाइरहेका हुन्छन् । यसैले यी दुवै तत्वहरुको बीचको अन्तरक्रिया नै शैक्षिक प्रक्रिया हो । उनका सिद्धान्तको केन्द्रबिन्दु रहेको विधि प्रोजेक्ट म्याथोड हो । यस विधिले विद्यार्थीको उद्देश्य, चाख र उपयोगिताका आधारमा Learning by Doing मा केन्द्रित रहनु पर्छ भन्ने कुरा गर्दछ (Chaube & Chaube. 1995 )। प्रगतिवादीहरु विचारमा भन्दा कार्य व्यहारमा *(Action)* विश्वास गर्दछन । उनिहरु शिक्षण प्रक्रिया पूर्ण रुपले ब्यावहारिक वा कार्यमुलक हुनुपर्छ र सिकाईको सबभन्दा महत्वपूर्ण माध्यम स्वः क्रियाकलापमूखि *(Self: activities orriented)* हुनुपर्छ भन्नेकुरामा जोड दिन्छन । शिक्षण प्रक्रिया वालबालिकाको आवश्यकता, रुचि एवं क्षमता अनुरुप हुनुपर्दछ र प्रयोगात्मक/ब्यावहारिक रुपमा सिक्नका लागि वालबाकिलाई प्रोत्साहन गर्नुपर्दछ भन्ने कुरा यस वादले गर्दछ । त्यसैगरी ढकाल र कोइरालाकोमा उदृत भएअनुसार प्रगतिवादी दार्शिनिक John Dewey ले सिकाई बृद्धिका लागि हात, आखाँ, कान, र सम्पूर्ण शरिरनै प्रयोग गर्नुपर्ने कुरा उल्लेख गर्दछन् *"The hands, the eyes, the ears, in fact the whole body should be utilized for learning growth" ( Cited by Dhakal & Koirala, 2066B.S. p.49)* । यस दर्शनले पाठ्यक्रम कार्यान्वयन गर्दा विद्यार्थीको चाख र उपयोगिताका आधारमा क्रियाकलाप मूखि हुनुपर्नै कुरामा जोड दिएको छ । कक्षा ८ को पाठ्यक्रम कार्यान्वयन लेक्चर प्रवृत्तिको छ वा क्रियाकलाप मुखि छ ? सो सम्बन्धमा जान्नको लागि यस दर्शनको आधार लिएर यस अध्ययनलाई अगाडि बढाईएको थियो । साथै सामूदायिक वा सस्थागत कुन विद्यालयले स्वःक्रियाकलाप विधिलाई बढि मात्रामा लागु गरेको छ, यस किसिमको तुलनात्मक अध्ययनको लागि पनि यस प्रगतिवादि दर्शन सहयोगि रहेको थियो ।

समग्रमा भन्नुपर्दा शिक्षणविधि सम्बन्धि सिद्धान्तहरु अर्न्तगत विभिन्न वादहरुले उल्लेख गरे अनुरुपका प्रश्नोत्तर विधि, छलफल विधि, वादविवाद विधि, प्रर्दशन विधि, तार्किक विधि, संवाद विधि, भूल र प्रयास विधि, रिर्टन अफ नेचर विधि, प्रत्यक्ष अवलोकन विधि, प्रयोगात्मक विधि, Learning by doing विधि, स्वः क्रियाकलाप विधि र विद्यार्थीका रुचि अनुसारका बालमैत्रि विधिहरु सामूदायिक तथा सस्थागत

विद्यालयहरुमा के कसरी उपयोगमा ल्याइएका छन त ? सो बारेमा अध्ययन अनुसन्धान गर्दा माथि उल्लेखित वादहरुले दिशानिर्देशित गरेको थियो ।

### २.१.३ पाठ्यक्रमसंग सम्बन्धित परिभाषाहरुको समिक्षा

सैद्धान्तिक आधारहरुको अध्ययन र समिक्षा गर्ने क्रममा विभिन्न विद्धानहरुले उल्लेख गरेका पाठ्यक्रमका परभाषाहरुको अध्ययन गरिएको थियो । मैले गर्न लागेको यस अध्ययनको शिर्षक पठ्यक्रम कार्यान्वयन सँग सम्बन्धित केहि सान्दार्भिक पाठ्यक्रमका परिभाषाहरु अगाडि परिचय खण्डमा उल्लेख गरिसकिएको छ । अगाडि परिचय खण्डमा उल्लेख गरिएका विभिन्न विद्वान र संघ सस्थाहरुद्वारा प्रस्तुत गरिएको पाठ्यक्रमका परिभाषाहरुलाई यहाँ समिक्षात्मक रुपमा प्रस्तुतगरी विश्लेषण गरिएको छ । जुन यस अध्ययनसंग सान्दर्भिक रहेका छन् ।

रा.शि.प.यो. २०२८ ले पाठ्क्रमको परिभाषालाई यसरी उल्लेख गरेको छ -"शिक्षाको लक्ष्य हासिल गर्नलाई बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ ।" शिक्षाको लक्ष्य हासिल गर्नको लागि पाठ्यक्रमलाई योजना गरेर मात्र पुग्दैन, त्यसको प्रभावकारी कार्यान्वयन गरिनु आवश्यक पर्दछ । यस रा.शि.प.यो. २०२८ को परिभाषाले पाठ्यक्रमलाई एक बृहत शैक्षिक कार्यक्रमको रुपमा हेरेको पाइन्छ, जसमा लगानि, प्रक्रिया र उत्पादन जस्ता पक्षहरु पर्दछन् । मैले गरेको यस अध्ययन पाठ्यक्रम कार्यान्वयन संग सम्बन्धित रहेकोले थियो र रा.शि.प.यो. २०२८ को यस परिभाषा मेरो यस अध्ययन को शिर्षक र शैक्षिक विकेन्द्रिकरण सँग सान्दर्भिक रहेको थियो ।

अगाडि परिचय खण्डमा उल्लेखित Ornstein & Hunkins (2004) बाट साभार गरिएको John Dewey को परिभाषाले विद्यालय भित्र र बाहिर हुने जुनसुकै कार्यहरु पाठ्यक्रम भित्रको अंश हो भनेर भनेको छ, जुन योजनबद्ध गरिएको हुन्छ । उनको यस परिभाषले विद्यार्थिले हासिल गर्ने सबै ज्ञानहरु विषयबस्तुमा आधारित विद्यालय वातावरण मात्र नहेरेर विद्यालय बाहिर पनि हुने गर्दछ भन्ने भावलाई समेटेको पाइन्छ । Dewey को यस परिभाषाले पाठ्यक्रमलाई विद्यालय भित्र र विद्यालय बाहिरको कृयाकलापको रुपमा समेटेको छ । मैले गरेको यस अध्ययन पाठ्यक्रम कार्यान्वयन सँग सम्बन्धित रहेको छ र Dewey को यस परिभाषाले पनि पाठ्यक्रम कार्यान्वयनलाई समेटेको पाइन्छ । Dewey को यस परिभाषा यस अनुसन्धानको शिर्षक पाठ्यक्रम कार्यान्वयन संग र शैक्षिक विकेन्द्रिकरण सँग सम्बन्धित रहेको भन्न सकिन्छ । तसर्थ Dewey को यस पाठ्यक्रमको परिभाषा, पाठ्यक्रम कार्यान्वयन र शैक्षिक विकेन्द्रिकरण एक आपसमा सम्बन्धित रहेको थियो ।

Print(1993) ले शिक्षण सस्था द्धारा विद्यार्थिलाई प्रदान गरिने योजनाबद्ध सिकाइ अवसर र अनुभव नै पाठ्यक्रम हो, जसलाई विद्यार्थीले पाठ्यक्रम कार्यान्वयनको समयमा सामना गर्दछ भनेका छन्

। त्यसैगरी उनले आफ्नो पुस्तक Curriculum Development and Design (1993 ) मा विद्यालय भित्र प्राप्त गरिने पाठ्यक्रम दूई किसिमको हुन्छ भनि उल्लेख गरेका छन । चित्रमा :




सम्पूर्ण पाठ्यक्रम

Source; Print, 1993, Page.10.

उनि उल्लेख गर्दछन् विद्यालयमा विद्यार्थिले हासिल गर्ने सिकाई योजना गरिएको पाठ्यक्रमको साथसाथै लुप्त पाठ्यक्रम पनि हुने गर्दछ । विद्यालयमा योजनाबद्ध पाठ्यक्रमको कार्यान्वयन गर्दा विद्यार्थीहरुलाई योजना नगरिएका वा लुप्त पाठ्यक्रम पनि सिकाइ रहेको हुन्छ । उनको यस परिभाषा विद्यालयमा शिक्षक द्वारा विद्यार्थीहरुलाई प्रदान गरिने योजनावद्व सिकाईसंग अर्थात योजनावद्व पाठ्गक्रमको कार्यान्वयनसंग र पूर्व निर्धारित (योजना) नगरिएको सिकाई ( जुन योजनावद्व पाठ्यक्रम कार्यान्वयनको क्रममा विद्यार्थीहरुले सिक्दछन्) संग सम्बन्धित रहेको छ । मैले गरेको यस अध्ययन योजनावद्व पाठ्यक्रम कार्यान्वयनसँग मात्र सम्बन्धित रहेको र यस अध्ययनले लुप्त पाठ्यक्रमलाई नसमेट्ने भएकोले Print को यस पाठ्यक्रमको परिभाषा यो अध्ययनको शिर्षकसंग आशिंक रुपमा अनुकुल रहेको थियो । यस अध्ययनको शिर्षक पाठ्यक्रम कार्यान्वयनसँग सम्बन्धित भएकोले पाठ्यक्रम कार्यान्वयन र शैक्षिक विकेन्द्रिकरणसंग Print को यस परिभाषा आशिंक रुपमा सान्द्रार्भिक रहेको थियो ।

पाठ्यक्रमलाई सिकाइका अनुभवहरु सँग जोडेर परिभाषित गर्ने सन्दर्भमा Caswell र Campbell(1935) भन्दछन्, पाठ्यक्रमलाई शिक्षकको निर्देशन अर्न्तगत विद्यार्थी वा बालकको अनुभवहरुको आधारमा संगठित गरिनुपर्दछ, पाठ्यक्रम योजनालाई सिकारुका अनुभवहरु अर्न्तगतका सम्पूर्ण तत्वहरुको ध्यान दिइ प्रयोग गर्नुपर्दछ (Cited by Ornstein and Hukins. 2004. P.13.) । उनले पाठ्यक्रमका सम्बन्धमा ब्यक्त गरेको यस धारणाले शिक्षकको निर्देशनमा विद्यार्थीले प्राप्त गर्ने अनुभवहरुलाई जोड दिएको छ, जुन पाठ्यक्रम कार्यान्वयन संग सम्बन्धित रहेको छ । विद्यार्थीले शिक्षकको निर्देशनमा प्राप्त गर्ने अनुभव भनेको कक्षा कोठाको अन्तरक्रियामा हुने गर्दछ । Caswell र Campbell को यस परिभाषा पनि अगाडि उल्लेखित अन्य परिभाषाहरु जस्तै यस अध्ययनको शिर्षक पाठ्यक्रम कार्यान्वयन संग र शैक्षिक विकेन्द्रिकरण प्रणाली संग सान्दार्भिक रहेको थियो ।

त्यसैगरी UNICEF(2000) ले पाठ्यक्रम भनेको शिक्षक र विद्यार्थीहरु बिचको अर्न्तक्रिया हो, जुन विभिन्न शैक्षिक लक्ष्यहरु प्राप्तिका लागि तयार पारिएको हुन्छ भनेर उल्लेख गरेका छन् । यस परिभाषाहरुको मुख्य केन्द्र विन्दु भनेकै शिक्षक र विद्यार्थि विचको अर्न्तक्रिया नै हो भन्ने रहेको छ । विशिष्ट शैक्षिक लक्ष्य हासिल गर्नको लागि लिखित रुपमा तयार पारिएर राखिएको पाठ्यक्रमको कुनै अस्तित्व हुदैन यदि त्यस  लिखित दस्तावेजलाई कक्षाकोठाको वातावरणमा  शिक्षक र विद्यार्थिहरु विच अर्न्तक्रिया गरिदैन भने । तसर्थ शिक्षा क्षेत्रका विशिष्ट लक्ष्यहरु हासिल गर्नका लागि त्यस लिखित पाठ्यक्रमलाई कक्षाकोठा वातावरणमा शिक्षक र विद्यार्थिहरु विच अर्न्तक्रिया हुनुपर्दछ तब मात्र त्यो पाठ्यक्रम पुर्ण हुन सक्दछ । यस UNESCO को परिभाषाले पाठ्यक्रम कार्यान्वयनलाई निकै ब्यापकरुपमा समेटेको जस्तो महसुस गरिको छ । मैले गरेको यस अध्ययन शैक्षिक विकेन्द्रिकरणको सिद्धान्तमा आधारित रहि कक्षा ८ को पाठ्यक्रम कायान्वयन सँग सम्बन्धित रहेको थियो र UNESCO को यस परिभाषाले पनि पाठ्यक्रम कार्यान्वयनलाई शिक्षक र विद्यार्थिको अर्न्तरक्रिया सँग जोडेर हेरेको थियो । UNESCO को यस परिभाषा, पाठ्यक्रम कार्यान्वयन र शैक्षिक विकेन्द्रिकरण एक आपसमा निकै अन्तर सम्बन्धित भएकाले UNESCO को यस परिभाषा यस अध्ययनको शिर्शक सस्थागत र सामुदायिक विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययको केन्द्रविन्दु रहेको थियो ।

## २.२ सम्बन्धित अध्ययनहरुको समिक्षा

सैद्धान्तिक आधारहरुको अध्ययन र  समिक्षा गर्नुका साथ साथै यस अध्ययनसँग सम्बन्धित रहेका पूर्व अध्ययनहरुको पनि अध्ययन समिक्षा गरिएको थियो । यि अध्ययनहरुले पहिले भए गरेका अध्ययनहरुका पक्षहरु थहा पाउन, पहिलेका अध्ययनले नसमेटेका कुराहरु पहिचान गर्न र यस अध्ययन लाई अगाडि बढाउन ठोस आधार प्रदान गरेको महशुस गरेको छु । अध्ययन गरिएका ति सम्बन्धित अध्ययनहरुको समिक्षात्मक प्रस्तुति यस प्रकार रहेको छ ।

Research centre for Educational Innovation and development (CERID) ले वि.स. २०२८ (1932 A.D.) सालमा रा.शि.प.यो. विभिन्न चरणमा देशभरमा लागु भइसकेपछि प्राथमिक तह ( कक्षा १ -३ ) का बालबालिकाको पढाई लेखाइ र अंकसम्बन्धि ज्ञानको उपलब्धिको स्तर कस्तो रहयो भनि त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्रले देशका तात्कालिन चार विकास क्षेत्रभित्र पर्ने हिमाली, पहाडी र तराई प्रदेशका १२ जिल्लामा यो अनुसन्धान गरेको थियो जसमा निम्न उद्देश्यहरु राखिएका थिए :

- प्राथमिक तह उर्त्तिण विद्यार्थीहरुको साक्षरताको मापन गर्नु ।
- भाषा, लिङ्ग र भौगोलिक अवस्थितिले प्राथमिक तहका बालबालिकाको उपलब्धिमा पाइने प्रभाव पत्ता लगाउनु ।

🖎 प्रत्येक विकास क्षेत्रका प्राथमिक तह उत्तिर्ण बालबालिकाको प्राप्त साक्षरता तहको तुलनात्मक अध्ययन गर्नु ।

यस अध्ययनका लागि १९७७ मा प्रकाशित शैक्षिक तथ्याङ्को आधारमा देशका चारै विकास क्षेत्रका हिमाली पहाडी र तराई प्रदेशबाट १/१ वटा विद्यालय पर्ने गरी जम्मा १२ वटा विद्यालयहरु आकस्मिक टेवुल प्रणालिबाट नमुना छनोट गरी अध्ययन गरिएको थियो । यस अध्ययनका साधनहरुमा साक्षरता मापन परिक्षण र शैक्षिक अर्न्तवाता फारम तयार गरिएको थियो । साक्षरता मापन विद्यार्थिको लागि थियो जसमा पढाइ, लेखाइ र अंकसम्बन्धि उपलब्धि मापन गर्ने प्रयोजनका लागि तयार गरिएको थियो भने शैक्षिक अर्न्तवार्ता फारम शिक्षकका लागि थियो । अध्ययनको निष्कर्षमा पढाइ भन्दा लेखाइ र गणितमा बढि विविधता पाइएको, साक्षरताको उपलब्धि पूर्वाञ्चलमा बढि र सुदुरपश्चिमाञ्चलमा सबैभन्दा कम, पढाई र लेखाईभन्दा गणित कमजोर पाइएको त्यसमा पनि क्षितिजिय रुपमा दिएका समस्याहरु गणितका ४ नियम प्रयोग गरी हल गर्न असक्षम देखिएको आदि रहेका छन । सर्वेक्षणबाट प्राप्त नतिजाका आधारमा प्राथमिक तहमा लेखाइ र गणितमा जोड दिनुपर्ने, गणितका ४ नियमलाई विद्यार्थीको प्रयोगात्मक जीवनमा उपयोगी हुने गरी प्रभावकारी ढंगले सिकाउनु पर्ने, तालिमको माध्यमबाट शिक्षकहरुलाई परम्परागत तरिकाको शिक्षण प्रक्रियालाई बदल्न मद्दत गर्नुपर्ने, पूर्वाञ्चलको तुलनामा पश्चिमाञ्चलका शिक्षकहरुले शिक्षण सिकाई प्रक्रियामा भौतिक सुधार, सुविधा, शैक्षिक सामाग्री आदिको प्रबन्ध गरी व्यापक सुधार गर्नु पर्ने जस्ता अध्ययनका सुझावहरु प्रस्तुत गरेको पाइन्छ ।

चालिसे, (२०६८), ले स्नातकोत्तर तहको शोधपत्र तयार पार्दा सामुदायिक र संस्थागत प्राथमिक विद्यालयको कक्षा शिक्षण र मूल्याङ्कन प्रणाली कार्यान्वयनको तुलनात्मक अध्ययन शिर्षक राखि चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. ८ लाई अध्ययन क्षेत्रको रुपमा छनौट गरी १ वटा सामूदायिक विद्यालय र १ वटा सस्थागत विद्यालयलाई नमूनाको रुपमा छनोट गरी अध्ययन गर्नुभएको थियो । यस अध्ययनमा अध्ययन क्षेत्रका सस्थागत र सामूदायिक प्राथमिक विद्यालयको पाठ्यक्रमको कार्यान्विन र विद्यार्थी मूल्याङ्कनको अवस्था तुलना गर्ने उद्देश्य राखिएको थियो । यस अध्ययनका लागि अर्न्तवार्ता, प्रश्नावली, समूह छलफल, निर्देशित कक्षा अवलोकन फारम आदिको सहायता लिनुभएको थियो । प्रस्तुत प्रतिवेदनमा दुबै विद्यालयहरुले पाठ्यक्रम अनुसार कमै मात्रामा शिक्षण गरेको, अनौपचारिक मूल्याङ्कनको ढाँचा एकैप्रकारको रहेको, दुई विषयमा अनुत्तिर्णलाई पनि कक्षा चढाएको, दुवै विद्यालयले त्रैमासिक, अर्धबार्षिक र बार्षिक परिक्षा सञ्चालन गरेको औपचारिक विद्यार्थी मूल्याङ्कन प्रक्रियामा विद्यार्थीको गृहकार्य, सरसफाई, अनुशासन, अतिरिक्त क्रियाकलाप आदि प्रयोग नगरेको, सामूदायिकले विद्यार्थी मूल्याङ्कनलाई वेवास्ता गरेको र सस्थागत ले विद्यार्थी मूल्याङ्कनलाई अलि ध्यान दिएको जस्ता कुराहरु प्राप्ति रहेका छन् ।

खतिवडा, (२०६६), सार्वजैनिक विद्यालयहरुमा राजनैतिक हस्तक्षेप र स्थानिय समाजसेविको सहभागिताको अभावले शिक्षाको गुणस्तरमा वा शैक्षिक उपलब्धिमा ह्रास आइरहेको छ । वर्तमान समयसम्म आइसक्दा सस्थांगत र सामूदायिक विद्यालय बीचको कक्षा शिक्षाण र मूल्याङ्कन प्रणालीहरुलाई हेर्ने हो भने सस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयको केही कमजारी रहेको देखिन्छ । आफ्नै लगानीमा सञ्चालित सस्थागत विद्यालयहरुले सरकारी नियन्त्रणबाट सधिनता पाउदै गएपछि विद्यालयको उपलब्धि स्तर अभिवृद्धि गर्दै आएको पाइन्छ भने सामूदायिक विद्यालयको उपलब्धि स्तर त्यति राम्रो देखिदैन अर्थात त्यस्ता विद्यालयहरुले सस्थागत विद्यालयहरुसँग प्रतिस्पर्धा गर्न सकेका हुदैनन् ।

सुवेदी (२०६२) को उच्च र निम्न नतिजा रहेका सामुदायिक माध्यामिक विद्यालयको अवस्था एक अध्ययन भन्ने उक्त सोध पत्रमा सम्भावना नमुना छनोट विधि र उद्देश्यात्मक नमूना छनोट विधि प्रयोग गरी नमूना छनोट गरी छलफल विधि र प्रश्नोत्तर विधिको आधारमा सूचना सङ्कलन गरिएको छ । न्यून नतिजा रहेको विद्यालयमा उपयुक्त शैक्षिणिक वातावरण निर्माण हुन नसकेको, विद्यालयको कक्षा शिक्षण पुरा समय नहुनु, शैक्षिक सामग्रीको अभाव र विद्यार्थीको शैक्षिक स्तरमा ठूलो अन्तर रहेको तर उच्च नतिजा रहेको विद्यालयमा नियमित मासिक वैठक बसी पठनपाठन भइरहेको, प्रगती तथा समस्याबारे छलफल तथा समाधान खोज्ने गरेको, प्रधानाध्यापक, शिक्षक र विद्यार्थीमा राम्रो सम्बन्ध रहेको बेलाबेलामा विद्यालयमा बोलाई केटाकेटिको पढाइको बारेमा जानकारी दिने, निरन्तर विद्यार्थी मूल्याङ्कनको आधारमा नतिजाको विश्लेषण र त्यसको सिकाइमा प्रयोग गरेको उल्लेख गरेका छन् ।

आजको यो विज्ञान र प्रविधिको २१ औं शताब्दीको परिवर्तनशील समाजमा पाठ्यक्रम दिनप्रतिदिन बदलिदै जानु, विभिन्न प्रकारका कार्य नीतिहरु बनाएता पनि समाजमा अनुगमन, मूल्याङ्कन नीरिक्षण जस्ता कार्य हुन नसक्दा पाठ्यक्रम संरचना जे जसरी निर्माण गरीएको छ । त्यसको सफल रुपमा कार्यान्वयन हुन सकेको छैन । यसरी पाठ्यक्रम सफल रुपमा कार्यान्वयन हुन नसक्नुका पछाडी थुप्रै कुराहरु रहेका हुन्छन् । जस्तै : पाठ्यक्रम, पाठ्यसामाग्री तथा पाठ्यपुस्तक बीच समस्या, योग्य र तालिमप्राप्त शिक्षकको उपलब्धता सम्बन्भी समस्या, शैक्षिक सामग्री सम्बन्धी समस्या, शिक्षक घण्टी सँग सम्बन्धित समस्या, मूल्याङ्कनसँग सम्बन्धित समस्या, निरीक्षण तथा अनुगमन सँग सम्बन्धित समस्या, केन्द्रिकरण र विकेन्द्रिकरण पाठ्यक्रम आदि । यस अध्ययन सस्थागत र सामुदायिक विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन सँग सम्बन्धित भएकोले पाठ्यक्रमको विकेन्द्रिकरण सँग सम्बन्धित रहेर यस अध्ययनलाई अगागि बढाईएको थियो । त्यसैले यस अध्ययन-अनुसन्धानमा कक्षा ८ को विषयगत संरचना योजना गरे अनुसार सामुदायिक र सस्थांगत विद्यालयहरुमा के-कसरी लागू भएको छ ? त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छ कि छैन ? पाठ्यक्रम संरचना सम्बन्धी सरोकारवालाको अपेक्षा के छ ? पाठ्यक्रम कार्यान्वयन केन्द्रिकृत रुपमा छ वा विकेन्द्रिकृत रुपमा छ ? यि यस्ता खालका अनुसन्धानात्मक प्रश्नहरु गरी कक्षा ८ को पाठ्यक्रम संरचना योजना गरे अनुसार सामुदायिक र सस्थांगत विद्यालयहरुमा के कसरी कार्यान्वयन भएको छ त त्यसको तुलनात्मक अध्ययन गरिएको थियो ।

## २.३ अवधारणात्मक निर्माण

यस किसिमको तुलनात्मक अध्ययनमा स्पष्ट निर्देशन, सरलता, प्रभावकारी, विश्वसनियता र वैध होस भन्नका लागि अवधारणात्मक संरचनाको आवश्यकता पर्ने महसुस गरी यस अध्ययन सान्दर्भिक हुने गरी एउटा अवधारणात्मक संरचनाको निर्माण गरेको थिए ।




माथि उल्लेख गरिएको चार्टमा समावेश विषयवस्तुहरूमा मात्र सीमित रहेर सूचना प्राप्त गर्नका लागि विभिन्न मूल्याङ्कनका साधनहरु प्रयोग गरी आवश्यक सूचनाहरू संकलन गरी प्राप्त सूचनाहरुको आधारमा ती विषयवस्तुहरूको विश्लेषण र व्याख्या गरी यस अध्ययनलाई पूर्ण रुप दिईएको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

कुनै पनि विषयवस्तुको बारेमा गहिरीएर अध्ययन गर्नु अर्थात कुनै विषयमा खोजी कार्य गर्नु अनुसन्धान हो भने अनुसन्धान गर्नका लागि अपनाइने तरिका वा अध्ययनको प्रक्रिया अध्ययनको विधि हो । जसले कुनै पनि अध्ययन अनुसन्धानलाई लक्ष्य प्राप्त सहयोग पुऱ्याउँछ । कार्यक्रम अध्ययनलाई सहिबाटो दिन र निर्धारित समयमा उद्देश्य प्राप्त गर्न उपयुक्त विधिको छनौट गर्नु पर्दछ । यस अनुसन्धान कार्यलाई अध्ययनको उद्देश्य र प्रकृति अनुरुप निम्न लिखित विधि तथा प्रक्रियाहरु अवलम्बन गरी सम्पन्न गरिएको थियो ।

## ३.१ अनुसन्धान  ढाँचा

अध्ययनको प्रकृति, स्वरुप तथा अवस्था स्थितीलाई मध्यनजर गरी त्यसलाई कुशलतापूर्वक सम्पादन गर्न निश्चित योजना तथा कार्य नीतिको जरुरत पर्दछ । पूर्व निर्धारित योजनाले नै लक्ष्य प्राप्त गर्न सक्दछ । अध्ययन अनुसन्धानका लागि तयार पारिएको वृहत योजना तथा कार्य नीतिलाई अनुसन्धान ढाँचा भनिन्छ, जुन व्यवस्थित, तार्किक र संगठित गरिएको हुन्छ । यस अध्ययनको उद्देश्य अनुरुप लक्ष्य हासिल गर्नकालागि गुणात्मक सूचनाहरुको संकलन आवश्यक पर्ने भएकोले यो अध्ययन पूर्ण रुपमा गुणात्मक अनुसन्धान ढाचाँमा आधारीत रहेको थियो । गुणात्मक अनुसन्धान भन्नाले कुनै अवस्था, घटना, प्रक्रिया तथा समस्याहरुको अध्ययन गर्ने उद्देश्यले नामरुपी *(Nominal scale)* तथा क्रमागत *(Ordinal scale)* स्केलमा मापन गरिएका वा शाब्दिक रुपमा संकलन गरिएका असाङ्ख्कि तथ्याङ्कहरुलाई तार्किक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धानलाई बुझाउछ । गुणात्मक अनुसन्धान ढाचाँमा आधारित रहेकोले यस अध्ययनको उद्देश्य बमोजिम अनुसन्धानकर्ता स्वयं अनुसन्धान क्षेत्रमा प्रत्यक्ष रुपमा सहभागि भई विद्यालय सर्वेक्षण फारम, प्रधानाध्यापकसंगको अन्तर्वार्ता फारम, शिक्षक प्रश्नावली, कक्षा अवलोकन फारम, लक्षित समूहसंग छलफलका लागि निर्देशिका र दस्तावेज अध्ययन जस्ता मूल्याङ्कनका साधनहरु प्रयोग गरी प्राकृतिक अवस्थाका बहुवास्तविकतालाई खोज गरी शाब्दिक रुपमा अससाङ्खिक तथ्याङ्कहरु संकलन गरी तार्किक विधिद्धारा विश्लेषण र व्याख्या गरी निष्कर्षमा पुगिएको छ ।

## ३.२ नमूना छनौट प्रक्रिया

यस अध्ययनको लागि नमुना छनोट गर्दा गुणात्मक अनुसन्धान अर्न्तगत उद्देश्यमूलक नमुना छनोट विधि प्रयोग गरी विद्यालय, प्र.अ., शिक्षकहरु र विद्यार्थीहरु लाई छनोट गरिएको थियो । जस अन्तर्गत बाँके जिल्लालाई अध्ययनको क्षेत्र मानि निम्नानुसार नमुना छनोट गरिएको थियो ।

### ३.२.१ विद्यालयको छनौट

बाँके जिल्लामा संचालित विद्यालयहरुको संख्यालाई हेर्दा जम्मा ४०९ वटा विद्यालयहरु संचालनमा रहेको पाइन्छ, जसमा ३०३ वटा सामूदायिक विद्यालयहरु रहेका छन भने १०६ वटा सस्थागत विद्यालयहरु रहेका छन् । ३०३ सामूदायिक विद्यालय मध्ये २४७ वटा सामूदायिक विद्यालयहरुमा र १०६ वटा सस्थागत विद्यालयहरु मध्ये ५७ वटा सस्थागत विद्यालयहरुमा गरी जम्मा ३०४ वटा विद्यालयहरुमा कक्षा ८ को पठन पाठन हुने गरेको शिक्षा विभागद्धारा प्रकाशित Consolidation Report -2011 मा उल्लेख गरेको पाइन्छ । जस मध्येबाट उद्देश्यात्मक नमुना छनोटमा आधारित रहेर कोहलपुर गा.बि.स. अन्तर्गत श्री त्रिभुवन उ.मा.वि कोहलपुर स्रोत केन्द्र अन्तर्गतको सामुदायिक विद्यालय सगरमाथा ज्ञानपुञ्ज उ.मा.वि.कोहलपुर र संस्थागत विद्यालय दिपज्वति मा.वि.कोहलपुरलाई यस अध्ययनको लागि नमूनाको रुपमा लिइएको थियो ।

### ३.२.२ प्रधानाध्यापकको छनोट

यस अध्ययनको लागि छनोटमा परेको सामुदायिक विद्यालय श्री सगरमाथा ज्ञानपुञ्ज उ.मा.वि.का प्र.अ. दिपककुमार मल्ल र संस्थागत विद्यालय श्री दिपज्वति विद्याश्रम (मा.वि.) का प्र.अ.डिल्ली शाह गरी २ जना प्र.अ. लाई छनोट गरी अन्तर्वाता फारमको प्रयोग गरी आवश्यक सूचना संकलन गरिएको थियो ।

### ३.२.३ शिक्षकको छनौट

नमूना छनोटमा परेको सामुदायिक विद्यालय श्री सगरमाथा ज्ञानपुञ्ज उ.मा.वि. मा कक्षा ८ मा अध्यापन गराउने ६ जना विषय शिक्षकहरु र संस्थागत बिद्यालय श्री दिपज्वति विद्याश्रम (मा.वि.) मा कक्षा ८ मा अध्यापन गराउने ९ जना विषय शिक्षकहरु गरी जम्मा १५ जना विषय शिक्षकहरुलाई नमूनाको रुपमा छनौट गरी शिक्षक प्रश्नावलीको प्रयोग गरी आवश्यक सूचनाहरु संकलन गरिएको थियो ।

### ३.२.४ विद्यार्थीको छनौट

उक्त छनोटमा परेका सामुदायिक विद्यालय र संस्थागत बिद्यालयमा कक्षा ८ मा अध्ययनरत कुल विद्यार्थीहरु मध्ये दुबै बिद्यालयहरुबाट ७/७ जना विद्यार्थीहरुलाई समूह छलफलका लागि छनौट गरिएको थियो । यि छनोटमा परेका विद्यार्थीहरुको नामावलि अनुसुचि १ मा हेर्न सकिन्छ ।

### ३.३ अनुसन्धान साधनहरू निर्माण

यस अध्ययन अनुसन्धानलाई अर्थपूर्ण र उद्देश्य प्राप्त गर्ने गरी समापन गर्न छनौटमा परेका विद्यालय, प्र.अ., शिक्षक र विद्यार्थीहरुबाट गुणात्मक सूचनाहरु संकलन गर्नको लागि मूल्याङ्कन साधनहरुको खाका निर्माण गरिएको थियो (यस खाकालाई अनुसुचि २ मा हेर्न सकिन्छ) र सो खाकाको आधारमा निम्न साधनहरु निर्माण गरिएको थियो ।

#### ३.३.१ विद्यालय सर्वेक्षण फारम

नमुना छनोटमा परेका सामुदायिक र संस्थागत बिद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम, विषयहरू, पाठ्यभार, उत्तीर्णदर, पूर्णाङ्क, विषयहरूको मूल्य, प्रकाशक, माध्यम, रुटिन, शिक्षक हाजिरी सहभागिता विद्यार्थी, विद्यालय क्यालेन्डर, विहानको प्राथना आदि पत्ता लगाउन विद्यालय सर्वेक्षण फारमको प्रयोग गरिएको थियो । यस विद्यालय सर्वेक्षण फारमलाई अनुसुचि ३ मा उल्लेख गरिएको छ ।

#### ३.३.२ प्रधानाध्यापकसंगको अन्तर्वार्ता फारम

प्र.अ. अन्तरवार्ता फारममा नि.मा.वि. तहको पाठ्यक्रम संरचनाको मूल्याङ्कन सँग सम्बन्धित विभिन्न प्रश्नहरु समावेश गरी अर्न्तवाता फारम तयार गरिएको थियो । यसमा पाठ्यपुस्तक छनौटका आधारहरु, पाठ्यपुस्तकको समस्याहरु, विद्यालय रुटिनको योजना, पाठ्यक्रम कार्यान्वयन प्रक्रिया, कार्यान्वयनका समस्याहरु, क्यालेन्डर योजना प्रक्रिया, भौतिक पूर्वाधार व्यवस्थापन प्रक्रिया, समस्या समाधानका उपायहरु, शिक्षकको छनौट प्रक्रिया, अतिरिक्त क्रियाकलाप परीक्षा प्रणाली आदिजस्ता कुराहरु समावेश गरिएको छ । यस प्रधानाध्यापकसंगको अन्तर्वार्ता फारमलाई अनुसुचि ४ मा उल्लेख गरिएको छ ।

#### ३.३.३ शिक्षक प्रश्नावली

छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयको कक्षा ८ का अनिवार्य विषय शिक्षकहरु अन्तर्गतका सम्पूर्ण विषय शिक्षकहरुसँग प्रश्नावलीको माध्यमबाट विभिन्न सूचनाहरु संकलन गर्नको लागि आवस्यक प्रश्नावलीहरु तयार गरिएको थियो । यस अन्तर्गत शिक्षकले पढाउने विषय, पाठ्यपुस्तक छनौट र व्यवस्थापन, योग्यता, पाठ्यपुस्तकमा भएका सवल र दुर्वल पक्षहरु, कक्षा क्रियाकलापहरु, विधि र सामग्रीहरु, दण्ड र पुरस्कार, परीक्षाका प्रकार, समय प्रश्नपत्र निर्माण, विद्यार्थीको नतिजा आदि जस्ता कुराहरु समावेश गरिएको थियो । यस शिक्षक प्रश्नावलीलाई अनुसुचि ५ मा उल्लेख गरिएको छ ।

### ३.३.४ कक्षा अवलोकन फारम

यस अध्ययनमा कक्षा शिक्षकको अनुमति लिई शिक्षक कक्षामा प्रवेश गर्ने समय, पाठको सूरुवात र प्रस्तुतिकरण, विद्यार्थीको सक्रियता, शिक्षण प्रक्रिया, शैक्षिक सामाग्रीको प्रयोग र मूल्याङ्कन, दण्ड र पुरस्कार, विद्यार्थीको बसाई व्यवस्था, गृहकार्यको जाँच, पृष्ठपोषण, पाठ्यपुस्तकको प्रयोगका साथै कक्षा अन्त्यहुने समय आदिजस्ता कुराहरुको सूचना संकलन गर्नको लागि कक्षा अवलोकन फारम निर्माण गरी प्रयोग गरिएको थियो, जसमा सामुदायिक विद्यालयको कक्षा ८ को ९ वटा विषयहरुमा १/१ पटक गरी ९ पटक र संस्थागत विद्यालयको कक्षा ८ को ११ वटा विषयहरुमध्ये एउटा विषय वाहेक १० वटा विषयहरुमा १/१ पटक गरी १० पटक कक्षा अवलोकन गरिएको थियो । यस कक्षा अवलोकन फारमलाई अनुसुचि ६ मा उल्लेख गरिएको छ ।

### ३.३.५ लक्षित समूहसंग छलफलका लागि निर्देशिका

नि.मा.वि. तह कक्षा ८ मा सहभागि विद्यार्थीहरु सँगको छलफलबाट यस अध्ययनका लागि आवश्यक पर्ने विभिन्न सूचनाहरु प्राप्त हुने हुनाले उनीहरुसँग विभिन्न पक्षसँग सम्बन्धित अन्तवार्ता गर्नको लागि विद्यार्थीको सङ्ख्या, मनिटरको व्यवस्था, शिक्षकले गर्ने सजाय वा पुरस्कार, विषयवस्तु सकिएको अवस्था, कक्षा क्रियाकलाप, परीक्षा, परीक्षा अगाडी र पछाडी हुने तयारी बिदा, अतिरिक्त क्रियाकलाप आदिजस्ता विषयसँग सम्बन्धित प्रश्नहरु निर्माण गरी समावेश गरिएको थियो । यस लक्षित समूहसंग छलफलका लागि निर्देशिकालाई अनुसुचि ७ मा उल्लेख गरिएको छ ।

### ३.३.६ दस्तावेज अध्ययन

विद्यालय अध्ययनबाट प्राप्त पाठ्यक्रम संरचनाको योजना, कार्यान्वयन अवस्था र विद्यार्थीहरूको अपेक्षा, पाठ्यपुस्तकले समेटेको छ वा छैन । पाठ्यक्रम संरचना, उद्देश्यहरूसँगको विषयवस्तु विधि, शैक्षिक सामग्री मूल्याङ्कन, शिक्षक निर्देशिका, विद्यालय क्यालेन्डर आदिको दस्तावेज अध्ययन गरी त्यसको मूल्याङ्कन गरिएको थियो । अध्ययन गरिएका दस्तावेजहरुको नाम अनुसुचि ८ मा उल्लेख गरिएको छ ।

## ३.४ साधनहरुको वैधता

साधनको बैधता भन्नाले अध्ययनका क्रममा तथ्याङ्क संकलन गर्न प्रयोग गरिएका साधनहरुले अध्ययनको उद्देश्यलाई कुन हदसम्म पुरा गर्न सक्छ वा ति साधनले अध्ययनको सम्पूर्ण विषयबस्तुको प्रतिनिधित्व हुने गरी तथ्याङ्क संकलन गर्न सक्यो वा सकेन भन्ने कुरा बुझ्नुपर्दछ । यस अध्ययनमा प्रयोग भएका साधनलाई अन्तिम रुप दिनु अगाडी त्यसको विश्वसनीयता एवं उपयोगिता परिक्षण गर्नका लागि उक्त साधनको वैद्यता निर्धारण गरिएको थियो । यस अध्ययनको उद्देश्य हासिल गर्न साधनको

निर्माण गरिसकेपछि सहपाठी मित्रसँग छलफल गरेर सुधार गरी शोध निर्देशक समक्ष प्रस्तुत गरिएको थियो । शोध निर्देशकको राय, सुझाव अनुसार परिमार्जन गरी उहाँकै सल्लाह अनुसार साधनलाई वैष्णवि मा.वि. क्रीतिपूरमा पूर्व परिक्षण गरि प्राप्त नतिजाका आधारमा सामान्य परिमार्जन गरि अन्तिम रुप दिइएको थियो ।

### ३.५ सूचना संकलन प्रक्रिया

यस अध्ययनको लागी छनोटमा परेको विद्यालयहरुबाट प्राथमिक र द्वितीय स्रोतको आधारमा गुणात्मक सूचनाहरु संकलन गर्ने कार्य गरिएको थियो ।

#### ३.५.१ द्वितीय स्रोतबाट सूचना संकलन प्रकृया

द्वितीय स्रोत अन्तर्गत यस अध्ययनलाई प्रभावकारी बनाउन शीर्षकसँग सम्बन्धित विभिन्न प्रतिवेदन, शोधपत्रहरु, लेखहरु र विद्यालयका रेर्कडहरु आदिको अध्ययन गरी आवश्यक सूचना संकलन गरिएको थियो ।

#### ३.५.२ प्राथमिक स्रोतबाट सूचना संकलन प्रकृया

यस अध्ययन गुणात्मक भएकोले अध्ययनकर्ताले छनोट गरीएको अध्ययन क्षेत्रमा स्वंय गई आवश्यक पर्ने सूचनाहरु संकलन गर्ने कार्य गरिएको थियो । सूचना संकलनको क्रममा विद्यालय सर्वेक्षण फारम, शिक्षक प्रश्नावली र विद्यार्थीको समूह बनाई समूह छलफल गरिएको थियो । यि विभिन्न पक्षबाट प्राप्त सूचनालाई तुलनात्मक रुपमा केलाएर आवश्यक सूचनाहरु मात्र प्रतिवेदनमा समावेश गरिएको छ ।

### ३.६ सूचनाको विश्लेषण प्रक्रिया

गुणात्मक विश्लेषणको एक मात्र उद्देश्य प्राप्तिहरुको विकास गर्नु हो वा संकलित सूचनाहरुबाट सार तत्व निकालेर त्यसलाई संरचना योग्य बनाउनु हो । यस विद्यालय अध्ययनबाट प्राप्त विभिन्न सूचनाहरू सामुदायिक र संस्थागत विद्यालयमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको अवस्थासंग सम्बन्धित रहेको छ । नमुना छनोटमा परेका कक्षा ८ का विद्यार्थीहरू, अध्यापन गराउने शिक्षक-शिक्षिकाहरु र प्र.अ. आदिबाट विभिन्न अध्ययनका साधनहरू विद्यालय सर्वेक्षण फाराम, कक्षा अवलोकन फाराम, शिक्षक प्रश्नावली, प्र.अ. अन्तर्वार्ता, लक्षित समूहको छलफल निर्दशिका र दस्तावेज अध्ययन जस्ता साधनहरूबाट प्राप्त गुणात्मक सूचनाहरूलाई तुलनात्मक अध्ययन गरी वर्णनात्मक र तार्किक विधिबाट विश्लेषण र व्याख्या गरी निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ । साथै सूचना प्राप्तिका विभिन्न स्रोतहरु प्राथमिक स्रोत, द्वितिय स्रोत र अनुसन्धानकर्ताको अनुभवबाट प्राप्त तथ्याङ्कहरु (सूचनाहरु) विच Triangulation गरी निष्कर्षमा पुगिएको छ ।

# परिच्छेद चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

कुनै पनि अध्ययन अनुसन्धानलाई पूर्णता दिनका लागि विभिन्न आधारबाट प्राप्त सूचना तथा तथ्याङ्कहरुलाई विस्तृत रुपमा विश्लेषण र ब्याख्या गरिनु आवश्यक पर्दछ । यस अध्ययनलाई सफलता पूर्वक सञ्चालन गर्ने क्रममा अध्ययनको उद्देश्य अनुरुप सामूदायिक र सस्थागत विद्यालयमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गर्न विद्यालय सर्वेक्षण फारम, प्र.अ. संगको अन्तरवार्ता फारम, शिक्षक प्रश्नावली, कक्षाकोठा अवलोकन फारम, लक्षित समूह छलफल तालिका र दस्तावेज अध्ययन जस्ता साधनहरुको सहायता लिएको थियो । यि यस्ता प्राथमिक तथा द्धितिय स्रोतबाट प्राप्त तथ्याङ्कहरु वा सूचनाहरुलाई विस्तृत रुपमा विश्लेषण र ब्याख्या गरी नमुनामा परेको सामूदायिक विद्यालय श्री सगरमाथा ज्ञानपुञ्ज उच्च मा.वि. र सस्थागत विद्यालय श्री दिपज्वति मा.वि. विचको कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको अवस्थालाई यस परिच्छेद अन्तर्गत अध्ययनको उद्देश्य बमोजिम गरिएको छ ।

### ४.१. विषयगत संरचना र पाठ्यपुस्तकको तुलना

नमुना छनोटमा परेका सामुदायिक र सस्थागत विद्यालयमा कार्यान्वयनमा आएको विषयगत संरचनाको तुलनात्मक अवस्थाको अध्ययन गर्दा विद्यालय सर्वेक्षण फारम, प्र.अ. सँगको अन्तरवार्ता, शिक्षक प्रश्नावलि र दस्तावेज अध्ययनको सहायता लिइएको थियो । जसअनुसार दुवै विद्यालयहरुमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले सिफारिस गरेको र २०५८ मा परिमार्जन भएको कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनमा ल्याएको पाइन्छ । पाठ्यपुस्तकको सन्दर्भमा सामुदायिक विद्यालयले पाठ्यक्रम विकास केन्द्र बाट प्रकासित पाठ्यपुस्तकलाई प्रयोगमा ल्याई पाठ्यक्रम कार्यान्वयन गरेकोछ भने सस्थागत विद्यालयले पाठ्यक्रम विकास केन्द्र बाट स्वीकृती प्राप्त अन्य प्रकासनका पाठ्यपुस्तकहरुलाई प्रयोगमा ल्याई पाठ्यक्रम कार्यान्वयन गरेको पाइन्छ । उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ अनुसार कक्षा ८ मा पठनपाठन गराउनको लागी ९ वटा अनिवार्य विषयहरुमात्र रहने ब्यवस्था गरेको छ । ति अनिवार्य विषयहरुमा नेपाली, अंग्रेजी, गणित, विज्ञान, सामाजिक अध्ययन, जनसंख्या शिक्षा, पूर्वव्यावसायिक शिक्षा, स्वास्थ्य तथा शारिरिक शिक्षा र संस्कृत/नैतिक तथा नागरिक शिक्षा रहेका छन्, जसमा यि सबै अनिवार्य विषयहरुको पाठ्यभार ३९ र पूणाङ्क ७०० रहने ब्यवस्था गरेको छ ।

विद्यालय सर्वेक्षण फारम बाट प्राप्त सूचना, पाठ्यक्रम बाट प्राप्त सूचना र पाठ्यपुस्तकको अध्ययन बाट प्राप्त सूचना अनुसार सामुदायिक विद्यालय र सस्थागत विद्यायमा कार्यान्वयनमा रहेको कक्षा ८ को विषयगत संरचना र पाठ्यपुस्तकको तुलनात्मक अवस्था के रहेको छ त्यसको तथ्यगत संक्षिप्त जानकारीहरुलाई तलको तालिकाहरुमा हेर्न सकिन्छ ।

तालिका ४.१

**सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा कक्षा ८ को विषयगत संरचना र पाठ्यपुस्तकहरुको अवस्था**

| विद्यालय | विषय सङ्ख्या | पाठ्यपुस्तक | | जम्मा पूर्णाङ्क | उत्तीर्णाङ्क प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | मूल्य | | | |
| सामुदायिक | ९ | ९ | ३६१.८७ | ७०० | ३२ | |
| संस्थागत | ११ | १३ | २१८८.९० | ७०० (ऐच्छिक बाहेक) | ३२ | |

स्रोत : विद्यालय सर्वेक्षण २०६९

(पुनश्च : यस उल्लेखित तालिकामा सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा कक्षा ८ को विषयगत संरचना र पाठ्यपुस्तकहरुको अवस्थाको बारेमा संक्षिप्त सूचना मात्र उल्लेख गरिएकोले यसको वृस्तृत सूचना उल्लेखित जानकारी अनुसूची ९ र १० मा उल्लेख गरिएको छ ।)

यस उल्लेखित तालिका र अनुसूची ९, १० मा उल्लेखित सूचनाहरुलाई विश्लेषण गर्दा सामूदायिक विद्यालयको तुलनामा सस्थागत विद्यालयमा २ वटा धेरै विषयहरु पढाई हुने गरेको पाइयो । जसमा सामूदायिक विद्यालयमा पढाइ हुने भन्दा फरक विषयहरु २ वटा रहेको पाइयो जस्तै ऐच्छिक गणित र कम्प्यूटर । कक्षा ८ को राष्ट्रिय पाठ्यक्रमले ऐच्छिक विषयको ब्यवस्था नगरेको भएतापनि यस सस्थागत विद्यालयले ऐच्छिक विषयको रुपमा ऐच्छिक गणित र कम्प्यूटर विषयलाई सबै विद्यार्थीहरुले अनिवार्य पढ्नुपर्ने गरी पठनपाठन गराएको पाईयो, जसको परिक्षा प्रणालि जिल्ला स्तरिय परिक्षामा नहुने भएकोले विद्यालय आफैले १००/१०० पूर्णाङ्क मानि पहिलो, दोस्रो, तेस्रो र चौथो टर्म गरी चार पटक परिक्षा लिने गरेको पाईयो । सामूदायिक विद्यालयले पाठ्यक्रम भन्दा वाहिरको विषयवस्तु विद्यार्थीहरुलाई पढ्ने अवसर प्रदान गरेको छैन भने सस्थागत विद्यालयले पाठ्यक्रम भन्दा वाहिरको २ वटा विषयवस्तु ऐच्छिक गणित र कम्प्यूटरलाई अनिवार्य विषयवस्तु सरह विद्यार्थीहरुले पढ्नु पर्ने ब्यवस्था गरेको छ । यि दुई विद्यालयमा कार्यान्वयनमा रहेका सबै अनिवार्य विषयहरुको पूणाङ्क, उत्तिणाङ्क र पाठ्यभार समान रहेको पाईन्छ भने पाठ्यपुस्तकको सङ्ख्या संस्थागत विद्यालयमा पढाईहुने नेपाली र अंग्रेजी विषयको २/२ वटा र दुबै विद्यालयमा पढाई हुने अन्य सबै विषयहरुको १/१ वटा मात्र रहेको पाइन्छ । सामूदायिक विद्यालयले सबै विषयका पाठ्यपूस्तकहरु पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकासित गरिएका पाठ्यपूस्तकलाई नै कक्षाकोठामा कार्यान्वयनमा ल्याएको छ भने संस्थागत विद्यालयले पाठ्यक्रम विकास

केन्द्रद्वारा स्वीकृत प्राप्त अन्य प्रकासनका पाठ्पूस्तकहरुलाई कक्षाकोठामा कार्यान्वयनमा ल्याएको पाईन्छ, जसमा नेपालि देखि इन्डियन प्रकासनसम्मका पाठ्यपूस्तकहरु रहेका छन् । । सामूदायिक विद्यालयको तुलनामा सस्थागत विद्यालयका ऐच्छिक विषयको प्रकृति बढि प्रयोगात्मक रहेको, पाठ्यपुस्तकको भाषाको माध्यममा नेपालि विषय बाहेक अन्य सबै विषयहरु अंग्रजीमा रहेको र पाठ्यपुस्तकको मूल्यपनि तुलनात्मक रुपमा बढि रहेको पाइएको छ ।

शिक्षकहरुलाई प्रस्तुत गरिएको प्रश्नावलिबाट प्राप्त सूचनाहरु अनुसार विश्लेषण गर्दा सामूदायिक विद्यालयका शिक्षकहरुले पाठ्यक्रममा किशोर किशोरी शिक्षाको कमी कमजोरी रहेको तर अन्य विषयबस्तुहरु भने प्रयाप्त रहेको उल्लेख गर्नुभएको छ भने सस्थागत विद्यालयका शिक्षकहरुले प्रयोगात्मक कार्यमा जोड दिनुपर्ने उल्लेख गर्नभएको पाइन्छ । त्यसैगरी सस्थागत विद्यालयको कार्यालयमा र पुस्तकालयमा आवश्यक पाठ्यपुस्तक पर्याप्त रुपमा उपलब्ध रहेको तर सामूदायिक विद्यालयमा भने नपुग अवस्था रहेको कुरा प्रश्नावलिको उत्तरबाट प्राप्त भएको छ । ऐच्छिक विषयको छनोट गर्दा सस्थांगत विद्यालयका शिक्षकहरु र प्र.अ. ले आधुनिक समयमा बदलिदो सूचना प्रविधि, स्थानिय परिवेश र विद्यालयको आर्थिक परिवेशलाई ख्याल गरी प्र.अ., शिक्षकहरु र लगानिकर्ताहरु मिली छनोट गर्ने गरेको कुरा बताउनुहुन्छ । शिक्षा मन्त्रालयको मातहतको पाठ्यक्रम विकास केन्द्रले तोकेको पाठ्यक्रम र पाठ्यपुस्तक आफूले लागु गर्ने भएकाले पाठ्यपुस्तकको छनोट प्रक्रियामा आफूहरुलाई कुनै समस्याहरु र झन्झट नहुने सामूदायिक विद्यालयका प्र.अ. ले बताउनु भएको छ भने सस्थागत विद्यालयले पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको पाठ्यक्रम लागु गरेतापनि पाठ्यपुस्तक चाहि बाह्य प्रकासनको स्वीकृत प्राप्त अंग्रजी माध्यमको छनोट गर्ने भएकाले सो पाठ्यपुस्तक पाठ्यक्रम अनुरुप छ वा छैन, समग्र विद्यार्थीलाई प्रतिनिधित्व गर्न सक्छ वा सक्दैन, यसका सरलता, सहजता वा जटिलता के कति छ यि यस्ता समस्याहरु रहेको र यसलाई समाधान गर्नका लागि पाठ्यक्रम विकास केन्द्रले यि बाह्य प्रकाशनको गुणस्तरलाई निरिक्षण र मूल्याङ्कन गर्नुपर्ने कुरा दिप ज्योती विद्याश्रमका प्र.अ. ले बताउनुहुन्छ । अत : दुबै किसिमका विद्यालयले पा.वि.के. ले स्वीकृत गरेका पाठ्यपुस्तकहरु प्रयोग गरेका हुनाले उपयुक्त भन्न सकिन्छ ।

## ४.२. समय तालिकाको तुलना

पाठ्यक्रम कार्यान्वयनको लागि आवश्यक समयतालिकाबारे सूचनाहरु संकलन गर्दा प्र.अ. सँगको अर्न्तवाता फारम, शिक्षक प्रश्नावलि, लक्षित समूह छलफल र दस्तावेजको सहायता लिएको थियो । यि यस्ता अनुसन्धानका साधनहरुबाट दुबै विद्यालयका समय तालिका सम्बन्धि प्राप्त तथ्यगत जानकारीलाई तलको तालिकामा प्रष्ट पारिएकोछ । यस अध्ययनको क्रममा सामूदायिक विद्यालय र सस्थागत विद्यालयबाट प्राप्त समयतालिका मध्ये कक्षा ८ को समयतालिका लाई मात्र यस तालिकामा प्रस्तुत गरीएको छ । जसमा नमुनामा परेको सामूदायिक विद्यालय श्री सगरमाथा ज्ञानपुञ्ज उ.मा. ले

कक्षा ८ लाई २ वटा सेक्सन र सस्थागत विद्यालय श्री दिपज्योति विद्याश्रम (मा.वि.) ले कक्षा ८ लाई ३ वटा सेक्सनमा बिभाजन गरेको पाइयो जसमध्ये दुबै विद्यालयको सेक्सन 'A' को समय तालिकालाई मात्र यहाँ प्रस्तुत गरिएको छ ।

## तालिका ४. २

### सामुदायिक र संस्थागत दुबै विद्यालयको समय तालिका

| पिरियड | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | समय | विषय | समय | विषय |
| प्रथम | १०:२०-११:०० | हाम्रो नेपाली किताब | १०:००-१०:४० | Math |
| दोस्रो | ११:००-११:४० | हाम्रो अंग्रेजी किताब | १०:४०-११:२० | English |
| तेस्रो | ११:४०-१२:२० | हाम्रो विज्ञान किताब | ११:२०-१२:०० | Computer, Moral & civic |
| चौथो | १२:२०-०१:०० | हाम्रो सामाजिक अध्ययन | १२:००-१२:४० | Science |
| खाली समय | ०१:००-०१:३० | ............. | १२:४०-०१:०० | .............. |
| पाँचौ | ०१:३०-०२:१० | हाम्रो गणित किताब | ०१:००-०१:४० | Social studies |
| छैठौ. | ०२:१०-०२:५० | हाम्रो जनसंख्या र वातावरण शिक्षा | ०१:४०-०२:२० | Nepali |
| सातौं | ०२:५०-०३:३० | हाम्रो स्वास्थ्य तथा शारीरिक शिक्षा | ०२:२०-०३:०० | Opt. Math, Population & Environment |
| आठौं | ०३:३०-०४:१० | हाम्रो पूर्व व्यवसायिक र नैतिक तथा नागरिक शिक्षा | ०३:००-०३:४० | Health & Physical, Pre vocational (Office practice & accountancy) |

स्रोत : विद्यालय सर्वेक्षण २०६९

नोट : सामुदायिक विद्यालयको विद्यालय सुरु हुने समय विहान १० : ०० बजे र सस्थांगत विद्यालयको विद्यालय सुरु हुने समय विहान ०९ : ३० बजे रहेको छ ।

सामूदायिक विद्यालयको समय तालिका हेर्दा विद्यालय खुल्ने समय विहान १० बजे रहेको छ भने त्यसपश्चात १५ मिनेट प्राथना कार्यक्रम हुने उल्लेख भएको पाइन्छ । प्रत्येक घण्टिको समय अवधि ४० मिनेट रहेको, ४ घण्टी पछि ३० मिनेटको खालि समय रहेको र अन्तिम आठौं घण्टी ४: १० मा समाप्त हुने उल्लेख गरिएको पाइन्छ भने सस्थागत विद्यालयमा चाहि विहान ९:३० मा खुल्ने, त्यसपछि २५ मिनेटको प्राथना कार्यक्रम (बाजागाजासहित) हुने र चौथो पीरियड पछि २० मिनेटको टिफिन समय र आठौं पिरियड ३:४० मा समाप्त हुने उल्लेख भएको पाइन्छ । यस सस्थागत विद्यालयको घण्टी अवधि पनि सामूदायिक विद्यालय सरहनै ४० मिनेटको रहेको छ । यस समय तालिकाको योजना निर्माण गर्दा प्र.अ. र विषय शिक्षकहरु मिलेर गराउने कुरा दुबै विद्यालयका प्र.अ.ले बताउनु भएको छ भने संथागत विद्यालयले लोडसेडिङ तालिकालाई पनि ध्यान पुराएको पाइन्छ । सामूदायिक विद्यालय श्री सगरमाथा ज्ञानपुञ्जमा समयतालिका अनुसार शिक्षकहरु समयमा कक्षामा नजाने र अनिवार्य विषय गणित विषयको समय टिफिन पछि भएकाले विद्यार्थीहरुले पठनपाठनमा अल्छिगर्ने गरेको कुरा प्र.अ.ले बताउनु भएको छ भने सस्थागत विद्यालयको समय तालिकामा प्रमुख समस्या भनेको समय समयमा बत्ति जानु नै रहेको प्र.अ. र शिक्षकहरु बताउनुहुन्छ, साथै यस बत्तिको समस्या समाधान गर्न सोलार खरिदकार्यको लागि संस्थापन पक्ष आर्थिक जोहमा जुटेको बताउनुहुन्छ ।

### ४.३. शैक्षिक क्यालेण्डरको तुलना

विद्यालयमा पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने शैक्षिक क्यालेण्डर के-कस्तो रहेको छ यसको योजना प्रक्रिया के-कस्तो रहेको छ र समस्याहरु के-कस्तो रहेको छ भनि प्र.अ. सँग अन्तवार्तामा सोधिएको थियो । जसमा दुबै विद्यालयका प्र.अ.हरुको जवाफ समान प्रकृतिको पाइयो । उहाँहरुले विद्यालयको क्यालेण्डर निर्माणगर्न शिक्षक-शिक्षिका, विद्यालय व्यवस्थापन समिति, प्रशासन र प्रधानाध्यापक विचको संयुक्त छलफल र सहमति अनुसार शैक्षिक क्यालेण्डर निर्माण गरिने कुरा बाताउनु भएको छ । जसमा बर्षभरी विद्यालय खुल्ने दिन, विद्यालयमा पढाई हुने दिन, विद्यालय विदा हुने दिन र विद्यालयको परिक्षा कहिले र कुन महिना समयमा बनाउने भन्ने कुराको स्पस्ट जानकारी गराइएको पाइन्छ । यस अनुसन्धानको क्रममा शैक्षिक क्यालेण्डर सम्बन्धि दुबै विद्यालयबाट प्राप्त तथ्यगत जानकारीहरु यस्तो रहेको छ ।

**तालिका ४.३**

**विद्यालयको शैक्षिक कार्यतालिका**

| **विद्यालय** | **स्कुल खुल्ने दिन** | **पढाइहुने दिन** | **परीक्षा हुने दिन** | **सम्पुर्ण बिदाहरु** |
|---|---|---|---|---|
| सामुदायिक | २३७ | २०६ | ३१ | १२८ |
| संस्थागत | २८३ | २३० | ५३ | ८२ |
| भिन्नता | सं.=४६ दिन धेरै | सं.=२४ दिन धेरै | सं=२२ दिन धेरै | सा.=४६ दिन धेरै |

स्रोत : विद्यालय सर्वेक्षण २०६९

सामूदायिक विद्यालयको शैक्षिक क्यालेण्डर लाई हेर्दा विद्यालय खुल्ने दिन २३७, पढाई हुने दिन २०६, परिक्षा हुने दिन ३१ र विदा हुने दिन १२८ रहेको छ। यस विदा हुने दिन भित्र गर्मी बिदा ३५ दिन, दशै-तिहार विदा ३१ दिन, स्थानिय विदा ५ दिन, यि विदा भित्र नपरेका बाँकी शनिवार ४० दिन र अन्य राष्ट्रिय पर्व १७ दिन पनि समावेश गरिएको छ । त्यसैगरी संस्थागत मा.वि.को शैक्षिक क्यालेण्डरलाई हेर्दा विद्यालय खुल्ने जम्मा दिन २८३, पढाईहुने दिन २३०, परिक्षा हुने दिन ५३ र विदा हुने दिन ८२ रहेको छ । दुवै विद्यालयको शैक्षिक क्यालेण्डरलाई तुलनात्मक रुपले अध्ययन गर्दा सामूदायिक विद्यालय भन्दा सस्थागत विद्यालय बर्षभरीमा ४६ दिन बढि खुल्ले, २४ दिन बढि पढाई हुने, परिक्षा अर्थात मूल्याङ्कनकार्य २२ दिन बढि हुने गरेको देखिन्छ । दुबै विद्यालयमा पढाईहुने दिन शिक्षा ऐनले तोकेको भन्दा धेरै रहेकोले यसलाई एउटा राम्रो पक्ष मान्न सकिन्छ।

## ४.४. भौतिक पूर्वाधार व्यवस्थापनको तुलना

नमुना छनोटमा परेको सामूदायिक र सस्थागत विद्यालयको भौतिक पूर्वाधारको अवलोकन गर्दा समग्रमा दुबै विद्यालयमा राम्रो र सबल रहेको पाइएको छ। सामूदायिक विद्यालयको भवन, कक्षाकोठाको आकार, कक्षाकोठामा घाम लाग्ने, हावाको ओहोर दोहोर, डेस्क बेन्चको व्यवस्था, पिउने पानिको व्यवस्था, खेलमैदान, शौचालय र कालोपाटिको व्यवस्था निकै राम्रो रहेको पाइयो भने पुस्तकालयमा विद्यार्थीहरुलाई अध्ययन गर्नका लागि प्रयाप्त पुस्तकहरु नभएको र अध्ययनकालागि पनि उपयुक्त र प्रयाप्त स्थान नभएको पाइएको छ । त्यसैगरी सस्थागत विद्यालयमा पनि भौतिक पूर्वाधारहरु अझ बढी व्यवस्थित रहेको पाइयो । सस्थागत विद्यालयमा आवश्यक सबै पूर्वाधारहरु प्रयाप्त रहेको, डेस्क बेन्च, पिउने पानि, शौचालय, सेतोपाटि, पुस्तकालय र भवन आदि सबै उपयुक्त र राम्रो रहेको पाइयो । त्यसमा पनि पुस्तकालय र कम्प्युटर कक्षा निकै नमुनागत रुपमा स्तरिय रहेको पाइयो । सस्थागत विद्यालयमा कम्प्यूटर ल्याब दुई प्रकारको रहेको पाइयो जसको नाम LAB 'A' र LAB 'B' राखिएको थियो ।

LAB 'A' र LAB 'B' मा ३०, ३० वटा गरी ६० वटा कम्प्युटरहरु सूचारु अवस्थामा रहेको अवलोकनको क्रममा पाइएको थियो । जुन विद्यार्थीहरुको प्रयोगकोलागि मात्र रहेको थियो । साथै सबै कम्प्युटरमा इन्टरनेटको सूविधा रहेको जानकारी प्र.अ. बाट पाईएको थियो । तर यस सस्थागत विद्यालयमा खेलमैदानको लागि निकै समस्या भोग्नु परेको विद्यार्थीहरु र प्र.अ. ले बताउनु भएको छ । खेलमैदान निकै सानो रहेको कारण फूटबल, दौड जस्ता खेलहरु खेल्न १ कि.मि. टाढा जानुपर्ने विद्यार्थीहरुको बाध्यता रहेको छ ।

विद्यालयमा आवश्यक भौतिक पूर्वाधारहरुको ब्यवस्था गर्नका लागि समुदायका समाजसेवी, ब्यवस्थापन समीति, सलाहाकार समीति, राष्ट्रिय र अन्तराष्ट्रिय संघसस्थाहरु, स्थानिय निकायहरु र अभिभावकहरुको सहयोग लिने गरेको कुरा सामूदायिक विद्यालयका प्र.अ. दिपक कुमार मल्लले बताउनु भएको छ । उहाँ भन्नुहुन्छ पुस्तकालय ब्यवस्थापनको लागि एउटा छुट्टै भवन बनाउनको लागि आर्थिक समस्या रहेको छ र यसको समाथानका लागि अभिभावकहरु र स्थानिय बासिन्दाहरुबाट विद्यालयले सहयोग स्वरुप केहि रकम उठाएको जानकारी गराउनु भएको छ । त्यसैगरी संस्थागत विद्यालयको भौतिक साधनहरुको ब्यवस्थापन लगानिकर्ताहरुबाट हुने गरेको त्यहाँका प्र.अ.डिल्ली शाहले बताउने भएको छ । जसको लागि आवश्यक रकमहरु विद्यार्थीहरुबाट उठ्ने रकम र बैकिंङ लोनहरु हुने गर्दछ । यस सस्थागत विद्यालयमा भौतिक पूर्वाधार अर्न्तगतको प्रमुख समस्या भनेको खेल मैदान आफ्नो विद्यालयको नभएको र खेल खेल्न १ कि.मि. टाढा जानुपर्ने समस्यालाई समाधान गर्नका लागि विद्यालय नजिकैको खालि जमिनलाई भाँडामा लिई हाल सम्माउने कार्य भइरहेको उहाँले बताउनुभएको छ । जुन प्रत्यक्ष अवलोकनमा पनि देखिन्छ ।

### ४.५ शिक्षक ब्यवस्थापनको तुलना

छनोटमा परेका सामूदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ८ मा शिक्षकको भार, शिक्षकको उपस्थिति, शिक्षकको विषयथत विशिष्टिकरण, शिक्षकले पढाउने विषय, शिक्षकहरुको छनोट प्रक्रिया, छनोटका समस्याहरु, समाधानका उपायहरुबारे थाहा पाउन विद्यालय सर्वेक्षण फारम, प्र.अ. सँग अन्तर्वाता फरम, शिक्षक प्रश्नावलि र दस्तावेजहरुको सहायता लिइएको थियो । निम्न माध्यामिक तहको कक्षा ८ मा विभिन्न उमेर, क्षमता, रुचि र दक्षता भएका विद्यार्थीहरु विभिन्न धर्म, परिवेश, रहनसहन र भाषा भाषिक पृष्ठभुमि भएका विद्यार्थीहरु पठनपाठन गर्ने गर्दछन । यि यस्ता विद्यार्थिहरुलाई समेठ्ने गरी शिक्षण कार्य गर्नु एक चूनौतिपूर्ण र निकै प्राविधिक कार्य रहेको छ । शिक्षकले शिक्षणकार्य गर्दा के कस्ता उद्देश्यहरु छनोट गर्ने, कस्ता सामग्रीहरुको छनोट गर्ने, कुन शिक्षण विधि अपनाउने, कुन समयमा शिक्षण सामग्रीको प्रयोग गर्ने, मूल्याङ्कन कुन समयमा गर्ने आदि जस्ता कुराहरुको निक्यौल गर्नुपर्छ तवमात्र कक्षा शिक्षण प्रभावकारी हुन सक्दछ । यस्तो खालको महत्वपूर्ण भूमिका निर्वाह गर्ने शिक्षकहरुको योग्यता के कस्तो छ , कुन विषयमा विशिष्टिकरण गर्नुभएको छ, कुन विषय अध्यापन गराउनु भएको छ, शिक्षक

भार के कस्तो छ र शिक्षक उपस्थिती कस्तो छ सोको पहिचान गरी सामूदायिक र सस्थागत विद्यालयको कक्षा ८ मा शिक्षण गर्ने शिक्षकहरुको व्यवस्थापनबारे तुलना गर्न खोजिएको छ । विद्यालय सर्वेक्षण फारम र दस्तावेज अध्ययनबाट प्रप्त सुचना अनुसार सामूदायिक र सस्थागत विद्यालयमा कक्षा ८ मा शिक्षण गर्ने शिक्षकहरुको योग्यता, विशिष्टिकरण, भार, पढाउने विषय, गत बर्षको बार्षिक उपस्थीति दिन र बार्षिक बिदा लिएको दिनहरुबारे अनुसूची ११ र १२ मा स्पष्ट रुपमा प्रस्तुत गरिएको छ ।

अनुच्छेद ११ र १२ मा उल्लेख दुई वटै तालिकालाई नियाल्दा सामूदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा शिक्षकहरुको हाजिर हुने दिन धेरै रहेको, Computer र opt.math जस्तो महत्वपूर्ण विषय पढाइ हुने गरेको, शिक्षक भार तुलनात्मक रुपमा बढि रहेको र विद्यालय खुल्ने दिन पनि धेरै रहेको पाइएको छ । तर सस्थागत विद्यालयका शिक्षकहरुले सामूदायिक को तुलनामा बढि विदा लिने गरेको पाइएको छ । यो विदा लिएको समयमा विद्यार्थीहरुको परिक्षा तयारी अगाडिको विदा भर्ना अगाडिको विदा र पढाई हुने २२० दिन भन्दा बाहिरको समयमा लिइएको विदालाई समेत समावेश गरिएको छ । सामूदायिक विद्यालयका प्र.अ. दिपक कुमार मल्लले रिक्त रहेको शिक्षक पद परिपूर्तिको लागि जि.शि.अ. बाट अनूमति लिई दरखास्त आव्हान गर्न विद्यालयमा विद्यालय निरिक्षक वा स्रोत व्यक्तिको सहभागितामा एउटा शिक्षक छनोट समितिको गठन गर्ने र त्यहि छनोट गरिएको समिति मार्फत दरखास्त आव्हान गरी दरखास्त दिएका सबै उमेद्वारहरुलाई लिखित, मौखिक र कक्षा शिक्षण ( प्रयोगात्मक) प्रकृतिको परिक्षा लिई यि परिक्षामा प्राप्त गरेका प्राप्ताङ्कका आधारमा सबै भन्दा बढि अंक प्राप्त गर्ने व्यक्तिलाई रिक्त पदमा छनोट गरिने कुरा बताउनु भएको छ । शिक्षक छनोट प्रक्रिया आफैमा एउटा लामो र झन्झटिलो प्रक्रिया रहेको, शिक्षक छनोट गर्दा राजनैतिक दबाब सहनुपर्ने र जातिगत बाहुल्यतामा शिक्षक छनोट गरिनुपर्ने जस्ता कारणले गर्दा दक्ष शिक्षकहरुको छनोटमा समस्या परेको उहाँ बताउनु हुन्छ । जसको समाधानको लागि एक मात्र उपाय शिक्षक सेवा आयोगबाट दक्ष जनशक्ति छनोट गरी व्यवस्थापन गर्नुपर्ने उहाँ बताउनुहुन्छ । शिक्षा ऐन र नियम अनुसार सामूदायिक विद्यालयले विद्यार्थीसँग रकम असुल्न पाइदैन तर पैसा नअसुलि विद्यालय पनि चल्दैन किनभने २१ जना शिक्षक-शिक्षिकाहरु र ५ जना कर्मचारी रहेको यस सामूदायिक विद्यालयमा मात्र ३ जना दरबन्दि शिक्षकहरु हुनुहुन्छ अब यो अवस्थामा कसरी शिक्षक ब्यवस्थापन गुणस्तरिय हुन सक्छ, कसरी शैक्षिक विकेन्द्रिकरण हुनसक्छ र छनोट गरिएका शिक्षकहरुले उत्तरदायि रुपले आफ्नो जिम्मेवारी पुरागर्दछन् हाल शिक्षा क्षेत्रमा यो एउटा ठूलो चूनौतिको रुपमा रहेको छ ।

त्यसैगरी सस्थागत विद्यालयको प्र.अ. डिल्ली शाह सँगको अन्तरवार्तामा उहाँले विद्यालयमा आवश्यक शिक्षकहरुको पदपूर्ति गर्नुपर्दा विद्यालयका लगानिकर्ता वा सस्थापकहरु र ब्यवस्थापकहरुसँग छलफल गरी आवश्यक पद र विषयगत विशिष्टिकरण प्रष्ट पारी शैक्षिक सत्रको सुरुमा दरखास्त आव्हान गरिन्छ र सो दरखास्तका आधारमा प्राप्त आवेदनहरुबाट एउटा सानो सूचि (Short List) तयार गरी त्यस सूचि अन्तर्गत परेका उमेद्वारलाई मात्र अन्तरवार्तामा बोलाइन्छ र प्रयोगात्मक शिक्षण पनि गर्न

लगाई गुणस्तरिय शिक्षणका आधारमा शिक्षक छनोट गरिन्छ भनेर बताउनुभएको छ । उहाले शिक्षक छनोट गर्दा नातावाद र कृपावादको दवाव आउने कुरालाई शिक्षक छनोटको ठूलो समस्या बताउनु भएको छ । उहाँले नेपाल सरकारको अधिकार प्राप्त सस्थानमा दर्ता भएका यस्ता खालका शिक्षण सस्थाहरुको शिक्षकहरुको छनोट प्रक्रिया निजि विद्यालयहरुको कुनै माथिल्लो निकायको संगठनले गर्दिदा राम्रो हुन्थ्योकी भन्ने कुरा ब्यक्त गर्नुभएको छ । यि माथिका कुराहरुलाई विश्लेषण गर्दा शिक्षामा निजिकरण र विकेन्द्रिकरण प्रणालीलाई ब्यवहारमा उतार्नसकेमात्र विद्यालयमा शिक्षक ब्यवस्थापन प्रभावकारी हुनसक्ने देखिन्छ ।

### ४.६. विद्यार्थी व्यवस्थापनको तुलना

शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी रुपमा सञ्चालन गरी अपेक्षित लक्ष्य र उद्देश्यहरु हासिल गर्नकालागि विद्यार्थीहरुको ब्यवस्थापन प्रभावकारी रुपमा गरिनु आवश्यक पर्दछ । विद्यार्थीहरुको व्यवस्थापन प्रभावकारी रुपमा गर्न सकेमा मात्र विद्यार्थीहरुले ज्ञान, सिप र धारणालाई राम्रो सँग सिकी व्यवहारिक जीवनमा प्रयोगमा ल्याउन सक्दछन । यस अययनको समय शैक्षिक सत्रको सुरुवातको अवस्था भएकाले सामूदायिक र सस्थागत दुवै विद्यालयहरुमा विद्यार्थी भर्ना अभियान जारी नै रहेको पााइएको थियो । अघिल्लो कक्षा ७ बाट कक्षा चढेर आउने विद्यार्थीहरु र नयाँ विद्यार्थीहरुको भर्ना कार्य नसकीएको भएतापनि सामूदायिक विद्यालयहरुमा २ वटा सेक्सन र सस्थागत विद्यालयमा ३ वटा सेक्सनमा कक्षा ८ को पठन पाठन सुरु भएको पाइयो । विद्यार्थीसंख्या धेरै हुनाको कारण यसरी सेक्सन छुट्टाएर पठन पाठन गराउनु परेको यि दुबै विद्यालयका प्र.अ. हरुले बताउनु भएको छ । सबै विद्यार्थीहरु भर्नाभई नसकेको र नयाँ भर्ना पनि जारी रहेको कारण स्वरुप मेरो यस अध्ययन दुबै विद्यालयको सेक्सन 'A' मा मात्र सिमित रहेको थिए ।

सस्थागत विद्यालय श्री दिपज्वति विद्याश्रम (मा.वि.)को कक्षा ८ को सेक्सन A को विद्यार्थीहाजिरी को पहिलो मिति वा पठनपाठन सुरु भएको सिहलो दिन २०६९ बैशाख ३ गते रहेको छ । यस सस्थागत विद्यालयको कक्षा कोठा अनूरुप प्रति सेक्सन ५० जना विद्यार्थीहरु राख्ने निर्णय अनुरुप सेक्सन A मा ५० जना विद्यार्थीहरुलाई भर्ना गरिएको छ भने विद्यालय सर्वेक्षण गरेको दिन २०६९/१/१० गतेका दिन ४७ जना विद्यार्थीहरुको उपस्थिती रहेको पाइएको थियो । त्यसैगरी सामूदायिक विद्यालय श्री सगमाथा ज्ञानपुञ्ज उ.मा.वि.मा कक्षा ८ को सेक्सन A को विद्यार्थी ब्यवस्थापनलाई हेर्दा ६० जना विद्यार्थीलाई सेक्सन A मा भर्ना लिइएको पाइयो । यस सामूदायिक विद्यालया यस शैक्षिक सत्रमा विद्यार्थीहरुको हाजीरी प्रथम पटक २०६०/१/१० गते लिइएको थियो भने विद्यालय सर्वेक्षण गर्दाको दिन २०६०/१/१४ गते ४७ जना विद्यार्थीहरुको उपस्थीति रहेको पाइएको थियो ।

शिक्षणमा विद्यार्थीहरुको सहभागिता के कस्तो रहने गर्दछ भन्ने शिक्षक प्रश्नावलिको उत्तरमा सस्थागत विद्यालयका शिक्षकहरुले निकै सक्रिय र अभ्यासात्मक प्रकृतिको हुने बताएका छन् भने सामूदायिक विद्यालयका शिक्षकहरुले कति खेर विद्यालय छुट्टिहोला र घुम्न जाउला जस्तो खालको व्यवहार विद्यार्थीहरुले गर्ने गरेको बताउनुहुन्छ । सामूदायिक विद्यालयका शिक्षक निम प्रकाश थापाले विद्यार्थीहरुले विद्यालयको ड्रेस भित्रबाट अर्को टि-सर्ट लगाएर आउछन र हाप छुट्टि पछि विद्यालयको ड्रेस सर्ट खोलेर झोलामा हालेर बाटोमा घुम्ने, डुल्न जाने जस्ता व्यवहार विद्यार्थीहरुले गर्ने गरेको कुरा व्यक्त गर्नु भएको छ ।

कक्षाकोठा अवलोकन गर्ने क्रममा कक्षाकोठामा विद्यार्थीहरुको बसाँई व्यवस्थापन र सक्रियतालाई नियाल्दा पनि सस्थागत विद्यालयमा बढि मात्रामा विद्यार्थीहरु सक्रिय, जिज्ञासु, लगनसिल, अनुसासित प्रकृतिका रहेका र सानो विद्यार्थीहरुलाई अगाडि र ठूला विद्यार्थीहरुलाई पछाडि बसाँईको व्यवस्था गरेको पाइयो । सस्थागत विद्यालयमा रहेका २ वटा कम्प्यूटर ल्याबमा ३०/३० वटा कम्प्यूटर गरी ६० वटा कम्प्यूटरको व्यवस्था गरिएको थियो । एउटा ल्याबमा रहेका ३० वटा सबै कम्प्युटरहरुलाई एउटा ठुलो कक्षामा गोलो प्रकृतिमा विद्यार्थीहरु बस्ने गरी बिचमा खालिठाउ राखि व्यवस्थापन गरिएको थियो र प्रत्येक कक्षाकोठामा कार्पेटको पनि व्यवस्था थियो । सामूदायिक विद्यालयमा पनि सानो विद्यार्थीहरु अगाडि र ठूला विद्यार्थीहरु पछाडि बस्ने गरी विद्यार्थी व्यवस्थापन गरिएको थियो । तर तुलनात्मक अध्ययनमा सस्थागत विद्यालयको तुलनामा साामुदायिक विद्यालयको विद्यार्थीहरु कम अनुसासित, अभद्र, बढि गफ गर्ने र कम सक्रियरहेको पाइयो साथै सामूदायिकमा कम्प्यूटर कक्षाको व्यवस्था नभएको, कार्पेटहरुको व्यवस्था नभएको, गोलो बसाँई नभएको र कक्षाकोठा सफा नगरिएको अवस्था पाइयो ।

कक्षा कोठामा विद्यार्थीहरुको व्यवस्थापन बारे लक्षित समूह छलफल अन्तर्गत सहभागि विद्यार्थीहरुसँग छलफल गर्दा सस्थागत विद्यालयका विद्यार्थीहरुले आफूहरु शिक्षक र शिक्षिकाको निगरानीमा बढिमात्रामा रहेको र उनीहरुबाट डराउनुपर्ने अवस्था रहेको बताएका छन् भने सामूदायिक विद्यालयका शिक्षकहरुले जान्ने विद्यार्थीलाई मात्र ध्यान दिने र कुनै एउटा कक्षाकोठा खाली हुदा वा शिक्षकको उपस्थिती नहुँदा अर्को शिक्षक अफिसमा पत्रिका पढेर बस्ने तर पढाउन कक्षाकोठामा नआउने कुरा व्यक्त विद्यार्थीहरुले गरेका छन साथै डेस्क बेन्चहरु पनि कक्षाकोठामा थप्नुपर्ने कुरा गरेका छन् ।

### ४.७. अतिरिक्त क्रियाकलापको तुलना

अतिरिक्त क्रियाकलाप भन्नाले पाठ्यक्रम भन्दा बाहिरको क्रियाकलाप जसले विद्यार्थीको अन्तरनिहित प्रतिभालाई बाहिर ल्याउन कलात्मक किसिमले सहयोग पुराउने क्रियाकलापलाई हामी बुझ्दछौ । यस तुलनात्मक अध्ययनको क्रममा विद्यालयमा के-कति प्रकारका अतिरिक्त क्रियाकलापहरु हुने गर्दछन् र त्यसको लागि के कस्तो प्रक्रिया अपनाइन्छ, अतिरिक्त क्रियाकलापका समस्याहरु के के

छन्, समाधानका उपाय र आधारहरु के के छन्, भन्नेबारे थाहा पाउन विद्यालय सर्वेक्षण फारम, प्र.अ. सँगको अन्तर्वाता फारम, शिक्षकहरुको प्रश्नावलि र लक्षित समूहको सहयोग लिइएको थियो । सामुदायिक विद्यालयमा प्रत्येक दिन प्राथना र पिटी हुनेगरेको र प्राय जसो शुक्रवार-शुक्रवार कुनै न कुनै अतिरिक्त क्रियाकलापहरु संचालन हुने गरेको कुरा प्र.अ., शिक्षक र विद्यार्थीहरु बताउछन् भने सस्थागत विद्यालयमा पनि प्राथना, पिटी, कम्प्यूटर कक्षाहरु, इमेल, इन्टरनेट जस्ता क्रियाकलापहरु दैनिक रुपमा हुने गरेको पाइयो । सामूदायिक र संस्थागत विद्यालयको शैक्षिक क्यालेण्डरमा र दस्तावेजहरुमा उल्लेख भएअनुसार विद्यालयमा संचालन गरिने अतिरिक्त क्रियाकलापका प्रकारहरु र समय अनुसूची १३ मा प्रस्तुत गरिएको छ ।

अनुसूची १३ मा उल्लेख दुबै विद्यालयमा हुने अतिरिक्त क्रियाकलापका ब्यवस्थाअनुसार प्रतियोगितामा भाग लिई उत्कृष्ट हुने प्रतियोगीहरुलाई उचित पुरष्कारको व्यवस्था पनि गरिएको पाइन्छ । प्रतियोगिताको प्रकृति अनुरुप कुनै प्रतियोगिताको सोहि दिन कुनैको बार्षिक उत्सवका दिन र जिल्ला स्तरिय प्रतियागिताको जिल्लाले निर्धारण गरेको समयमा पुरस्कृत गर्ने गरेको पाइयो । लक्षित समूहहरुसँगको छलफल गर्ने क्रममा सामूदायिक विद्यालयले क्यालेण्डर अनुरुप सोहि समय र सो समयको आसपासमा मात्र अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने गरेको पाइयो भने सस्थागत विद्यालयले निरन्तर रुपमा प्रत्येक शुक्रबार टिफिन पछिको समय अतिरिक्त क्रियाकलापमा खर्च गर्ने गरेको पाइयो ।

अतिरिक्त क्रियाकलाप सञ्चालनका समस्याहरु र समस्या समाधान वा राम्रो बनाउने उपायहरु सर्न्दभमा प्र.अ. अन्तर्वाता र शिक्षकहरुसँग प्रश्नावलिका माध्यमबाट सूचना संकलन गरिएको थियो । जसमा सामूदायिक विद्यालयका प्र.अ. र शिक्षकहरुले अतिरिक्त क्रियाकलापका साधनहरु महंगो हुनु, विद्यालयको आर्थिक स्थिती कमजोर हुनु, विद्यार्थीहरुको उत्साहजनक सहभागिता नहुनु, नियमसंगत ढंगले क्रियाकलाप सञ्चालन गर्न कठिनाई हुनु, समयको अपुग हुनु र सम्पूर्ण विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापकोलागि सामग्रीको कमी रहेको बताउनु भएको छ भने यसलाई समाधान वा राम्रोसँग प्रभावकारी रुपले सञ्चालन गर्नको लागि अभिभावकहरुको पूर्ण सहयोगको आवश्यकता, स्थानिय निकाय र अन्य श्रोतबाट आर्थिक जोह, दक्ष अतिरिक्त क्रियाकलाप ब्यवस्थापकको ब्यवस्था र विद्यार्थीहरुमा उत्पेरणात्मक कार्यक्रम सञ्चालन गरिनुपर्ने धारणा ब्यक्त गर्नुभएको छ ।

सस्थागत विद्यालयका प्र.अ. र शिक्षक वर्गहरुले अतिरिक्त क्रियाकलाप सञ्चालनको प्रमुख समस्या भनेको विद्यालयको खेल मैदानलाई नै जोड दिनु भएको छ । यस सस्थागत विद्यालयको आफ्नो खेलमैदान नभएकोले ठूला खेल खेल्न १ की.मी. टाढा जानु पर्ने बाध्यता रहेको छ । त्यसैगरी लोड सेडिङ्ग लाई पनि अर्को द्धितिय समस्याको रुपमा जोड दिनु भएको छ । यस विद्यालयका विद्यार्थीहरु भने अतिरिक्त क्रियाकलापमा निकै सक्रियताका साथ भाग लिने गरेको पाइन्छ र उत्कृष्ठ विद्यार्थीहरुलाई

निकै आर्कषक पुरस्कारहरु, टिसर्टहरु र कट्टुहरुको ब्यवस्था गरेको पाइएको छ । यस विद्यालयको खेलमैदानको समस्या लाई समाधान गर्न विद्यालय नजिकै एउटा ठूलो खालि जमिनलाई ५ बर्षे समझदारीमा भाँडामा लिई सम्माउने काम भइरहेको र लोड सेडिङ्गको लागि ठूलो क्षमताको सोलार मगाउनको लागि आर्थिक जोहमा जुटेको करा प्र.अ. र शिक्षकहरुले बताउनुभएको छ। भाडामा लिइएको खेलमैदान  सम्माउदै गरेको कार्य प्रत्यक्ष अवलोकनमा पनि देखिएको थियो । समग्रमा दुबै विद्यालयमा सञ्चालनमा रहेको अतिरिक्त क्रियाकलापको अवस्था सबल रहेको पाईन्छ।

### ४.८. कक्षाकोठा क्रियाकलापको तुलना

सामुदायिक र सस्थागत विद्यालयको कक्षा ८ को कक्षाकोठा क्रियाकलापको तुलनात्मक अध्ययन गर्दा प्र.अ. सँगको अन्तर्वाता, शिक्षक प्रश्नावलि, कक्षा अवलोकन फारम र समूह छलफलको सहायता लिइएको  थियो। विद्यालयमा पढाईहुने विषयहरु र समय तालिकालाई नियाल्दा सामूदायिक विद्यालय श्री सगरमाथा ज्ञानपुञ्ज उच्च मा.वि.को कक्षा ८ मा जम्मा ९ वटा  विषयहरु पढाई हुने र ति ९ ओटा विषयहरु पढाउन ६ वटा शिक्षकहरुको ब्यवस्था गरेको र संस्थागत विद्यालय श्री दिपज्वति विद्याश्रम ( मा.वि.) को कक्षा ८ मा जम्मा ११ वटा विषयहरु पढाईहुने र ति ११ वटा विषयहरु पढाउन ९ वटा शिक्षकहरुको ब्यवस्था गरेको पाईएकोछ। सामूदायिक विद्यालयको शैक्षिक सत्रको पढाई सुरु हुनु भन्दा संस्थागत विद्यालयमा ७ दिन पहिले बाट पठनपाटन शुरु भएको हुनाले कक्षा अवलोकन गर्ने कार्य पनि पहिले संस्थागत विद्यालयमा गरिएको थियो । दुबै विद्यालयमा सबै विषयको एक–एक पटक मात्र अवलोकन गरिएको थियो तर संस्थागत विद्यालयको नैतिक तथा नागरिक विषयका शिक्षकको कक्षा अवलोकनका दिन २०६९-१-१३ मा अनुपस्थितिका कारण उहाँको नैतिक तथा नागरिक विषयको कक्षा अवलोकन गर्न सकिएको थिएन । जसअनुसार सामुदायिक विद्यालयमा पढाईहुने ९ वटा विषयहरु र संस्थागत विद्यालयमा पढाईहुने ११ मध्ये १० वटा विषयहरुगरी जम्मा १९ वटा कक्षा क्रियाकलापको अवलोकन गरिएको थियो। संस्थागत विद्यालयको कक्षा अवलोकन कार्य मीति २०६९-१-१० र २०६९-१-१३ गते गरिएको थियो भने सामुदायिक विद्यालयको कक्षा अवलोकन कार्य मीति २०६९-१-१४ र २०६९-१-१७ गते गरिएको थियो। यि दुई विद्यालयको कक्षा क्रियाकलाप अवलोकनबाट प्राप्त सूचना अनुसार दुबै विद्यालयमा पढाईहुने समान विषयहरु र संस्थागतमा मात्र पढाईहुने विषयहरु सबै समावेश हुनेगरी तुलनात्मक रुपले यसरी प्रस्तुत गरेको छु जसमा कक्षा अवलोकन, प्र.अ. संगको अन्तवार्ता, शिक्षक प्रश्नावलि र लक्षित समूहको छलफलबाट प्राप्त सबै तथ्यगत जानकारीहरुलाई निम्न अनुसार प्रस्तुत गरिएको छ।

### ४.८.१ अंग्रेजी विषयमा कक्षाकोठा क्रियाकलापको तुलना

अंग्रेजी विषयको शिक्षणमा सामुदायिक विद्यालयमा पा.वि.के. द्वारा प्रकासित Our English Book नामक एउटा मात्र किताव पढाइ हुने गरेको र संस्थागत विद्यालयमा पा.वि.के. द्वारा प्रकाशीत Our English Book नामक किताव र Evergreen Publication, Kerala, India द्वारा प्रकाशित English Grammer & Composition नामक किताव गरी २ वटा किताव पढाई हुने गरेको पाइयो । सामूदायिक विद्यालयमा अंग्रेजी विषयको कक्षा कोठा क्रियाकलपको अवलोकन मिति २०६९-१-१४ गतेको दोस्रो पिरियडमा गरिएको थियो । सामुदायिक विद्यालयमा अंग्रेजी विषयका शिक्षक कक्षा सुरुको घण्टी लागेको लगभग १० मिनेट जति समय पछी मात्र कक्षा कोठामा प्रवेश गर्नु भएको थियो । उहाँले पहिलो एकाई How It All Began अन्तर्गत 1.4 को Pair Work : Using Present Prefect & Simple Past form of verbs उप-शिर्षकमा शिक्षण गर्नुभएको थियो । उहाँले कक्षाकोठामा प्रवेश पश्चात पाठ्यपुस्तक आफ्नो झोलाबाट निकालेर सिधै शिक्षण सुरुगर्न थाल्दा विद्यार्थीहरुले अघिल्लो दिनको गृहकार्य परिक्षण गर्न भनेपछि केही विद्यार्थीहरुको मात्र हेर्नुभएको थियो । उहाँले शिक्षण गर्दा कालो पाटिलाई ३ भागमा विभाजन गरेर उपयुक्त तरिकाले कालोपाटीको प्रयोग गर्नुएको थियो । कालो पाटीमा पहिलो छेउमा Infinitive शब्दहरु be, read & have जस्ता शब्दहरु लेखी अन्य दुई भागमा Past Simple & Past Perfect विद्यार्थीहरुलाई भन्न लगाएर लेख्नुभएको थियो । उहाँको विद्यार्थीसंगको प्रश्न सोद्धा पहिले प्रश्न गरेर एकछिन पछि विद्यार्थी तोक्नु पर्नेमा पहिलो विद्यार्थी तोके पछिमात्र प्रश्न सोध्ने कार्य गर्नु भएको थियो । सही उत्तर दिनेलाई उत्तिखेरै बस्न भन्नुहुन्थ्यो भने गलत उत्तर दिनेलाई २ मिनेट जती उभाइरहने गर्नु हुन्थ्यो ।

संस्थागत विद्यालयमा अंग्रेजी विषयको कक्षा क्रियाकलापको कक्षा अवलोकन मिति २०६९-१-१० गतेको दोस्रो पिरिडयमा गरिएको थियो । संस्थागत विद्यालयका अंग्रेजी विषयका शिक्षक विद्यालयको सुरुवातका दिनमा Evergreen Publication द्वारा प्रकासित English Grammer & Composition पुस्तकबाट शिक्षण गर्नु भएको थियो । घण्टी लागेपछिको २ मिनेट जति समयमै कक्षा कोठामा पुग्नु भएका विषय शिक्षकले Grammar पुस्तकको पहिलो एकाई The Sentence अन्तर्गत Change of One form of sentence into another उपशिर्शकमा शिक्षण गर्नु भएको थियो । जसमा उहाँले Affirmative Sentence हरुलाई Negative Sentence मा परिवर्तन गर्न र Negative sentence लाई Affirmative Sentence मा परिवर्तन गर्न विद्यार्थीहरुलाई सिकाउनु भएको थियो । जसको लागि उहाँले प्रयोग गर्नु भएको White Board प्रति सम्पूर्ण विद्यार्थीहरुको आँखा खिचिएको थियो उहाँको स्पष्ट, मिठो र ठुलो आवाजको बोलिले कक्षाकोठाको वातावरणलाई निकै सान्तपारेको थियो । पाठको प्रस्तुतिमा सरलता र स्पष्टता, कक्षा सुरुवातमा पूर्व पाठको पुनरावलोकन, प्रश्न गरेर मुल्याङ्कन गर्ने तरिका, कक्षा कार्य, कक्षा कार्य राम्रो गर्नेलाई कुममा थपथप पारेर दिने स्यावासी र पाठको अन्त्यमा गृहकार्य दिने कार्य सबल रहेको पाइएको थियो । अंग्रेजी विषयको शिक्षणमा आदर्शवादी दार्शनिक सुकरातले भने जस्तै प्रश्नोत्तर विधिको प्रयोग दुबै विद्यालयमा भएको पाईयो ।

### ४.८.२ नेपाली विषयमा कक्षा कोठा क्रियाकलापको तुलना

नेपाली विषयको कक्षा कोठा क्रियाकलापको अवलोकन सामुदायिक विद्यालयमा मिति २०६९-१-१४ गते पहिलो घण्टीमा र संस्थागत विद्यालयमा मिति २०६९-१-१० गते छैठौं घण्टीमा गरिएको थियो । सामुदायिक विद्यालयमा नेपाली विषयका शिक्षक घण्टी सुरु भएको ५ मिनेटमा कक्षाकोठामा प्रवेश गरी विद्यार्थी हाजिरि कार्य गर्नु भएको थियो । सामुदायिक विद्यालयको नेपाली विषयको कक्षा क्रियाकलाप समय १०:२० देखि ११:०० बजेसम्मको जम्मा ४० मिनेट अवधिको रहेको थियो । हाजिरि पश्चात विषय शिक्षकले पहिलो दिन पढाइ भएको प्रश्नोत्तर कविताको बारेमा सामान्य पुनरावलोकनका लागि केही प्रश्नहरु गर्नु भएको थियो र सो प्रश्नोत्तर कवितामा रहेको अभ्यासको छलफल तर्फ अगाडी बढ्नु भयो । अभ्यास अन्तर्गत ठीक भनाई सार्ने, शुद्ध संग उच्चारण गर्ने, शब्दको अर्थ लेख्ने, वाक्यमा प्रयोग गर्ने, छोटो उत्तर लेख्ने जस्ता अभ्यासको बारेमा छलफल गर्नु भएको थियो । उहाँको यस कक्षा कोठा क्रियाकलापमा विद्यार्थीहरुलाई प्रश्न गर्ने तरिका निकै सबल रहेको, कक्षा कार्य गर्न लगाउने, सहि उत्तरमा स्याबासी दिएर पृष्ठपोषण दिने र गृहकार्य गर्न लगाउने जस्ता कार्य गर्ने गरेको पाइयो भने शैक्षिक सामग्रीमा दैनिक रुपमा प्रयोग गरिने सामग्रीहरु जस्तो : चक, डस्टर र कालोपाटीको मात्र प्रयोग गरिएको पाईयो । उहाँले शिक्षणमा आदर्शवादी शिक्षणविधि जस्तो : छलफल विधि र प्रश्नोत्तर विधिको कार्यान्वयन निकै सबल रुपमा गर्नुभएको पाईएको थियो ।

संस्थागत विद्यालयमा नेपाली विषयको कक्षाकोठा क्रियाकलापको अवलोकन मिति २०६९-१-१० गतेको छैठौं घण्टीमा गरिएको थियो । यस विद्यालयको कक्षा ८ मा नेपाली विषयको पठनपाठनका लागी २ वटा पाठ्यपुस्तकको व्यवस्था गरिएको पाइएको थियो । जसमा पाठ्यक्रम विकास केन्द्रले प्रकाशित गरेको हाम्रो नेपाली किताव र तलेजु प्रकाशनको सरल निम्न माध्यामिक व्याकरण रहेको छ । अवलोकनका दिन नेपाली विषय शिक्षकले पाठ्यक्रम विकास केन्द्र द्वारा प्रकाशित हाम्रो नेपाली कितावको दोस्रो पाठ सबैको रक्षक कानुनको परिभाषा र अर्थको बारेमा शिक्षण गर्नु भएको थियो । समयमै कक्षामा प्रवेश गर्ने, पूर्व पाठको पुनरावलोकन गर्ने, परिभाषा र अर्थको मूल मर्मलाई प्रष्ट पार्ने, विद्यार्थीहरुमा प्रश्न गर्ने, राम्रो कुराको पृष्ठपोषण दिने जस्ता कार्य उहाँको राम्रो विशेषता रहेको पाइएको छ तर शैक्षिक सामग्रीको र प्रयोग र गृहकार्य दिने कार्यमा कक्षा कोठा क्रियाकलप कमजोर रहेको पाइयो । संस्थागत विद्यालयमा नेपाली विषयको शिक्षणमा पनी आदर्शवादी प्रश्नोत्तर विधिको प्रयोग गरेको पाईयो ।

### ४.८.३ गणित विषयमा कक्षाकोठा क्रियाकलापको तुलना

गणित विषयको पाठ्यक्रम कार्यान्वयनमा सामुदायिक विद्यालयले पा.वि.के. द्वारा प्रकाशित हाम्रो गणित किताव नामक पाठ्यपुस्तक र संस्थागत विद्यालयले Unique Educational Publication द्वारा प्रकाशित Unique Mathematics नामक पाठ्यपुस्तक कार्यान्वयनमा ल्याएको पाइन्छ । सामूदायिक विद्यालयमा गणित विषयको कक्षा कोठा क्रियाकलपको अवलोकन २०६९-१-१४ गतेको पाँचौं पिरियडमा गरिएको थियो । सामूदायिक विद्यालयमा गणित विषय शिक्षकले कक्षा-कोठा क्रियाकलाप अवलोकनका दिन एकाई एक को समुह (SET) नामक पाठशिर्षक अन्तर्गत उपयुक्त र अनुपयुक्त उपसमूहहरुको बारेमा अध्यापन गराउनु भएको थियो । उहाँ घण्टि लागेको लगत्तै कक्षाकोठामा प्रवेश गरि विद्यार्थीहरुलाई पढ्नको लागि आफूप्रति ध्यान आकर्षित पार्नुभएको थियो । टिफिन समयपछिको पहिलो कक्षा भएकोले विद्यार्थीहरु कक्षामा आउने क्रम जारिनै रहेको हुनाले कक्षाको सुरुवातमा एउटा रमाइलो जोक्स भनेर विद्यार्थीहरुलाई आफूतिर ध्यानकार्षण गराउनु भएको थियो । त्यसपश्चात पूर्व पाठको पुनरावलोकन गर्दै त्यसदिनको पाठ तिर प्रवेश गुर्न भएको थियो । उहाँले उपयुक्त र अनुपयुक्त उपसमूहहरु को उदाहरणलाई कालोपाटीमा लेखी उदाहरण र चित्र सहित प्रष्ट पार्नु भएको थियो, जसको लागि विद्यार्थीहरुलाई ज्यामिति बक्सबाट स्केल र कम्पासको प्रयोग गर्न लगाउनू भएको थियो । कक्षा कार्य गर्दा राम्रो गर्ने विद्यार्थीलाई अत्यन्तै रोचक प्रबृत्तिले यस्ले अव केही गर्छ र राम्रो गरिस् स्याबास जस्ता शब्दहरु भनेर पृष्ठपोषण प्रदान गरेको पाइयो भने गृहकार्य दिने गरेता पनि अघिल्लो दिनको गृहकार्य नहेरेको पाइयो । विषय शिक्षकले टिफिन पछिको पहिलो कक्षा भएकाले विद्यार्थीहरु अलि बढि हल्ला गर्ने र अल्छि गर्ने समस्या भएको हुनाले यस गणित विषयको समय तालिकालाई टिफिन अगाडी बनाउनु पर्ने बताउनु भएको थियो ।

संस्थागत विद्यालयमा भने पहिलो घण्टीनै गणित विषयको भएकोले विद्यार्थीहरु सक्रियका साथ कक्षाकोठामा अन्तर्क्रिया गर्ने गरेको पाइएको छ । संस्थागत विद्यालयमा गणित विषयको कक्षा कोठा क्रियाकलापको अवलोकन २०६९-१-१० गतेको पहिलो घण्टिमा गरिएको थियो । संस्थागत विद्यालयको गणित विषयका विषय शिक्षक घण्टी लाग्ने वित्तिकै कक्षाकोठामा प्रवेश गरी विद्यार्थी हाजीरी कार्य सम्पन्न गर्नु भएको थियो । हाजीरी कार्यको समाप्तिपछि अघिल्लो दिनको गृहकार्य परिक्षण गर्ने कार्य गर्नु भएको थियो । विद्यार्थीहरुको अनुशासन र कक्षा क्रियाकलापमा देखिएको सक्रियाता निकै राम्रो रहेको थियो । नबुझेका र स्पष्ट नभएका प्रश्नहरुको बारेमा शिक्षक संग कुनै पनि डर नमानि सजिलै संग प्रश्नहरु गर्ने गरेको पाइयो भने शिक्षकको पनि सरल प्रकृतिले बुझाउने गरेको पाइयो । विद्यार्थीहरुले हल गर्न नसकेको अघिल्लो दिनको गृहकार्यलाई White Board मा हल गरि प्रष्ट पर्नु भएको थियो । गृहाकार्यको परिक्षण र हल गरिसकेपछी मात्र उहाँ सो दिनको पाठ शिर्षक Difference of Sets को Exercise No. 2 मा प्रवेश गर्नुभएको थियो । जून एकाइ एक अन्तर्गत नै पर्दथ्यो । अभ्यासमा उल्लेख प्रश्नहरुलाई कसरी Venn - Diagram मा राख्ने भनि White Board मा Venn - Diagram को चित्र

बनाई ती चित्रमा अंकहरु भरी विद्यार्थीहरुलाई सिकाउनु भएको थियो । तत्पश्चात पुस्तकमा उल्लेख नभएको एउटा प्रश्न White Board मा प्रस्तुत गरी विद्यार्थीहरुलाई हल गर्न लगाई प्रत्येक बेन्च सम्म पूगी कक्षा कार्यको परिक्षण गर्नू भएको थियो । यस संस्थागत विद्यालयको गणित विषयको कक्षा कोठा क्रियाकलपमा पनि ज्यामिति बक्सको प्रयोग भएको पाइएको थियो पृष्ठपोषको कुरा गर्दा सवै विद्यार्थीसंगको मिठो बोली र मायालु व्यवहार नै उहाँले विद्यार्थीहरुलाई प्रदान गर्ने पृष्ठपोषणको रुपमा रहेको थियो । अन्त्यमा घण्टी लाग्ने वित्तिकै पुस्तकमा उल्लेख २ वटा प्रश्नहरु तोकी यि प्रश्नहरु भोली हल गरी ल्याउनु भनि गृहकार्य प्रदान गरी कक्षाबाट वाहिरिनु भएको थियो । सामुदायिक र संस्थागत दुबै विद्यालयको अनिवार्य गणित विषयको शिक्षणमा प्रयोजनवाद अन्तर्गत विद्यार्थीहरुको रुचिका आधारमा Learning by doing र स्व : क्रियाकलापमुखी विधि, यथार्थवादको प्रयोगात्मक र प्रदर्शन विधि र आदर्शवादको प्रश्नोत्तर विधि प्रयोगमा ल्याईएको पाईयो ।

ऐच्छिक गणित विषयको अध्यापन संस्थागत विद्यालय श्री दिपज्वती विद्याश्रममा मात्र हुने गरेको पाइएको छ । ऐच्छिक गणित विषयको अध्यापनको लागि Paluwa Prakation द्वारा प्रकासीत Optional Mathematics नामक पाठ्यपुस्तक कार्यान्वयका ल्याएको पाइएको थियो । सातौं घण्टिमा पढाइ हुने ऐच्छिक गणित विषय शिक्षक कक्षा समय सुरु भए लगत्तै कक्षा कोठामा पुगि विद्यार्थीहरुलाई पूर्व पाठको बारेमा पूनरावलोकन गराउनू भएको थियो । पुनरावलोकन संगसँगै पूर्व पाठको बारेमा केही प्रश्नहरु गरी विद्यार्थीहरुबाट उत्तर प्राप्त गर्नु भएको थियो र सहि उत्तर प्रदान गर्ने विद्यार्थी र कक्षा कोठामा सक्रिया भूमिका निर्वाह गर्ने विद्यार्थीहरुलाई Good gyes & Good girls भनेर प्रसंसा गर्नु हुन्थ्यो । Relation & function of Set अन्तर्गत Representing Relation को बारेमा कक्षा क्रियाकलाप गराउनु भएको थियो जसमा Set 'A' & Set 'B' विचको Relation लाई White board मात्र चित्र बनाई प्रस्तुत गर्नु भएको थियो । Representing Relation को बारेमा विद्यार्थीहरुलाई स्पष्ट सँग बुझाई सकेपछि Set 'A' & Set 'B' का नयाँ सङ्ख्याहरु उल्लेखित उदाहरण White board मा प्रस्तुत गरी विद्यार्थीहरुलाई चित्रमा प्रस्तुत गर्न लगाउनु भएको थियो । जसमा राम्रो गर्ने सबै को कापीमा Good र बिगार्ने जतिकोमा Try लेखेर पृष्ठपोषण प्रदान गर्ने गरेको पाइएको थियो । घण्टीको अन्तिम तिर पुस्तकमा उल्लेख अभ्यासबाट २ वाट प्रश्नहरुलाई हल गरी ल्याउनको लागी गृहकार्य प्रदान गर्नु भएको थियो ।

### ४.८.४ विज्ञान विषयमा कक्षाकोठा क्रियाकलापको तुलना

विज्ञान विषयको पाठ्यक्रम कार्यान्वयका लागि सामुदायिक विद्यालयले पा.वि.के. द्वारा प्रकासित हाम्रो विज्ञान किताव नामक पाठ्यपुस्तक र संस्थागत विद्यालयले Vidyarthi Publication द्वारा प्रकासित Modern Graded Science नामक पुस्तक कार्यान्वयनमा ल्याएको पाइन्छ । सामूदायिक विद्यालयमा विज्ञान विषयको कक्षाको क्रियाकलापको अवलोकन मिति २०६९ - १- १४ गतेको तेस्रो

पिरिडयमा गरिएको थियो भने संस्थागत विद्यालयमा २०६९-१-१० गतेको चौथो पिरिडयमा गरिएको थियो । सामूदायिक विद्यालयका विज्ञान विषयका शिक्षक कक्षा सयम सूरु भएको १० मिनेटमा कक्षाकोठामा जानु भएको थियो । उहाँले पूर्वपाठको पूनरावलोकन नै नगरी सिधै सो दिनको पाठमा प्रवेश गर्नु भएको थियो । विज्ञान विषयको भौतिक विज्ञान, रसायन विज्ञान, जीवविज्ञान र भू-तथा ज्योतीष विज्ञान मध्ये पहिलो खण्ड भौतिक विज्ञान एकाइ एकको नाप नामक पाठ शिर्षक भित्रको उपशिर्षक क्षेत्रफलको बारेमा पढाउनु भएको थियो, जसमा क्षेत्रफल गणना गर्ने सूत्र कालोपाटीमा लेखन गरी विद्यार्थीहरुलाई उदाहरण सहित हिसाव गर्न लगाउनु भएको थियो तर राम्रो गर्ने विद्यार्थीहरुलाई पृष्ठपोषण पनि प्रदान गरेको पाइएन भने विद्यार्थीहरुलाई थर्काउने, कालो पाटीको प्रयोग सफा सँग नगर्ने, अल्छि गर्ने र गृहकार्य नदिने जस्तो नराम्रो विशेषता रहेको पाइयो ।

संस्थागत विद्यालयका विज्ञान विषयको विषय शिक्षकले भौतिक विज्ञान अन्तर्गतको पहिलो एकाइको Measurement (नाप) नामक पाठ शिर्षक अन्तर्गतको Measurement of Time उप शिर्षकमा पढाउनु भएको थियो । उहाँले भने कक्षाकोठामा प्रवेश गरेपछि पूर्व पाठको पूनरावलोकन र गृहकार्य परिक्षण पश्चात मात्र सो दिनको पाठ आरम्भ गर्नु भएको थियो । संस्थापक विद्यालयका विज्ञान विषयका विषय शिक्षकले Measurement of Time अन्तर्गत Second, Microsecond, Millisecond, Minutes, Hour & Day को बारेमा सामान्य परीचय र उदाहरणहरु प्रस्तुत गर्नु भएको थियो । उहाँले White Board को प्रयोग राम्रो संग गर्ने गरेता पनि अलि कम प्रयोग र बढी बोल्ने गर्नु भएको थियो । शैक्षिक सामग्रीमा उहाँले कक्षाकोठाको भित्तामा टासिएको भित्ते घडीको प्रयोग गर्नुभएको थियो । विद्यार्थी मूल्याङ्कन गर्दा एक सेकेण्डमा कति Microsecond हुन्छ, एक मिनेटमा कति सेकेण्ड हुन्छ यि जस्ता खालका प्रश्न गरी मुल्याङ्कन गर्नु भएको थियो, जसमा विद्यार्थीलाई प्रश्न सोध्ने Apple Approach लाई ध्यान दिइएको पाइन्थ्यो । उत्तर सहि दिने लाई Thank You भनेर पृष्ठपोषण दिनु कक्षाको अन्त्यमा पाठ शिर्षकको सारासिंकृत गर्नु, गृहकार्य दिनु र कक्षाकोठाको वातावरणलाई सान्त र बालमैत्री बनाउन खोज्नु यस कक्षा क्रियाकलपाको राम्रो विशेषता रहेको थियो । सामुदायिक विद्यालयका विषयशिक्षकले यथार्थवादी प्रयोगात्मक विधिलाई मात्र ध्यान पुराउनु भएको पाईएको थियो भने संस्थागत विद्यालयका विषय शिक्षकले यथार्थवादीको प्रदर्शन विधि र आदर्शवादको प्रश्नोत्तर विधिलाई जोड दिएको पाईयो ।

### ४.८.५ सामाजिक विषयको कक्षाकोठा क्रियाकलापको तुलना

सामाजिक विषयको पाठ्यक्रम कार्यान्वयनका लागि सामूदायिक विद्यालयले पा.वि.के. द्वारा प्रकासित हाम्रो सामाजिक अध्ययन नामक पाठ्यपुस्तक र संस्थागत विद्यालयले Millennium Publication Hattiban द्वारा प्रकासित Millennium Social Studies नामक पाठ्यपुस्तक कार्यान्वययमा ल्याएको पाइएको छ । सामाजिक अध्ययन विषयको कक्षाकोठा क्रियाकलपको अवलोकन

सामूदायिक विद्यालयमा मिति २०६९-१-१४ गतेको चौथो घण्टिमा र संस्थागत विद्यालयमा मिति २०६९-१-१० गतेको पाँचौ घण्टीमा गरिएको थियो । सामूदायिक विद्यालयको सामाजिक अध्ययन विषयको शिक्षिका चौथो घण्टी लागेपछि तत्काल कक्षाकोठामा पूगि विद्यार्थीहरुलाई सान्तपारि अघिल्लो दिनको गृहकार्य परिक्षण गर्नु भएको थियो । अघिल्लो दिनको गृहकार्य नेपालको नक्सा बनाउने रहेछ, जसअनुसार गृहकार्य परिक्षण गरी सकेपछि राम्रो नेपालको नक्सा बनाउने एकजना विद्यार्थीलाई कालो पाटिमा नक्सा बनाउन लगाई पूर्व पाठको पूवनावलोकन पनि गर्नु भएको थियो । पूनरावलोकन पश्चान सो दिनको पाठमा प्रवेश गर्नु भएको थियो, एकाई एक हामि, हाम्रो समूदाय र राष्ट्र अन्तर्गत विकास क्षेत्रको आवश्कता उपशिर्षकको बारेमा गर्नु भएको थियो । जसमा मध्यपश्चिमाञ्चल विकास क्षेत्रको आवश्यकता वर्णन गर्दा कालो पाटिमा मध्यपश्चिमाञ्चलको चित्र बनाई मध्यमश्चिमाञ्चल विकास क्षेत्रको आवश्कताको बारेमा बताउनु भएको थियो । शिक्षिकाले कक्षा मूल्याङ्कनमा विद्यार्थीहरुलाई प्रश्न गर्दा पहिले प्रश्न गरेर अनिमात्र विद्यार्थी तोकि उत्तर भन्न लगाउने जस्तो राम्रो पक्षलाई कार्यान्वयमा ल्याउनु भएको थियो । उहाँले गृहकार्य दिनेक्रममा सबै विद्यार्थीहरुलाई ५ ग्रुपमा विभाजन गरी ५ वटा विकासक्षेत्र मध्ये बाट एक एक वटा भागलगाई सबैले भागमा परेको विकासक्षेत्रको चित्र र आवश्यकता उल्लेख गरि ल्याउन लगाउनु भएको थियो र राम्रो चित्र बनाउने र उत्तर लेख्ने विद्यार्थीहरु मध्ये एक दिनमा एक जना विद्यार्थीले अगाडी कालोपाटिमा चित्र कोर्न अवसर पाउने जानकारी प्रदान गर्नु भएको थियो । निकै वाल मैत्री वातावरणमा कक्षा संञ्चालन गर्नु भएको हुनाले विद्यार्थीहरुलाई सिकाई प्रति उत्प्रेरणात्मक पृष्ठपोपणको काम गरेको पाइन्थ्यो । केटी विद्यार्थीहरु तिर बढी मात्रामा जाने र केटीहरुलाई बढीमात्रामा ध्यान दिने गरेको पाईयो ।

संस्थागत विद्यालयको सामाजिक अध्ययन विषयको शिक्षक पनि पाँचौ घण्टी लाग्ने बित्तिकै कक्षामा पुग्नु भएको थियो । उहाँले पनि सर्वप्रथम अघिल्लो दिनको गृहकार्य परिक्षण गरी पूर्व पाठको पूनरावलोकन गुर्नभएको थियो । सो दिन उहाँले एकाइ एक Our Development Regions अन्तर्गत विकास क्षेत्रको क्रियाकलापहरुको बारेमा शिक्षण गर्नु भएको थियो । उहाँले विद्यालयको कार्यालय कोठाबाट एउटा ठुलो नेपालको नक्सा ल्याई भित्तामा टासि सो नक्सामा इंगित गर्दै शिक्षण गर्नु भएको थियो । ५ विकास क्षेत्रमा हुने क्रियाकलापहरु केकस्ता छन् ति क्रियाकलापमा फरक के छन् ? यि यस्ता खालका कुराहरुमा विद्यार्थीहरुसगं दोहोरो छलफल गर्नु भएको थियो । उहाँको यस कक्षा क्रियाकलप निकै बालमैत्री रहेको पाइएको थियो । उहाँले आफुलाई इच्छा लाग्ने कुनै एक विकास क्षेत्रमा हुने प्रमुख क्रियाकलापहरु घरमा अभिभावकसँग छलफल गरी लेखेर ल्याउनु भनि गृहकार्य प्रदान गुर्न भएको थियो साथैं राम्रो गर्ने विद्यार्थीहरुलाई उनिहरुको कापीमा Good लेखेर विद्यार्थीहरुलाई पृष्ठपोषण प्रदान गरेको पाइयो । सामुदायिक विद्यालयको शिक्षिकाले यस विषयको शिक्षणमा यथार्थवादको प्रदर्शन विधि र प्रयोगात्मक विधि, आदर्शवादको प्रश्नोत्तर विधि र छलफल विधि प्रयोगमा ल्याएको पाईयो भने संस्थागत विद्यालयको शिक्षकले यथार्थवादको प्रदर्शन विधि र आदर्शवादको छलफल विधिलाई प्रयोगमा ल्याएको पाईयो ।

### ४.८.६ जनसंख्या र वातावरण शिक्षा विषयमा कक्षाकोठा क्रियाकलापको तूलना

जनसंख्या र वतावरण शिक्षा विषयको कक्षा ८ को पाठ्यक्रमको कक्षा क्रियाकलपामा कार्यान्वियनको अवस्थालाई हेर्दा सामूदायिक विद्यालय श्री सरगमाथा ज्ञानपुञ्ज उ.मा.वि. ले पा.वि.के. द्वारा प्रकासित हाम्रो जनसंख्या र वातावरण शिक्षा र संस्थागत विद्यालय श्री दिपज्वती विद्याश्रम (मा.वि.) ले Capital Publication Votahiti द्वारा प्रकासित Population & Environment Education नामक पाठ्यपुस्तकलाई कार्यान्वयनमा ल्याएको पाइयो । सामूदायिक विद्यालयमा २०६९-१-१४ गतेको छैठौं घण्टिमा र संस्थागत विद्यालयमा २०६९-१-१३ गतेको सातौं घण्टीमा यस जनसंख्या तथा वतावरण शिक्षा विषयको कक्षाकोठा क्रियाकलापलाई अवलोकन गरिएको थियो । सामुदायिक विद्यालयमा जनसंख्या तथा वातावरण शिक्षा विषयका विषय शिक्षकले कक्षाकोठा क्रियाकलापलाई जिम्मेवार पूर्ण रुपले नलिएको पाइयो । घण्टी लागेको केही समयपछि कक्षाकोठामा प्रवेश गर्नु भएको उहाँले अघिल्लो दिनको पाठको बारेमा हामीले हिजो के पढिम ? भनेर विद्यार्थीहरुमा सोध्नुभयो र सो दिनको पाठको सूरुवात गर्नुभयो । एकाई एक जनसंख्या र वातावरणको परिचय र महत्व अन्तर्गत जनसंख्या र वतावरणको अन्तर सम्वन्ध बारे पढाउनु भएको थियो, जसमा उहाँले एक जना विद्यार्थीलाई उठाएर ल तइले यो पाठ पढ अरु सबैले यसले पढेको सुन्ने नि अहिले म आएर सबैलाई सोध्छु भनेर विद्यालयको कार्यालय तर्फ जनुभयो । त्यसपश्चात कक्षामा हल्ला मात्र सुन्निएको थियो । केही समय पछि कक्षाकोठामा विषय शिक्षक आएर पढेर भ्याइस भनेर सोधेपछि विद्यार्थीले भ्याए सर भनेर जानकारी दिएपछि विद्यार्थीलाई पालैपालो उठाएर ल तइले भन त के सुनिस, के जानिस यो पाठको बारेमा ? भनेर सोध्नुभयो । ठिक भन्नेलाई ठिक गरिस र गलत भन्ने वा नभन्नेलाई साले गधा, फटाहा भनेर लागि गर्नु भयो र बाँकी भोलि पढ्ने भनेर बाहिरिनु भयो । यस कक्षामा विद्यार्थीहरुले रुची नदेखाउने, शिक्षक सँग डराउने, शिक्षक नभएपछी बढी हल्ला गर्ने, पृष्ठपोषण राम्रो नपाउने, दण्ड बढी मात्रामा पाउने गरेको पाइयो ।

संस्थागत विद्यालयमा पनि एकाई एक Introduction & Importance of Population & Environment अर्न्तगतको Dependency of Man on Environment उपशिर्षकमा पढाई भएको थियो । संस्थागत विद्यालयका शिक्षक विद्यालयको सातौँ घण्टि सुरु भए लगत्तै कक्षाकोठामा पुग्नु भएको थियो । उहाँले पूर्वपाठको पूनरावालोकन र गृहकार्य परिक्षण Randomly रुपमा गर्नु भएको थियो । पाठको प्रस्तुतिको क्रममा वातावरणमा मानिसको निर्भरता के के कुरामा हुन्छ र कसरी हुन्छ ? सो बारे छलफल गर्नु भएको थियो । Dependency of Man on Environment अन्तर्गत Air, Water, Soil & Vegetation लाई White Board मा उल्लेख गरी ति उल्लेखित कुराहरुमा मानिसको निर्भरता के कति कारणले रहने गर्दछ विद्यार्थीहरुलाई सोधि White Board मा नै उल्लेख गरी छलफल गर्नु भएको थियो । उहाँको यस कक्षाले विद्यार्थी केन्द्रित विधिलाई जोड दिएको थियो । उहाले उदाहरण प्रस्तुत गर्दा समसामयीक घरायसी कुराहरुलाई जोड दिनु भएको थियो । कक्षा क्रियाकलापको विचविचमा विद्यार्थीहरुलाई प्रश्न गर्ने र सही उत्तरमा पृष्ठपोषण दिने कार्य गर्नु भएको थियो । त्यसैगरी घण्टीको

अन्ततिर पढाइ भएको शिर्षकको सारांसलाई White Board मा उल्लेख गरी सबैलाई कापी मा उतार्न लगाउनु भएको थियो । वातावरणमा मानिसको निर्भरता के–के कारणले गर्दा हुन्छ सो बारेमा बुद्धागत रुपमा लेखेर ल्याउन पनि लगाउनु भएको थियो । यस जनसङ्ख्या र वातावरण शिक्षा विषयको शिक्षणमा सामुदायिक विद्यालयको शिक्षण क्रियाकलाप वालमैत्री नरहेको, विद्यार्थीहरुको रुचि र चाहनालाई ख्याल नगरी एकोहोरो शिक्षण गरेको पाईयो भने संस्थागत विद्यालयको शिक्षणमा आदर्शवादी प्रश्नोत्तर विधिको धारणालाई कार्यान्वयनमा ल्याएको पाईयो ।

### ४.८.७ पूर्वव्यावसायिक शिक्षा विषयमा कक्षाकोठा क्रियाकलापको तुलना

पाठ्यक्रम विकास केन्द्रले तोकेको पूर्व व्यावसायीक शिक्षा विषयको पाठ्यक्रम चारवटा खण्डमा रहेको छ र ति चार वटा खण्डहरु मध्ये विद्यार्थीले कुने एउटा मात्र छानेर पढनु पर्ने प्रावधान गरेको छ । चार खण्डाहरुमा खण्ड क –बस्त्र सिलाई बुनाई, खण्ड ख –काष्ठ कार्य, खण्ड ग –लेखापालन र खण्ड घ–कृषि बाली विज्ञान रहेको छ जसमा दुवै सामूदायिक र संस्थागत विद्यालयले खण्ड ग–लेखापालनलाई आफ्नो विद्यालयमा पढाउने गरेका छन् । सामुदायिक विद्यालयले यस विषयको पाठ्यक्रम कार्यान्वयनका लागि पा.वि.के. द्धारा प्रकासित पाठ्यपुस्तक र संस्थागत विद्यालयले Buddha Acadmy Publisher द्धारा प्रकासित Office Practice & Accountancy नामक पुस्तकलाई कार्यान्वयनमा ल्याएको छ । यस बुद्ध एकेडेमी पब्लिसर द्धारा प्रकासित पुस्तकले तेस्रो खण्ड लेखापालनलाई मात्र समेटेको पाइन्छ । सामुदायिक विद्यालयमा यस विषयको कक्षा क्रियाकलाप अवलोकन २०६९-१-१७ गतेको आठौं घण्टीमा र संस्थातगमा २०६९-१-१३ गतेको आठौं घण्टीमा गरिएको थियो । सो दिन सामूदायिक विद्यालयका लेखापालन विषय शिक्षकको यस वर्षको लेखापालन विषयको पहिलो कक्षा रहेछ । उहाँले कक्षा कोठामा घण्टी लाग्ने वित्तिकै प्रवेश गरी आफुले पढाउने विषय, विषयमा रहेका चारवटा खण्ड र चार खण्ड मध्ये एउटा मात्र खण्ड पढ्नु पर्ने कुराको जानकारी प्रदान गर्नु भएको थियो, जसमा लेखापालन पढाई हुने बताउनु भएको थियो । पाठ्को सुरुवात लेखापानलको परिचय र परिभाषा बाट सुरु गर्नु भएको थियो । कालोपाटीमा लेखा + पालन बनेर लेखापालन भएको हो, जहाँ लेखा भनेको आर्थिक कारोवार र पालन भनेको व्यवस्थीत तरिकाले सु-सञ्चलन गर्नु हो अर्थात समग्र आर्थिक कारोवारको व्यवस्थित तरिकाले सु-सञ्चालन गर्नु नै लेखापालन हो भनेर उल्लेख गर्नु भएको थियो । आज हामीले यति मात्र पढिऊ भोली यो पाठ पाढेर आउनु अनि हामी राम्रो संग पढने छौं भनेर पाठ पढ्ने गृहकार्य प्रदान गरी कक्षा समय सिद्दिनु ५ मिनेट अघिनै कक्षाकोठाबाट बाहिरिनु भएको थियो ।

संस्थागत विद्यालयका विषय शिक्षकले एकाइ एक Office अन्तर्गत Function of office नामक उपशिर्षकको बारेमा छलफल गर्नु भएको थियो । उहा कक्षा कोठामा प्रवेश गरेपछि Office को परिचय र परिभाषाको पूनरावलोकन गरी पाठ्को सुरुवात गर्नु भएको थियो । पाठ शिक्षण गर्दा सर्वप्रथम हाम्रो विद्यालयको कार्यालयमा के–के काम हुन्छ ? भनि विद्यार्थीहरुलाई प्रश्नहरु गरी प्राप्त उत्तरहरु

White board मा उल्लेख गरी छलफल गर्नु भएको थियो । त्यस पश्चात मात्र पुस्तकमा उल्लेख कार्यालयका कार्यहरु, Receiving, Recording, Processing, Communicating of information & handling of office को बारेमा आफ्नो बिद्यालयको कार्यालयको कार्यका उदाहरणहरु प्रस्तुत गरी प्रष्ट पार्नु भएको थियो र कक्षा क्रियाकपलाको विच–विचमा केही प्रश्नहरु पनि विद्यार्थीहरु माझ राख्नु भएको थियो । तर प्रश्न सोधेर विद्यार्थी मूल्याङ्कन गर्ने प्रक्रिया भने Apple Approach अनुसार रहेको पाइएको थिएन । शिक्षक लाई प्रश्न गर्ने र शिक्षकको प्रश्नको उत्तर दिने विद्यार्थीलाई Nice भनेर पृष्ठपोषण समय समयमा दिनु गर्नुहुन्थ्यो । कक्षा क्रियाकलापको अन्तमा कार्यालयका कार्यहरु अन्तर्गतका कार्यहरुलाई विद्यालयको उदाहरणहरु प्रस्तुत गर्दै उल्लेख गरी ल्याउनको लागी गृहकार्य प्रदान गरी कक्षा क्रियाकलपलाई अन्त्य गर्नु भएको थियो । यस विषयको शिक्षणमा सामुदायिक विद्यालयले वर्णनात्मक विधि र संस्थागत विद्यालयले प्रश्नोत्तर र प्रदर्शन विधिलाई जोड दिएको पाईयो ।

### ४.८.८ स्वास्थ्य तथा शारिरीक शिक्षा विषयमा कक्षाकोठा क्रियाकलापको तूलना

स्वास्थ्य तथा शारिरिक शिक्षा विषय सामुदायिक र संस्थागत दुवै विद्यालयले पढाउने गरेको पाइएको छ, जसको कार्यान्वयका लागि सामुदायिक विद्यालयले पा.वि.के. द्धारा प्रकासित हाम्रो स्वास्थ्य तथा शारिरिक शिक्षा नामक पाठ्यपुस्तक र संस्थागत विद्यालयले Ratna Pustak Bhandar द्धारा प्रकासित Health & Physical Education for Today नामक पाठ्यपुस्तक कार्यान्वयनमा ल्याइएको पाइन्छ । सामुदायिक विद्यालयमा यस विषयको कक्षाकोठा क्रियाकलापको अवलोकन २०६९-१-१७ गतको सातौं घण्टीमा र संस्थागत विद्यालयमा २०६९-१-१० गतको आठौँ घण्टीमा गरिएको थियो । सामूदायिक विद्यालयका स्वास्थ्य तथा शारिरिक शिक्षा विषय शिक्षक सातौं घण्टीमा समय सुरु भएको लगत्तै कक्षाकोठामा प्रवेश गर्नु भएको थियो । यस अवलोकनको दिन भन्दा अघिल्लो हप्ताको कक्षामा स्वास्थ्य र शारिरिक शिक्षाको परिचय मात्र बताइएको रहेछ । तसर्थ सो अवलोकनको दिन एकाई एकको औपचारीक कक्षा सुरु भएको थियो । एकाई एक मानव शरिरको परिचय अन्तर्गत मानव शरिरमा रहेका नौ वटा प्रणालीको नाम कालो पाटिमा लेखी ति प्रणालीहरु बारे सामान्य परिचय दिनु भएको थियो जस्तै :- पाचन प्रणाली, स्वासप्रस्वास प्रणाली, रक्त सञ्चार प्रणाली, अस्थिपञ्जर प्रणाली, मांसपेशी प्रणाली, प्रजनन् प्रणाली, ग्रन्थी प्रणाली, स्नायू प्रणाली र उत्सर्जन प्रणाली । कक्षा क्रियाकलपको विच विचमा पाचन प्रणाली भनेको के हो ? प्रजनन् प्रंणाली भनेको के ? रक्त सञ्चार प्रणाली भनेको के ? यि यस्ता प्रश्नहरु गरी विद्यार्थीहरुको मूल्याङ्कन पनि गरेको पाइएको थियो । ठिक उत्तर दिने विद्यार्थीहरुलाई पृष्ठपोषण दिने कार्य नगरेता पनि भोलि पाचन प्रणाली र स्वास प्रश्वास प्रणालिको बारेमा पाठ पढेर आउने गृहकार्य प्रदान गरिएको थियो ।

संस्थागत विद्यालयका स्वास्थ्य तथा शारिरिक शीक्षा विषयका विषय शिक्षक घण्टी लाग्ने वित्तिकै कक्षाकोठामा पुगी पुरै ४० मिनेटको पिरियड पूर्ण रुपमा प्रयोग गर्नु भएको थियो । उहाँको कक्षा अन्तिम

आठौँ पिरियड रहेको थियो । विद्यार्थीहरुलाई पुर्व पाठको पुनरावलोकन पश्चात उहाँले अघिल्लो दिन प्रदान गरेको गृहकार्यको परिक्षण गर्नु भएको थियो । तत्पश्चात सो दिन एकाई एक The Human Body अन्तर्गतको Circulatory Organs को बारेमा छलफल गर्नु भएको थियो । जसमा मुटुको चित्र भएको चार्ट White board को बाहिर पट्टीको भित्तामा टासी प्रस्तुत गरी Vessels, Arteries, Veins & Capillaries को बारेमा वर्णन गर्नुभएको थियो । कक्षा क्रियाकलपको विच–विचमा Right Arteries, left Arteries, right veins, left veins को बारेमा विविध प्रश्नहरु गरी विद्यार्थीहरुलाई सक्रीय गराउनु भएको थियो भने विद्यार्थीहरु पनि आफु खुसी आ-आफ्नो कपीमा मुटुको चित्र बनाइरहेको पनि पाइन्थ्यो । पाठ्को अन्ततिर Circulatory organs परिचयलाई सरल भाषामा विद्यार्थीहरुलाई टिपोट गराउनु भएको थियो । गृहार्यको रुपमा ठुलो पेपरमा राम्रो र आकर्षक मुटुको चित्र बनाई ल्याउन लगाउनु भएको थियो । राम्रो चित्र बनाउनेहरु मध्येको एउटा चित्रलाई विद्यालयको भित्तामा टाँस्ने बताएर विद्यार्थीहरुलाई बाई बाई गदै कक्षाबाट बाहिरीनु भएको थियो । यस विषयको शिक्षणमा सामुदायिक विद्यालयले आदर्शवादको  प्रश्नोत्तर विधि र यथार्थवादको प्रदर्शन विधिलाई कार्यान्वयनमा ल्याएको र संस्थागत विद्यालयले आदर्शवादको छलफल विधि, प्रश्नोत्तर विधि र यथार्थवादको प्रदर्शन विधिलाई कार्यान्वयनका ल्याएको पाईयो ।

### ४.८.९ नैतिक तथा नागरिक शिक्षा विषयमा कक्षाकोठा क्रियाकलापको तुलना

नैतिक तथा नागरिक शिक्षाको विषयको पाठ्यक्रम कार्यान्वयन गर्नका लागि सामुदायिक विद्यालयले पा.वि.के. द्धारा प्रकासित हाम्रो नैतिक तथा नागरिक शिक्षा नामक पाठ्यपुस्तक र संस्थागत विद्यालयले Capital Publication द्धारा प्रकासीत Moral and Civil Education नामक पाठ्यपुस्तकलाई कार्यान्वयनमा ल्याएको पाइन्छ । तर कक्षाकोठा क्रियाकलापको अवलोकनको क्रममा संस्थागत विद्यालयका नैतिक तथा नागरिक शिक्षा विषयका विषय शिक्षकको २०६९-१-१३ गते विद्यालयमा अनुपस्थितिका कारण उहाँको कक्षा अवलोकन गर्न सकिएको थिएन । शिक्षकको अनुपस्थितिका कारण खालि भएको कक्षा कोठामा विद्यालयका  प्र.अ. पुगी विद्यार्थीहरुलाई नैतिक तथा नागरीक विषयको बारेमा छलफल गर्न लगाउनुभएको थियो भने सामुदायिक विद्यालयका नैतिक तथा नागरिक विषय शिक्षकको कक्षा २०६९-१-१४ गतेको आठौँ घण्टीमा अवलोकन गरिएको थियो । आठौँ घण्टी लागेको लगत्तै कक्षा प्रवेश गर्नु भएको दिपेन्द्र वाग्लेले पूर्व पाठको पुनरावलोकन नगरीनै पाठ दुई राष्ट्रप्रति नागरिकको दायित्व नामक पाठ विद्यार्थीहरुलाई पल्टाउन लागनु भयो र अगाडी बेन्चबाट १ जना अलि ठुलो स्वरमा बोल्ने विद्यार्थीलाई उठाएर पढ्न लगानु भयो । विद्यार्थीले पढ्दै गर्दा राष्ट्रप्रतिको नागरिकको दायित्वहरु अन्तर्गत ५ वटा कुराहरु कर दिर्नु, राष्ट्रिय सम्पत्तिको संरक्षण गर्नु, कानुनको पालना गर्नु, राष्ट्रियताको भावनाले काम गर्नु र राष्ट्र हितका कार्यमा सरिक रहनुलाई कालो पाटिमा उल्लेख गर्नु भएको थियो । विद्यार्थीले पढी सकेपञ्चात ति उल्लेखित बुदाँहरुमा आदर्शवादी शिक्षण विधि अन्तर्गतको छलफल विधि प्रयोग गरी छलफल गर्नु भएको थियो । अन्तिम पिरियडका कारण विद्यालय

बाहिरको खेल मैदानमा विद्यार्थीहरुको हो–हल्लाका कारण प्रायजसो धेरै विद्यार्थीहरुको ध्यान झ्याल वाहीर गइरहेको पाइन्थ्यो भने शिक्षा विधि पनि वढी मात्रामा शिक्षक केन्द्रीत रहेको पाइन्थो । ४० मिनेटको समय पूरा हुन ५ मिनेट पूर्वनै ल यो पाठ भोली पढेर आउनु भनि शिक्षक कक्षा वाहीर निस्कनु भएको थियो ।

### ४.८.१० ऐच्छिक कम्प्यूटर साइन्स बिषयमा कक्षा क्रियाकलापको अवस्था

यस कम्प्यूटर साइन्स विषयको कक्षा क्रियाकलाप पनी संस्थागत विद्यालयमा मात्र हुने गरेको थियो । जसको लागी Unique Educational Publication द्धारा प्रकासीत Computer Science नामक पुस्तक कार्यान्वयमा ल्याइएको थियो । यस कम्प्यूटर साइन्स विषयको कक्षा क्रियाकलाप कक्षा ८ को A सेक्सनको कोठामा नभएर विद्यालयको Block 'A' Building मा रहेको Compute Lab 'A' मा गराइएको थियो । सो दिन कक्षामा विषय शिक्षक विजय अधिकारीले सर्वप्रथम विद्यार्थीहरुलाई एकाइ एक अन्तर्गतको Application of Computer को बारेमा छलफल गर्नु भएको थियो । कम्प्यूटर प्रयोगहरु जस्तै : in educational field, in medical field, in intertainment field, in science & research field, in designing & engineering field, in banking field, in offices, in factories & in electric appliances हरुको बारेमा लगभग २० मिनेट जति छलफल गर्नु भएको थियो । तत्पश्चात मात्र विद्यार्थीहरुलाई कम्प्यूटर चालउन दिइको थियो । कम्प्यूटर ल्याब A मा ३० वटा कम्प्यूटरलाई गोलो अर्थात घुमाउरो प्रकृतिले राखिएकोले कक्षा कोठा निकै आकर्षक युक्त रहेको थियो । विद्यार्थीहरु कम्प्यूटर कक्षामा निकै रुची देखाई निकै सक्रियका साथ पढेको पाइन्थ्यो । तर विद्यार्थी संख्या एउटा सेक्सन मा ५० जना हुने भएकोले प्रयोगात्मक कार्य गर्दा ३० वाट कम्प्यूटर अपुग हुनाले पालो पालो गरी चलाउनु पर्ने बाध्यता विद्यार्थीहरुमा रहेको थियो । कम्प्यूटर प्रयोग गर्दा भने विद्यार्थीहरुलार्य रमाइला लाग्ने कुराहरु सिकाइएको थियो । जस्तै आर्ट गराउने, नाम लेख्ने, रंग भर्ने आदि अन्तत समयको समाप्ती पछी शैक्षिक क्षेत्रमा कम्प्यूटरको प्रयोग के के काममा गरीन्छ ती बारे लेखेर ल्याउने गृहकार्य प्रदान गर्नु भएको थियो । यस कम्प्युटर साईन्स विषयको शिक्षणमा संस्थागत विद्यालयमा यथार्थवादको प्रयोगात्मक, प्रदर्शन विधि र अवलोकन विधि, प्रगतिवादको Learning by doing विधि र अदर्शवादको प्रश्नोत्तर विधि प्रयोग गरेको पाईयो ।

कक्षा अवलोकन बाहेक विद्यार्थीहरु सँगको छलफल बाट प्राप्त सूचनाहरुका आधारमा विष्लेषण गर्दा गत बर्षको कक्षा ७ को कोर्ष दुबै विद्यालयमा पूर्ण रुपमा समापन भएको र शिक्षकहरु सँगको प्रश्नावलिको सूचनाअनुसार गतबर्षको कक्षा ८ को कोर्ष पनि सबै पठन पाठन भएको कुरा जानकारी प्राप्त भएको छ । कक्षाकोठामा अतिरिक्त क्रियाकलाप के कस्तो हुने गर्दछ भनि प्र.अ. सँग गरिएको प्रश्नमा दूबै विद्यालयका प्र.अ.हरुले अतिरिक्त क्रियाकलाप कक्षाकोठामा नगरिकनै त्यसको लागि छुट्टै समयको व्यवस्थापन गरिएको प्रष्ट पार्नुभएको थियो । कक्षा कोठा क्रियाकलापमा देखिने समस्याहरुका

सन्दर्भमा सामूदायिक विद्यालयका प्र.अ. र शिक्षक साथिहरुले शैक्षिक सामग्रीको अभाव र अप्रयाप्तता लाई प्रमुख रुपमा लिनु भएको छ भने सस्थागत विद्यालयका शिक्षकहरुले खासै समस्या नरहेको बताउनु भएको छ । सामूदायिक विद्यालयका शिक्षकहरुले शैक्षिक सामग्रीको उपलब्धता गराउनको लागी विद्यालयले केहि रकम शैक्षिक सामग्रीमा छुट्याउनुपर्ने बताउनुभएको छ । साथै शिक्षा सम्बन्धि सम्पूर्ण राष्ट्रिय पत्रिकाहरु शिक्षा विभागहरुले प्रत्येक विद्यालयसम्म निशूल्क समयमै वितरण गर्नु पर्ने उहाँहरु बताउनुहुन्छ, जसले गर्दा नयाँ-नयाँ ज्ञानको बारेमा शिक्षकहरुले सहजै जानकारी प्राप्त गर्नु हुनेछ ।

## ४.९. परिक्षा प्रणालीको तुलनात्मक अवस्था

उद्देश्य अनुरुप विद्यार्थीहरुले के कति उपलब्धि हासिल गरे ? शिक्षण सिकाई क्रियाकलाप के कतिमात्रामा प्रभावकारी रहयो, विद्यार्थीहरुमा ज्ञान, सिप धारणा के कति मात्रामा हासिल भयो यि यस्ता खालका प्रश्नहरुको जानकारी लिन परिक्षा प्रणालीको कार्यान्वयन गरिनु आवश्यक पर्दछ जसले समग्र शैक्षिक क्रियाकलापको मूल्याङ्कन गर्दछ । सामूदायिक विद्यालय श्री सगरमाथा ज्ञानपुञ्ज उच्च माध्यामिक विद्यालयको शैक्षिक क्यालेण्डरलाई अध्ययन गर्दा कक्षा ८ को परिक्षा प्रणाली ३ प्रकारको हुने गरेको पाइयो भने सस्थागत विद्यालय श्री दिपज्योती विद्याश्रम (मा.वि.) मा ५ प्रकारको हुने गरेको पाइयो । यि दबै विद्यालयको परिक्षाका प्रकार, समय र अवधि लाई यसरी हेर्न सकिन्छ ।

**तालिका ४.४**

**सामुदायिक विद्यालय मा कक्षा ८ को परिक्षा प्रणाली**

| परीक्षाको किसिम | पूर्णाङ्क | उतिर्णाङ्क | परीक्षा मिति | परीक्षा समय | परिक्षा सञ्चालन हुने जम्मा दिन |
|---|---|---|---|---|---|
| प्रथम त्रैमासिक परिक्षा | ४० | १३ | भाद्र १० देखि १८ सम्म | १.५ घण्टा | ९ दिन |
| दोस्रो त्रैमासिक परिक्षा | ६० | २० | पौस १ देखि ९ सम्म | २ घण्टा | ९ दिन |
| जिल्ला स्तरिय परिक्षा | १०० | ३२ | फागुन २३ देखि चैत्र ५ सम्म (वा जिल्लाको निर्देशन अनुसार) | ३ घण्टा | १३ दिन |

स्रोत : विद्यालय सर्वेक्षण २०६९

**तालिका ४.५**

**संस्थागत विद्यालय मा कक्षा ८ को परिक्षा प्रणालि**

| परीक्षाको किसिम | पूर्णाङ्क | उतिर्णाङ्क | परीक्षा मिति | परीक्षा समय | परिक्षा सञ्चालन हुने जम्मा दिन |
|---|---|---|---|---|---|
| प्रथम टर्म | १० | ४ | असाढ १ देखि १० सम्म | १ घण्टा | १० दिन |
| दोस्रो टर्म | २० | ८ | भाद्र १५ देखि २४ सम्म | १ घण्टा | १० दिन |
| तेस्रो टर्म | ३० | १२ | पुस १ देखि १० सम्म | १.५ घण्टा | १० दिन |
| चौथो टर्म | ४० | १८ | फागुन १ देखि १० सम्म | २ घण्टा | १० दिन |
| जिल्ला स्तरिय परिक्षा | १०० | ३२ | फागुन २३ देखि चैत्र ५ सम्म (वा जिल्लाको निर्देशन अनुसार) | ३ घण्टा | १३ दिन |

स्रोत : विद्यालय सर्वेक्षण २०६९

अगाडि उल्लेखित यि दूई विद्यालयमा संचालन हुने परिक्षाको प्रकारलाई हेर्दा सामूदायिकको तुलनामा सस्थागतमा २ पटक बढि परिक्षा संचालन हुने गरेको पाइयो । त्यसैगरी त्रैमासिक र टर्मिनल परिक्षाहरुमा परिक्षा हूने दिनपनि सामूदायिक विद्यालयको तुलनामा सस्थागतमा बढि हुने गरेको र उत्तिर्णाङ्क पनि सामूदायिकको तुलनामा बढि रहेको प्रष्ट पारेको पाइन्छ । प्रधानाध्यापक र शिक्षकहरुसँगको अन्तर्वाता अनुसार सामूदायिक विद्यालयले पहिलो र दोस्रो त्रैमासिक परिक्षाको प्रश्नपत्रहरु आफैले निर्माण गरी सञ्चालन गर्ने गरेको र अन्तिम जिल्ला स्तरिय परिक्षा जिल्ला बाटै सञ्चालन हुने गरेको थाहा पाइएको छ भने सस्थागत विद्यालयमा पनि पहिलो, दास्रो, तेस्रो र चौंथो परिक्षाका लागि आवश्यक प्रश्नपत्रहरु विद्यालयका शिक्षकहरु आफैले निर्माण गर्ने गरेको र अन्तिम जिल्ला स्तरीय परिक्षाको प्रश्नपत्र जिल्लाबाट आउने गरेको थाहा पाइएको छ । तर कक्षा ८ को पाठ्यक्रमले ऐच्छिक विषयको व्यवस्था नगरेको भएकोले संस्थागत विद्यालयमा पढाईभएको ऐच्छिक गणित र कम्प्युटर साईन्स विषयको अन्तिम जिल्ला स्तरिय परिक्षा जिल्लाबाट सञ्चालन नहुने भएकोले विद्यालय आफैले सञ्चालन गर्ने गरेको पाइएको छ । जसमा ऐच्छिक गणित विषयको पूर्णाङ्क १०० र उत्तिर्णाङ्क ३२ र कम्प्युटर साईन्स विषयको पूर्णाङ्क ५० र उत्तिर्णाङ्क २० मानि अन्तिम परिक्षा लिईन्छ र विद्यार्थीहरुलाई मार्कसिट प्रदान गर्दा अनिवार्य विषयहरुको प्राप्ताङ्कहरुको अन्तिम लाईनमा Additional subject शिर्शक राखि यि दूई विषयको प्रप्ताङ्क उल्लेख गर्ने गरेको पाईयो । माथि उल्लेखित तालिका १०० पूर्णाङ्कमा आधारित रहेकोले ५० पूर्णाङ्क भएको अनिवार्य विषयहरुको कुरा गर्नु पर्दा माथि तालिकामा उल्लेख पूर्णाङ्क र

उत्तिर्णाङ्कलाई ठिक आधा - आधा गरिने कुरा दुबै विद्यालयका प्रधानाध्यापक बाट थाहा पाईएको थियो । प्रयोगात्मक परिक्षाको कुरा गर्नपर्दा सामूदायिक विद्यालयमा अंग्रजी, विज्ञान, गणित र सामाजिक विषयमा सामान्य रुपमा कहिले काँही हुने गरेको पाइएको छ भने सस्थागत विद्यालयमा सामाजिक, गणीत, लेखा, स्वास्थ्य, अंग्रजी, विज्ञान, कम्प्युटर र शारिरिक जस्तो विषयको  टर्मिनल परिक्षामा प्रयोगात्मक परिक्षा हुने गरेको पाइयो ।

जिल्ला स्तरीय परिक्षाको नतिजा जिल्लाको मातहतमा रहने छ भने अन्य त्रैमासिक परीक्षाहरुको नतिजा सामूदायिकले परिक्षा सकिएको २० दिन भित्र र सस्थागतले १५ दिन भित्र प्रकासित गर्ने गरेको पाइएको छ । परिक्षामा उत्कृष्ट विद्यार्थीहरुलाई बार्षिक साधारण सभाको दिन आकर्षक पुरस्कारहरु ( सिल्ड, माला, खेलकुदका सामाग्री आदि) र प्रमाणपत्र दिने गरेको सामूदायिक विद्यालयका शिक्षकहरुले बताउनुभएको छ । सस्थागत विद्यालयमा भने प्रत्येक परिक्षाको नतिजापछि र अतिरिक्त क्रियाकलाप प्रतियोगिताको समाप्तिपछि उत्कृष्ट विद्यार्थीहरुलाई विशेषगरी शैक्षिक सामग्रीहरु, प्रमाणपत्र, खेलकुदको ड्रेसहरु र विद्यालयको झोला जस्ता पुरस्कारहरु प्रदान गर्ने गरेको सस्थागत विद्यालयका शिक्षकहरु बताउनुहुन्छ ।

परिक्षा प्रणालको सन्दर्भमा आउने समस्याहरु वा परिक्षा संचालनका बाधाहरुमा त्रैमासिक परिक्षामा सबै विद्यार्थीहरु परिक्षामा संलग्न नहुने, त्रैमासिक परिक्षामा विद्यार्थीहरुले मेहनत कमगर्ने र त्रैमासिक परिक्षामा प्रयोगात्मक परिक्षा लिन नसकिने समस्याहरु रहेको सामूदायिक विद्यालयका शिक्षकहरु बताउनुहुन्छ । जसलाई राम्रो बनाउन वा समाधान गर्न प्रथम त्रैमासिक र द्धितिय त्रैमासिक परिक्षाका परिणामहरुलाई पनि अन्तिम परिक्षामा जोड्नुपर्ने ब्यवस्था मिलाउनु पर्ने उहाहरु बताउनुहुन्छ । सस्थागत विद्यालयको सन्दर्भमा भने प्रत्येक परिक्षाहरुमा परिक्षा भन्ने वित्तिकै विद्यार्थीहरुमा आउने मनोडर प्रवृत्ति नै प्रमुख समस्या हो भनेर यस विद्यालयका शिक्षकहरुले ब्यक्त गर्नुभएको छ । साथै अन्तिम जिल्ला स्तरीय परिक्षा धेरै मात्रामा लिखित रहनु, प्रयोगात्मक कम हुनुलाई पनि थप समस्याको रुपमा लिनु हुन्छ । यस प्रकृतिको समस्था समाधानकालागि राष्ट्रले कक्षा ८ को जिल्ला स्तरिय जस्तो परिक्षालाई ब्यवहारिक रुपमा प्रयोगात्मक प्रकृतिको हुनुपर्ने र अभिभावकहरुले विद्यार्थिहरुलाई परिक्षा प्रति नडराउने मनस्थिति बसालिदिनु पर्ने उहाँहरु बताउनुहुन्छ ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१. प्राप्ति

सामुदायिक र संस्थागत विद्यालयमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गर्ने क्रममा बाँके जिल्ला स्थित श्री त्रिभुवन उच्च माध्यामिक विद्यालय स्रोतकेन्द्र अन्तर्गतको सामुदायिक विद्यालय श्री सगरमाथा ज्ञानपुञ्ज उच्च माध्यामिक विद्यालय रझेना बाँके र संस्थागत विद्यालय श्री दिपज्वति विद्याश्रम (मा.वि.) चप्परगौढी बाँके बाट विद्यालय सर्वेक्षण फारम, कक्षाकोठा अवलोकन फरम, प्र.अ. संगको अन्तरवार्ता, शिक्षक प्रश्नावली, लक्षित समुह छलफल र दस्तावेज अध्ययनहरुबाट प्राप्त सूचनाहरुलाई परिच्छेद चार अन्तर्गत विश्लेषण गरी ब्याख्या गरियो । यस परिच्छेदमा अध्ययनको उद्देश्य बमोजिम प्राप्त भएका मुख्य प्रप्तिहरुलाई तल प्रस्तुत गरिएको छ ।

I. सामुदायिक विद्यालयमा पाठ्यक्रममा उल्लेख भएका ९ वटा अनिवार्य विषयहरु पढाईहुने गरेको र सस्थागत विद्यालयमा पाठ्यक्रममा उल्लेख भएका ९ वटा अनिवार्य विषयहरु सहित पाठ्यक्रममा उल्लेख नभएका २ वटा ऐच्छिक विषयहरु ऐच्छिक गणित र ऐच्छिक कम्प्यूटर विषय पढाई हुने गरेको पाइयो ।

II. पाठ्यक्रम कार्यान्वयनको लागी सामूदायिक विद्यालयले पा.वि.के. द्वारा प्रकासित ९ वटा पाठयपुस्तकहरु र संस्थागत विद्यालयले नेपाली र इन्डियन गरी १० वटा प्रकासनबाट प्रकासित १३ वटा पाठ्यपूस्तकहरु प्रयोगमा ल्यायको पाइयो । सामूदायिक विद्यालयको तुलनामा सस्थागत विद्यालयका ऐच्छिक विषयहरु बढि प्रयोगात्मक प्रवृत्तिको रहेको, पाठ्यपुस्तकको भाषाको माध्यम सामूदायिक विद्यालयमा अंगैजी विषयमात्र अंगैजी भाषमा र अरु सबै विषयहरु नेपाली भाषमा रहेको तर सस्थागत विद्यालयमा नेपाली विषय नेपाली भाषमा र नेपाली विषय बाहेक अरु सबै विषयहरु अंगैजी भाषमा रहेको र पाठ्यपुस्तकको मूल्यपनि समग्रमा १८२७.०३ रुपैया ( ४०५.८८ प्रतिशत) बढि रहेको पाइयो ।

III. समयतालिकाको निर्माणमा सामूदायिक विद्यालयमा प्र.अ. र विषय शिक्षकहरु मात्र मिलेर निर्माण गर्ने, विद्यालय विहान १० बजे खुल्ने र बेलुका ४:१० मा छुट्टि हुने गरेको पाइयो भने सस्थागत विद्यालयमा प्र.अ., विषय शिक्षक र लगानिकर्ताहरु मिलेर लोड सेडिङ तालिकासँग कम्प्युटर कक्षाको मिलान गरी निर्माण गर्ने, विद्यालय विहान ९:३० मा खुल्ने र बेलुका ३:४० मा छुट्टि हुने गरेको पाइयो । दुबै विद्यालयमा १ दिनमा ८ वटा विषयहरु पढाई हुने गरेको र प्रत्येक घण्टीको अवधि ४० मिनेट रहेको पाइयो ।

IV. दुबै विद्यालयमा शैक्षिक क्यालेण्डर निर्माण गर्दा प्र.अ., शिक्षक शिक्षिका, व्यवस्थापन समिति र विद्यालय प्रशासन बिचको संयुक्त छलफल र सहमति अनुसार निर्माण गर्ने गरेको, सामूदायिक विद्यालयमा १ बर्षभरीमा २३७ दिन विद्यालय खुल्ने, २०६ दिन पढाई हुने, ३१ दिन परिक्षा हुने र १२८ दिन विद्यालय विदा हुने गरेको पाईयो भने सस्थागत विद्यालय २८३ दिन खुल्ने, २३० दिन पढाई हुने, ५३ दिन परिक्षा हुने र ८२ दिन विदा हुने गरेको पाईयो, जसअनुसार सामूदायिक विद्यालय भन्दा सस्थागत विद्यालय बर्षभरीमा ४६ दिन बढि खुल्ने, २४ दिन बढि पढाई हुने, र परिक्षाको समय २२ दिन बढि हुने, बार्षिक विद्यालय विदा पनि ४६ दिन कम हुने पाईयो ।

V. भैतिक पूर्वाधारको व्यवस्थापन अन्तर्गत सामूदायिक विद्यालयको भवन, कक्षाकोठाको आकार, कक्षाकोठामा घाम हावाको ओहोर दोहोर, डेस्क बेन्चको ब्यवस्था, पिउने पानिको व्यवस्था, खेलमैदान, शौचालय र कालोपाटिको ब्यवस्था सबै प्रयाप्त र उचित रहेको तर पुस्तकालयको कोठा सानो भएको, प्रयाप्त पाठ्यपुस्तकहरु नभएको र बसेर पढ्नको लागि प्रयाप्त स्थान नरहेको पाइयो भने सस्थागत विद्यालयमा आवश्यक डेस्क बेन्च, पिउनेपानि, शौचालय, सेतोपाटि, पुस्तकालय र भवन सबै सारै उत्कृष्ट रुपमा व्यवस्थापन गरेको पाइयो । अझ पुस्तकालय र कम्प्यूटर ल्यावको व्यवस्था नमुनागत रुपमा उत्कृष्ठ पाइयो तर खेलमैदान विद्यालयको आफ्नो व्यक्तिगत नभएकोले ठूलो प्रकृतिको खेल खेल्न टाढा जानुपर्ने अवस्था पाइयो । सामूदायिक विद्यालयले पूस्तकालयको भवन र पुस्तकहरुको समस्यालाई व्यवस्थापन गर्न स्थानिय निकाय, अभिभावक र स्थानिय बासिन्दाबाट सहयोग स्वरुप आवश्यक रकम जोह गरिरहेको र सस्थागत विद्यालयले खेलमैदानको लागि नजिकैको जग्गालाई भाडामा लिई सम्माउने कार्य गरिरहेको जानकारी पाइयो ।

VI. सामूदायिक विद्यालयमा शिक्षक छनोट गर्दा रिक्त रहेको पदको लागि जि.सि.का. बाट अनुमति लिई दरखास्त आव्हान गर्न विद्यालयमा विद्यालय निरिक्षक वा स्रोत व्यक्ति को सहभागितामा एउटा शिक्षक छनोट समीतिको गठन गरी त्यही छनोट समीति मार्फत दरखास्त दिएका सबै ब्यक्तिहरुलाई लिखित मौखिक र कक्षा शिक्षण परिक्षा लिई प्राप्त गरेको प्राप्तांकको आधारमा सबै भन्दा बढि अंक प्राप्त गर्नेलाई छनोट गर्ने गरेको र सस्थागत विद्यालयमा पदपूर्ति गर्दा आवश्यक पद र विशिष्टिकरण प्रष्ट पारी शैक्षिक सत्रको सुरुमा दरखास्त आव्हान गरी सानो सूचि अर्न्तगत परेका उमेदवारलाई मात्र बोलाई प्रयोगात्मक शिक्षण गर्न लगाई त्यसको आधारमा उत्कृष्ट शिक्षण गर्ने उमेदवारलाई छनोट गर्ने गरिएको पाइयो भने सामूदायिक विद्यालयमा शिक्षक छनोट गर्दा राजनैतिक दवाव, जातिगत बाहुल्यताको दवाब सहनुपर्ने समस्या विद्यमान रहेको र सस्थागत विद्यालयमा नातावाद र कृपावादको बढि मात्रामा दवाब रहेको पाइयो । शिक्षकको भारलाई हेर्दा एक हप्तामा सामूदायिक विद्यालयका शिक्षकहरुले औसतमा ३८.८३ घण्टी पढाउने गरेको र सस्थागत विद्यालयका शिक्षकहरुले ४१.४४ घण्टी पढाउने गरेको पाइयो ।

VII. विद्यार्थी व्यवस्थापनलाई हेर्दा सामूदायिक विद्यालयको कक्षा ८ मा २ वटा र सस्थागत विद्यालयको कक्षा ८ मा ३ वटा सेक्सनमा पठनपाठन सूचारु रहेकोहुनाले दूबै विद्यालयको सेक्सन ए लाई मात्र आधार लिई गरिएको यस अध्ययनमा विद्यालय सर्वेक्षण गर्दाको दिन सामूदायिक विद्यालयमा ६० जना भर्ना संख्यामा ४७ जना (७८.३३ प्रतिशत) र सस्थागत विद्यालयमा ५० जना भर्ना संख्यामा ४७ जना (९४ प्रतिशत) विद्यार्थिहरुको मात्र उपस्थिति रहेको पाइयो । अर्थात सस्थागतको तुलनामा सामुदायिक विद्यालयमा विद्यार्थी भर्नाका आधारमा विद्यार्थी उपस्थिती १५.६७ प्रतिशत कम रहेको पाइयो ।

VIII. सस्थागत विद्यालयका विद्यार्थीहरुका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरु कक्षाकोठा क्रियाकलापमा कम सक्रिय रहेको, कम अनुसासित रहेको, पढाई प्रति अरुचि देखाउने गरेको, दुबै विद्यालयमा साना विद्यार्थीहरुलाई अगाडि बस्ने व्यवस्था रहेको, सस्थागत विद्यालयको कम्प्युटर कक्षामा गोलो प्रकृतिको बसाईको व्यवस्था रहेको, संस्थागत विद्यालयका शिक्षकहरुबाट विद्यार्थीहरु डराउन गरेको र सामूदायिक विद्यालयका शिक्षकहरुले जान्ने विद्यार्थीहरुलाई मात्र बढि ध्यान दिने गरेको पाइयो ।

IX. सामूदायिक विद्यालयमा प्राथना, पिटि, कविता, गित, मुक्तक, निवन्ध, चित्रकला, हाजिरीजवाफ, अन्तर विद्यालय भलिवल, दौड (१००मी.,२०० मी., ४०० मी. छात्र र छात्रा), अन्तर विद्यालय वक्तृत्वकला र अन्तर विद्यालय हाजिरी जवाफ प्रतियोगिता जस्ता अतिरिक्त क्रियाकलापहरु संचालन हुने गरेको पाइयो भने संस्थागत विद्यालयमा प्राथना, पिटी, अक्षर राम्रो बनायने प्रतियोगिता, अन्तर विद्यालय बास्केटबल प्रतियोगिता, अन्तर विद्यालय हाजिरीजवाफ, साङ्गितिक, नाच, चित्रकला, नक्सा बनाउने, अन्तर विद्यालय भलिवल, खो–खो, कविता, हिज्जे, इमेल–इन्टरनेट र कम्प्युटर खेल जस्ता अतिरिक्त क्रियाकलापहरु संचालन गर्ने गरेको पाइयो जसमा दुबै विद्यालयले अतिरिक्त क्रियाकलापमा उत्कृष्ट विद्यार्थीहरुलाइ टिसर्ट र कट्टु जस्ता खेलकुदका ड्रेसहरु पुरष्कारको व्यवस्था गरेको पाइयो । खेलसामग्री महंगो हुनाले सफलरुपमा नियमसंगत अतिरिक्त क्रियाकलाप संचालन गर्न नसकिने समस्या सामूदायिक विद्यालयमा रहेको र खेलमैदानको अभावका कारण सस्थागत विद्यालयमा अतिरिक्त क्रियाकलापको सफल सञ्चालनमा समस्या रहेको पाइयो ।

X. कक्षा क्रियाकलापमा सामुदायिक विद्यालयका प्राय शिक्षकहरु घण्टी लागेको औसत ५ मिनेट पछि मात्र कक्षाकोठामा जाने गरेको पाइयो भने सस्थागत विद्यालयमा भने शिक्षकहरु ठिक समयमा पुग्ने गरेको पाइयो । अर्थात कक्षा क्रियाकलापमा सामूदायिक विद्यालयका शिक्षकहरुको तुलनामा संस्थागत विद्यालयका शिक्षकहरुले ४० मिनेटको समय पूर्ण रुपमा सदुपयोग गर्ने गरेको पाईयो ।

XI. अंग्रेजी विषयको शिक्षणमा आदर्शवादी दार्शनिक सुकरातले भने जस्तै प्रश्नोत्तर विधिको प्रयोग दुबै विद्यालयमा भएको, नेपाली विषयको शिक्षणमा सामुदायिक विद्यालयले आदर्शवादी

शिक्षणविधिको छलफल विधि र प्रश्नोत्तर विधिको कार्यान्वयन निकै सबल रुपमा गरेको र संस्थागत विद्यालयले आदर्शवादको प्रश्नोत्तर विधिमात्र प्रयोग गरेको, अनिवार्य गणित विषयको शिक्षणमा सामुदायिक र संस्थागत दुबै विद्यालयले प्रयोजनवाद अन्तर्गत विद्यार्थीहरुको रुचिका आधारमा क्रियाकलापद्वारा सिकाई *(Learning by doing)* र स्व : क्रियाकलापमुखी विधि, यथार्थवादको प्रयोगात्मक र प्रदर्शन विधि र आदर्शवादको प्रश्नोत्तर विधि प्रयोगमा ल्याएको, विज्ञान विषयको शिषणमा सामुदायिक विद्यालयका विषयशिक्षकले यथार्थवादी प्रयोगात्मक विधिलाई मात्र जोड दिएको र संस्थागत विद्यालयका विषय शिक्षकले यथार्थवादीको प्रदर्शन विधि र आदर्शवादको प्रश्नोत्तर विधिलाई जोड दिएको, सामाजिक विषयको शिक्षणमा सामुदायिक विद्यालयको शिक्षिकाले यथार्थवादको प्रदर्शन विधि र प्रयोगात्मक विधि, आदर्शवादको प्रश्नोत्तर विधि र छलफल विधि प्रयोगमा ल्याएको र संस्थागत विद्यालयको शिक्षकले यथार्थवादको प्रदर्शन विधि र आदर्शवादको छलफल विधिलाई मात्र प्रयोगमा ल्याएको, जनसङ्ख्या र वातावरण शिक्षा विषयको शिक्षणमा सामुदायिक विद्यालयको शिक्षण क्रियाकलाप वालमैत्री नरहेको, विद्यार्थीहरुको रुचि र चाहनालाई ख्याल नगरी एकोहोरो शिक्षण गरेको र संस्थागत विद्यालयको शिक्षणमा आदर्शवादी प्रश्नोत्तर विधिको धारणालाई कार्यान्वयनमा ल्याएको, पूर्बब्यावसायिक शिक्षा विषयको शिक्षणमा सामुदायिक विद्यालयले वर्णनात्मक विधि र संस्थागत विद्यालयले प्रश्नोत्तर र प्रदर्शन विधिलाई जोड दिएको, स्वास्थ्य तथा शारीरिक शिक्षा विषयको शिक्षणमा सामुदायिक विद्यालयले आदर्शवादको  प्रश्नोत्तर विधि र यथार्थवादको प्रदर्शन विधिलाई कार्यान्वयनमा ल्याएको र संस्थागत विद्यालयले आदर्शवादको छलफल विधि, प्रश्नोत्तर विधि र यथार्थवादको प्रदर्शन विधिलाई कार्यान्वयनका ल्याएको, नैतिक तथा नागरिक शिक्षा विषयको शिक्षणमा सामुदायिक विद्यालयले आदर्शवादी शिक्षण विधि अन्तर्गतको छलफल विधि प्रयोग गरी छलफल गरिएको र कम्प्युटर साईन्स विषयको शिक्षणमा संस्थागत विद्यालयमा यथार्थवादको प्रयोगात्मक, प्रदर्शन विधि र अवलोकन विधि, प्रगतिवादको क्रियाकलापद्वारा सिकाइ विधि र अदर्शवादको प्रश्नोत्तर विधि प्रयोग गरेको पाईयो ।

XII. पूर्वपाठको पुनरावलोकन दुबै विद्यालयका शिक्षकहरुले गर्ने गरेको, संस्थागत विद्यालयको तुलनामा सामूदायिक विद्यालयको कक्षाकोठामा हल्ला हुने गरेको, सामूदायिक विद्यालयका विज्ञान, नागरिक र पूर्बब्यावसायिक विषयका एउटा शिक्षक वाहेक सामुदायिक र संस्थागतको कक्षा ८ मा पढाउने १४ जना सबै शिक्षकहरुले कक्षा क्रियाकलापमा पृष्ठपोषण प्रदान गर्ने गरेको, कक्षाको अन्तमा गृहकार्य दिने कार्य दुबै विद्यालयका शिक्षकहरुले दिनेगरेको तर गृहकार्य परिक्षण भने सामूदायिक सबै शिक्षकहरुले नगर्ने गरेको, संस्थागत विद्यालयमा मात्र पढाईहुने कम्प्युटर कक्षा निकै आकर्षक, रुचिवर्दक र प्रयोगात्मक प्रकृतिको रहेको, सामूदायिक विद्यालयको तुलनामा सस्थागत विद्यालयको शिक्षण विधि बढि वालमैत्रि रहेको, बढि ब्यावहारिक, विकेन्द्रित, प्रयोगात्मक  प्रकृतिको र शैक्षिक सामग्रीको प्रयोग गरिएको पाइयो ।

XIII. विद्यार्थीहरु माझ प्रश्न सोधी मूल्याङ्कन गर्ने क्रममा सामुदायिक विद्यालयका शिक्षकहरुले विद्यार्थीहरुमाझ प्रश्न सोध्ने, एकछिन स्तब्ध रहने, उत्तरदाता तोक्ने, उत्तर ध्यान दिएर सुन्ने र मूल्याङ्कन गर्ने विधि अर्थात *APPPLE approach* लाई ध्यान दिईएको पाइयो ।

XIV. सामूदायिक विद्यालयमा कक्षा क्रियाकलापको छड्के अनुगमन कसैबाट पनि गरिएको पाइएन भने सस्थागत विद्यालयका प्रमुखले पढाई भईरहेको समयमा विद्यालयको वातावरणलाई ख्याल गरेर विद्यालयको ३ वटै भवनमा रहेको कक्षा कोठाको वरिपरि दिनमा ४ पटक सम्म घुम्ने गरेको पाइयो ।

XV. गतबर्ष कक्षा ८ को तोकिएको कोर्ष दुबै विद्यालयमा पूर्ण रुपमा अध्यापन गराएर सकिएको भन्ने प्रतिकृयाहरु पाइयो ।

XVI. सामूदायिक विद्यालयमा कक्षा ८ को परिक्षा प्रणाली ३ प्रकारको हुने गरेको पाइयो, जसमा प्रथम त्रैमासिक १.५ घण्टाको भाद्र महिनामा, दोस्रो त्रैमासिक २ घण्टाको पौष महिनामा र अन्तिम जिल्ला स्तरिय परिक्षा ३ घण्टाको फागुन को अन्तमा सञ्चालन हुने गरेको र सस्थागतमा पहिलो टर्मको परिक्षा १ घण्टाको असार महिनामा , दोस्रो टर्म १ घण्टाको भाद्रमा, तेस्रो टर्म १ घण्टा ३० मिनेटको पुसमा, चौथो टर्म २ घण्टाको फागुनको सुरुमा र अन्तिम जिल्ला स्तरिय परिक्षा ३ घण्टाको फागुनको अन्तमा हुने गरेको, संस्थागत विद्यालयमा पढाईहुने २ वटा ऐच्छिक विषयहरु पाठ्यक्रममा उल्लेख नभएको भएकाले ति २ ऐच्छिक गणित र कम्प्युटर साईन्स विषयको परीक्षा जिल्ला स्तरीय रुपमा नभएर विद्यालय आफैले लिने गरेको र जिल्ला स्तरीय परिक्षा बाहेक अन्य परिक्षाको नतिजा सामूदायिकले परिक्षा सकिएको २० दिन पछि र सस्थागत ले परिक्षा सकिएको १५ दिन पछि प्रकासित गर्ने गरेको पाइयो ।

XVII. प्रयोगात्मक परिक्षाको कुरा गर्नपर्दा सामूदायिक विद्यालयमा अंग्रजी, विज्ञान, गणित र सामाजिक विषयमा सामान्य रुपमा कहिले काँही हुने गरेको पाइएको छ भने सस्थागत विद्यालयमा सामाजिक, गणीत, लेखा, स्वास्थ्य, अंग्रजी, विज्ञान, कम्प्युटर र शारिरिक जस्तो विषयको टर्मिनल परिक्षामा प्रयोगात्मक परिक्षा हुने गरेको पाइयो ।

## ५.२. निष्कर्ष

बाँके जिल्ला स्थित श्री त्रिभुवन उच्च माध्यामिक विद्यालय स्रोत केन्द्र अन्तर्गत पर्ने सामुदायिक विद्यालय श्री सगरमाथा ज्ञानपुञ्ज उच्च माध्यामिक विद्यालय र संस्थागत विद्यालय श्री दिपज्वति विद्याश्रम (मा.वि.) लाई नमुनाको रुपमा लिई सामुदायिक विद्यालय र संस्थागत विद्यालय बिच कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनबारे गरिएको तुलनात्मक अध्ययनबाट प्राप्त निष्कर्षलाई समानता र असमानताका आधारमा यसरी हेर्न सकिन्छ ।

